वर्ष : १४, अंक : ९, काठमाडौं, २०७५ असार १ गते शुक्रबार 15 June 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# राजपालाई पनि सरकारमा जान हतारो !

## प्रदेश २ को समीकरण हेरफेर हुने सम्भावना

**मधेशवाणी डेस्क**

काठमाडौं । संघीय समाजवादी फोरम नेपाल सरकारमा सहभागी भइसके पछि राष्ट्रिय जनता पार्टी नेपाल पनि सरकारमा आजै भोली जान हतारमा देखिएको छ । यद्यपी उसको सहभागिताको विषयमा भने अझै टुङ्गो लागेको छैन । सरकारलाई विश्वासको मत दिएको राजपा नेपालका शीर्ष नेताहरू सरकारमा सहभागी हुने विषयमा प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी शर्मा ओली र अर्को अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग लगातार वार्ता र छलफलमा छन् ।

विश्वस्त सूत्रका अनुसार प्रधानमन्त्री ओलीले पछिल्लो समय राजपाका शीर्ष नेतासँग बाक्लो भेटघाट गरिरहेका छन् । यस्तै, प्रचण्ड पनि सरकारमा राजपाको सहभागिताका लागि 'ग्रिन सिग्नल' दिएका छन् । ओली र प्रचण्ड सरकारलाई गैरकांग्रेसी सत्तामा रूपान्तरण गर्ने उद्देश्यका साथ गृहकार्यमा लागेका हुन् ।

यदि सरकारमा राजपा पनि सहभागि भयो भने वर्तमान सरकारलाई गैरकांग्रेसी गराउने उद्देश्य ओलीको पूरा हुनेछ । किनभने संसदमा रहेका राष्ट्रिय मान्यता प्राप्त पाँच दलहरू एमाले र माओवादी केन्द्रबीच एकीकरण भएको छ भने फोरम यसअघि नै सरकारमा सहभागी भइसकेको छ । अब यदि राजपा पनि सरकारमा सहभागी हुने हो भने नेपाली कांग्रेस मात्र सत्ता बाहिर रहने छ । अर्थात संसदमा रहेका राष्ट्रिय दलहरूमध्ये कांग्रेस बाहेक सबै दल सरकारमा रहनेछ ।

मधेशी दलसँग निकट रहँदै आएका नेकपाका अध्यक्ष प्रचण्डले पनि राजपाका अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर, नेताहरू राजेन्द्र महतो र शरत्सिंह भण्डारीसँग सम्पर्कमा छन् । सांसद रेशमलाल चौधरीलाई शपथको अवसर नदिनु र संविधान संशोधनको दिशा सरकारको स्पष्ट धारणा नआएकै कारण राजपाको सरकारमा सहभागिताको ढिलाइ भइरहेको छ ।

त्यसैले यस्ता विषयको सहमतिको साँचो सरकारको हातमा भएकाले सांसद चौधरीको रिहाइ र संविधान संशोधनको सयमसीमा किटान हुनैपर्ने राजपाका नेताहरूको भनाइ छ ।

फोरम नेपालले सरकारलाई विश्वासको मत दिएसँगै तीन महिनाअघि नै सरकारमा जाने निर्णय गरेको थियो । तर, दुवै पक्षबीच पटक-पटक छलफल भएपछि दुईबुँदे सम्झौता गरेर फोरम सरकारमा सहभागी भएको हो ।

राजपा नेपालले सत्तारूढ दलसँग कुरा गर्दा चौधरीको विषयलाई मुख्य कार्यसूची बनाएको छ । त्यसबाहेक आन्दोलनका क्रममा घाइते भएकाको उपचार, अङ्गभङ्ग भएकालाई भरपोषण, झुठा मुद्दा फिर्ता र सविधान संशोधन पनि उसको मुख्य मुद्दा हो । यद्यपी चौधरीको मुद्दा बाहेक राजपाले कुनै नयाँ शर्त पनि अघि सारेको छैन । उसले उठाएका सबै विषय पुरानै हो ।

**पार्टी भित्र विवाद**

राजपालाई सरकारमा ल्याउन पहल भइरहे पनि पार्टीले स्पष्ट भनाइ बाहिर ल्याएको छैन । पार्टीका नेताहरूका भनाइ हेर्दा उनीहरू आफै विभाजित छन् । राजपा सरकारमा जाने या नजाने भन्नेमा सो पार्टीभित्र दुई धार देखिएको छ । सत्ताको 'उपयोग' गर्नुपर्ने धारको नेतृत्व राजेन्द्र महतोले गरेका छन् भने अहिले सरकारमा जानै नहुने जिकीर गर्दै आएका छन् महेन्द्र राय यादवले । यादवलाई राजकिशोर यादव र अनिल झाजस्ता नेताले साथ दिएका छन् ।

महेन्द्र राय आफै पनि सत्ताको चरम लालची नेताका रूपमा चिनिदै आएका पात्र हुन् । यस्ता व्यक्तिले पार्टी सरकारमा जाने नीतिको किन विरोध गरे होलान् ?

सम्बद्ध स्रोतका अनुसार पार्टी सरकारमा जाँदा महेन्द्र रायको भागमा मन्त्रीको ओहदा पर्ने सम्भावना छैन । एक या दुईवटा मात्र कोटा मिल्ने भएकोले त्यसमा आफू नपर्ने पूर्वज्ञान यादवलाई छ । यसर्थ पार्टी सरकारमा जाँदा मधेश आन्दोलन नै बदनाम हुनसक्ने तर्क गर्दै यादवले विरोध जनाउँदै आएका हुन् । आफूले नपाउने भएपछि राजेन्द्र महतोलाई किन दिने भन्ने सोच यादवको छ । उनकै कारण सो दलभित्र सरकारमा जान हुने र नहुने विवाद उल्झिँदै आएको छ ।

तर, राजेन्द्र महतोले गत चुनावदेखि नै ओलीसँग सम्बन्ध सुधार्दै हालसम्म निकै मधुर तुल्याइसकेका छन् । विरोध गरेर भन्दा समर्थनबाटै 'राजनीतिक उपलब्धि' हासिल हुने ठम्याइ उनको छ । महतोको यस लचकदार कदमले प्रधानमन्त्री ओलीलाई पनि निकै लाभ पुग्ने देखिन्छ । तसर्थ, निकै समय कुरेर भए पनि ओली उपेन्द्रको फोरमसँगै राजेन्द्रको राजपालाई पनि सरकारमा ल्याउन चाहेका छन् ।



नेकपा अध्यक्ष केपी शर्मा ओली



राजपा संयोजक महन्थ ठाकुर

**मधेशको मुद्दा**

संविधान संशोधन फोरम र राजपाको संयुक्त मुद्दा हो । दुवै दलले यसैलाई आधार बनाएर ६ महिनासम्मको लामो तथा कठोर आन्दोलन पनि गरे भने यो मुद्दालाई थप संस्थागत गर्न संघीय संसद र प्रदेशसभाको निर्वाचनमा पनि गए । यहाँसम्म दुबैको साथ र सहकार्य रहेको छ । साथै प्रदेश २ मा पनि संयुक्त रूपमा सरकार चलाइरहेका छन् । तर मुख्य मुद्दामा दुवै दलबीच समान धारणा नबन्नु र यसका लागि संयुक्त रूपमा दबाब सिर्जना नगरी मात्र सत्ताका लागि बार्गेनिङ गर्नु निश्चय पनि मधेश आन्दोलनको मर्म र हित विपरीत छ ।

सरकारमा जाने उद्देश्य राखेर नै राजपा र फोरमले ओलीलाई संसदमा विश्वासको मत दिएको थियो ।

ओलीले दुवैको विश्वास लिएपछि अब उनको ध्येय भनेको आफ्नो सरकारलाई अधिकभन्दा अधिक शक्तिशाली बनाउनु नै हो । ओलीसँग फोरमको साथ त छदै छ, राजपा पनि सरकारमा गएपछि एक्लो काँग्रेसमात्र विपक्षमा रहन्छ ।

अर्कोतर्फ सत्तारूढ नेकपाको आगामी लक्ष्य प्रदेश नम्बर २ मा फोरम-राजपाको गठबन्धन भत्काएर सरकार बनाउने पनि रहेको छ । देशभरका ६ वटै प्रदेशमा नेकपाको सरकार रहेको छ । प्रदेश नम्बर २ मा संघीय समाजवादी फोरमले राष्ट्रिय जनता पार्टीको सहयोगमा गठबन्धन सरकारको नेतृत्व गरिरहेको छ । फोरमका नेता तथा प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतलाई विवादित बनाउने काम तीव्रगतिमा भइरहेको छ । पछिल्लो समय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणका क्रममा मोदीको समक्ष आन्दोलन जारी रहेको अभिव्यक्ति दिलाएर लालबाबु राउतलाई विवादमा ल्याउने काम भयो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मुख्यमन्त्री राउतले गलत सन्देश दिएको बताएर असन्तुष्टि सार्वजनिक गरिसकेका छन् । अर्कोतर्फ फोरमले नेकपासँग संघीय सरकारमा जाने गरी दुईबुँदे सम्झौता गरेको छ । संघीय सरकारमा फोरमलाई ठाउँ दिएपछि नेकपाले मधेशमा आफूले सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गर्नु स्वाभाविक नै छ ।

राष्ट्रिय जनता पार्टीका केही नेताहरूले प्रदेश नम्बर २ मा सरकार बनाउने अनि संघीय सरकारमा नेकपासँग सरकारमा नजाने पार्टीको नीतिलाई गलत मानिरहेका छन् । तर यस विषयमा राजपाका नेताहरूमा मतैक्यता छैन । अध्यक्षमण्डलका अध्यक्षहरूको सामूहिक निर्णय सबै विषयमा लागू गरेर समस्या उत्पन्न गराएका कतिपय राजपाका नेताहरूको बुझाइ छ । अध्यक्षमण्डलमा ६ जना अध्यक्ष छन् । संयोजक महन्थ ठाकुरलाई बनाएपनि उनलाई स्वतन्त्र विवेकको प्रयोग गर्न खोजेको देखिँदैन । हालै प्रधानमन्त्री ओलीले अध्यक्ष मण्डलका नेताहरूसँगको भेटमा महन्थ ठाकुरलाई सभामुख प्रस्ताव गरेका थिए । तर राजपाका नेताहरूले निर्णय लिन ढिला गरे पछि फोरमले नेकपासँग सम्झौता गरी सरकारमा जाने बाटो सुनिश्चित गरेको छ ।

फोरम सरकारमा गएपछि राजपाका नेताहरूमा निराशा र हतास देखिन्छ । र उनीरू कम्तीमा प्रदेश २ मा फोरमसँगको सहकार्य नटुटोस् भन्ने चाहन्छन् ।

विकसित राजनीतिक घटनाक्रमअनुसार प्रदेश २ मा फोरम-राजपा गठबन्धन टुट्छ अथवा राजपा पनि केन्द्रीय सरकारमा जान्छ । यी दुई विकल्प भएन भने फोरम पनि सरकारबाट बाहिरिन्छ । नेकपालाई सरकार चलाउनका लागि चाहिने आवश्यक बहुमत छँदैछ । अर्कोतर्फ संविधान संशोधनका लागि चाहिने मतदान फोरम र राजपाले गर्नेछ । यस्तो भएमा प्रदेश नम्बर २ मा नेकपाको नेतृत्वमा फोरम-राजपाको गठबन्धन सरकार बन्न सक्छ ।

## राजपाको काँधमा ठूलो जिम्मेवारी : महतो



झापा । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले राजपाको काँधमा अहिले ठूलो जिम्मेवारी आएको बताएका छन् । सोमबार विर्तामोडस्थित मारवाडी सेवा समितिमा राजपा झापाले आयोजना गरेको अगुवा नेता कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष महतोले यस्तो बताएका हुन् । उनले आफूहरूको आन्दोलनकारी सहयात्री संघीय समाजवादी फोरम नेपाल पनि आफ्ना पूरानै घर कम्युनिष्ट पार्टीमा विलय हुन लागेको समाचारहरू आइरहेकोले शोषित, पीडित र उपेक्षित जनताहरूको अधिकारका लागि राजपामाथि ठूलो जिम्मेवारी आएको धारणा राखेका छन् । उनले आफूहरूको मुख्य शत्रु खसवादी पार्टी कांग्रेस र कम्युनिष्ट रहेको जिकिर गर्दै आफ्ना आन्दोलनकारी सहकर्मी पार्टी पनि अब आन्दोलन छोडेर जाँदै गरेको अवस्थामा राजपाले नै त्यो आन्दोलनको अभिभारा बोक्नुपर्ने बताए । विगतमा मधेशको नाममा ठूलाठूला भाषण गर्ने फोरम लोकतान्त्रिक पनि जहाँबाट आएका थिए त्यहीं गए र फोरम नेपाल पनि आफ्नो मातृ पार्टीमा विलिन हुन लागेको उनले बताए । मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम लगायत हिमाल पहाडका उत्पीडित समुदायको अधिकारका लागि राजपाले अबको दिनमा आफ्नो सशक्त प्रस्तुती देखाउनुपर्ने आवश्यकता रहेको महतोले जोड दिए ।

उनले आफ्ना नेता कार्यकर्ताहरूलाई पार्टीलाई सशक्त र बलियो बनाउन प्रभावकारी भूमिका निर्वाह गर्न आग्रहसमेत गरेका छन् । अब छिट्टै नै महाधिवेशन गरी पार्टीका संगठनहरूलाई एकत्रित गर्ने उनले बताए । चुनावका कारण पार्टी गठनको एक वर्षभित्र महाधिवेशन गर्न नसकिएको बताउँदै उनले महाधिवेशनका लागि निर्वाचन आयोगसँग छ महिनाको म्याद लिएर सोही अवधिभित्र महाधिवेशन गरिने जानकारी दिए । उनले आयोगले असारमसान्तभित्रै महाधिवेशन गर्न दिएको निर्देशन पूरा हुन नसक्ने बताए । संवैधानिक व्यवस्थाअनुसार छ महिनाको म्याद लिएर महाधिवेशन गर्न सकिने महतोले बताए ।

## प्रदेश ३ का सञ्चारकर्मीहरूको भेला



काठमाडौं । अधिकारका लागि पत्रकारिता भन्ने मूल नाराका साथ मधेशका सञ्चारकर्मीहरूको प्रादेशिक भेला काठमाडौंमा सम्पन्न भएको छ । प्रदेश ३ लाई आधार बनाई पत्रकारिता गर्दै आएका सञ्चारकर्मीहरूको भेला मधेश मिडिया हाउसमा सम्पन्न भएको हो । मधेशी पत्रकार समाज नेपालको आयोजना भएको प्रादेशिक भेलामा विभिन्न मिडियामा आबद्ध रही मधेशको मुद्दामा कलम चलाउँदै आएका सञ्चारकर्मी तथा कलाकर्मीहरूलाई सम्मनसमेत गरिएको छ । कार्यक्रमको प्रमुख अतिथि प्रधानमन्त्रीका प्रेस सल्लाहकार डा.कुन्दन अर्याल, अतिथिहरू मधेश मिडिया हाउसका अध्यक्ष डा.राजेश अहिराज, नेपाल पत्रकार महासंघका पूर्वसचिव धर्मेन्द्र कर्ण, प्रेस काउन्सिल नेपालका सदस्य गोविन्द चौलागाईं, अधिवक्ता सुनिलरञ्जन सिंह, सामुदायिक रेडियो प्रसारक संघका उपाध्यक्ष निमेष कर्ण, नेपाल पत्रकार महासंघका पूर्वकोषाध्यक्ष राजेश मिश्र लगायतलाई सम्मान गरिएको थियो । यस्तै, स्वेता सिन्हा, सिर्जन झा, प्रवीण चौधरी, कोमल भगत, रूबी रौनियार, प्रकाश तिमिल्सिना, दुर्गा फुँयाल, पुर्णेन्दु झा, विजय यादव निर्विज, सरिता साह, सेलिना कुँवरलगायतका सञ्चारकर्मी तथा कलाकर्मीहरूलाईसमेत सम्मान गरिएको थियो । पत्रकारिता तथा कलाकारिता क्षेत्रमार्फत मधेशको मुद्दामा सक्रिय सहभागिता जनाउँदै आएकाहरूको कार्यको मूल्यांकन गर्दै भेलामा सम्मान गरिएको समाजका अध्यक्ष मोहन सिंहले जनाएका छन् ।

**प्रदेश ३ मा समाजको समिति गठन**

संघीय संरचना अनुसार प्रदेश नं. ३ केन्द्रित पत्रकारिता गर्ने पत्रकारहरूको प्रादेशिक भेलाबाट मधेशी पत्रकार समाज नेपालको नयाँ कार्यसमिति चयन भएको छ । विजय यादवको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति गठन भएको हो । जसको उपाध्यक्षहरूमा निवेश कुमार, संदिप कुमार वैश्य र अर्चना झा, महासचिवमा सर्फूल्लाह अंसारी, सचिवद्वय विजेता चौधरी र सन्ध्या विडारी, कोषाध्यक्षमा आशा साह चयन भएका छन् । यसैगरी, सदस्यहरूमा सुष्मा कर्ण, लिलानाथ गौतम, संजय कुमार प्रजापति, कृष्णमुरारी मिश्र र जितेन्द्र देव रहेका छन् । यस्तै, सल्लाहकारद्वय मोल्लिम अंसारी र प्रकाश तिमिल्सिना रहेका छन् ।

## कम्युनिष्टसँग एकता हुँदैन : यादव



काठमाडौं । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाल कम्युनिष्ट कम्युनिष्टसँग एकताका लागि कम्युनिष्ट शब्द छाड्नुपर्ने शर्त राखेका छन् । उनले हाल कम्युनिष्टसँग एकताको कुनै सम्भावना नरहेकोसमेत प्रष्ट्याएका छन् । उनले कम्युनिष्टसँग एकता गर्ने कुरा हल्ला मात्र भएको बताए । संघीय प्रेस फोरम कास्कीले पोखरामा शनिबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उपप्रधान तथा स्वास्थ्यमन्त्री समेत रहेका फोरम अध्यक्ष यादवले समाजवादी शक्तिहरूसँग एकताका लागि प्रयास भइरहेकोसमेत खुलासा गरेका छन् । यादवले फोरम नेपाल अहिलेपनि जातीय पहिचानमा आधारित राज्य पुनर्संरचनाको पक्षमा रहेको बताए । उनले जातीय, क्षेत्रीय र वर्गिय समस्या समाधान नगरेसम्म राष्ट्रिय समस्या हल नहुने जिकिर गरे ।



**दुईबुँदे सहमतिले संशोधनको भावनालाई व्यक्त गर्दैन : – डम्बर खतिवडा**



**दुईबुँदे सहमति कार्यान्वयन हुन्छ : – इन्दु कुमारी शर्मा**

अन्तर्वार्ता पृष्ठ ३ मा

## छोराको हत्यारा पत्ता लगाइदिन सांसदको माग



सांसद मुक्ता यादव

काठमाडौं । केही महिना अगाडि सडक दुर्घटनामा मृत्यु भएको भनिएको नेपाली कांग्रेसकी राष्ट्रियसभा सदस्य मुक्ता यादवको छोरा रूपेशको हत्या भएको आरोप सांसद यादवले लगाएकी छन् । उनले आफ्ना छोरा रूपेशको हत्या गरी फालेको दाबी गर्दै आएकी छन् । घटना भएकै दिन प्रहरीले सडक दुर्घटनामा मृत्यु भएको रिपोर्ट बनाएको थियो । तर, रूपेशको शरिरमा धारिलो हतियारले प्रहार गरिएको र शरिरका विभिन्न भागमा काटिएको पाइएपछि दुर्घटनामा मृत्यु नभई हत्या भएको भन्दै सांसद यादवले सो घटनाको पुन: अनुसन्धानका लागि माग गरेकी थिइन् । 'जुन रूपमा मोटरसाइकलमा दुर्घटना भएको प्रहरीको अनुसन्धानले देखाई रहेको छ मलाई विश्वास लाग्दैन । म आफै घटनास्थलमा गएको थिएँ । मलाई लागि रहेको छ छोरोलाई कसैले हत्या गरी मारेको छ ।' उनले भनिन् । उनले थपिन्, 'जुन ठाउँमा मेरो छोरोको लाश भेटेको थियो त्यसको २० मिटर अगाडी छोरोको काटिएको हात भेटाएको छ । विपरित दिशाबाट कुनै सवारी साधनबाट ठक्कर लागेको छ भने लाश कहाँ झर्नु पर्ने हो ? अनुसन्धानको एउटा विषय हुन सक्छ ।' सो हत्याको पुन: अनुसन्धानका लागि धनुषा जिल्लाको प्रहरी उपरीक्षकको नेतृत्वमा एउटा टोलीसमेत गठन भएको उनले बताइन् ।

**संघीय बहस** संगीता रेग्मी



# मधेशमा वैकल्पिक शक्तिको खोजी

छुट्टा-छुट्टै दल हुँदा होस् वा एकीकरण भएपछि होस्, मधेशका राजनीतिक दलहरूको उद्देश्य मधेशको मुद्दा लिएर सत्ता प्राप्त गर्नु नै हो ।

राजनीतिक दल भनेको विचार, सिद्धान्त र वादमात्रै होइन, आन्दोलनको निरन्तरता समेत हो । नेपालमा केही राजनीतिक दलहरू विचार सिद्धान्तले स्थापित भए भने केही आन्दोलनको निरन्तरताले गर्दा राष्ट्रिय राजनीतिमा प्रभाव पार्न सक्ने शक्तिको रूपमा उदाए । बाम गठबन्धनको संयुक्त सरकार निर्माण गरी दुई तिहाई भन्दा बढी बहुमतको सरकारको नेतृत्व गरिरहेका केपी शर्मा ओलीले संघीय समाजवादी फोरमलाई पनि सरकारमा सहभागी गराएर आफू अझ बलियो बनेका छन् । मधेशको अर्को मुख्य दल राष्ट्रिय जनता पार्टीलाई पनि सरकारमा सहभागी गराउन पहल भइरहेको छ ।

नेपालकै राजनीतिक इतिहासमा सबभन्दा शक्तिशाली पार्टीको नेतृत्वमा सबभन्दा शक्तिशाली सरकारको निर्माण भएको छ । यो सरकारले चाहेमा संविधान संशोधनका लागि कुनै अप्ठेयारा छैनन् । त्यसमा पनि नेपाली कांग्रेसले संसद्को पहिलो बैठकमै संविधान संशोधनको लागि आफ्नो पार्टीले पूर्ण सहयोग गर्ने प्रतिबद्धता जाहेर गरिसकेको छ । सरकारसँग प्रचण्ड बहुमत हुँदाहुँदै पनि संविधान संशोधन गरेर मधेश र देशका सम्पूर्ण समस्याहरू सम्बोधन गर्ने तिर सरकारको पहल देखिएको छैन । यी र यस्ता क्रियाकलापहरूले गर्दा संशोधनका कुरा उठाउने, सरकारमा जाने र सरकारको भाषण मात्र आइरहने प्रवृत्तिले गर्दा मधेशको माग सम्बोधन हुन्छ भन्नेमा आशंका देखिन थालेको छ ।

**मधेशको मुड**

६/६ महिनासम्म लामो आन्दोलन गरेका मधेशका जनताले नाकाबन्दीबाट झन् ठूलो सास्ती व्योहोर्नुपर्‍यो । आन्दोलनका क्रममा सयौंको ज्यान गयो, हजारौं अंगभंग भए, अझपनि सयौं थुनामा छन् । त्यसका बाबजुद पनि मधेशका जनता रोजगारी, शिक्षा, स्वास्थ्य लगायत अन्य सुविधा आफ्नो गाउँठाउँसम्म आईपुग्छ भन्नेमा आशावादी छन् । देश संघीयतामा गएपछि सिंहदरबारको अधिकार गाउँगाउँमा आउँछ भन्ने सुनेका जनताले संघीय सरकारमाथि धेरै आशा र भरोसा गरेका छन् । तर, मधेशी जनताको लागि राजनीति गर्छौं भन्ने दलहरूकै सरकार भएको प्रदेश नम्बर २ को संघीय सरकारले जनताको आशा अनुरूप काम गरेको पाईदैन । भाषण र आश्वासन एकातिर, काम गराई अर्कोतिर हुँदा ती राजनीतिक दलहरू माथि मधेशी जनताको विश्वास कम हुँदै गएको पाइन्छ ।

**सम्भावित वैकल्पिक शक्ति**

नेपाली राजनीतिको मुख्य थलो भनेको मधेश नै हो । अहिले ठूला दलका रूपमा उदाएका नेपाल कम्युनिष्ट पाटी र कांग्रेसको उदय पनि मधेशबाट नै भएको थियो । धेरै जनसंख्या हुनु, भौगोलिक सुगमता, संगठन विस्तारमा सजिलो, अन्य थुप्रै विषयहरूमा सहजता जस्ता कारणहरूले गर्दा पनि हरेक राजनीतिक दलहरूले मधेशलाई आफ्नो राजनीतिको उर्वर भूमिको रूपमा प्रयोग गर्दै आए । विभिन्न मुद्दाहरू उठाई राजनीतिमा आफ्नो पहिचान बनाउन खप्पिस भईसकेका दलहरू हरेक समयमा आन्दोलनका लागि मधेशी जनतालाई प्रयोग गर्ने र अन्तिम अवस्थामा मधेशको मुद्दालाई सरकारसँग बेचेर आफू सत्तामा जाने गरेको यर्थात अब मधेशी जनतबाट लुक्न सक्दैन । छुट्टा-छुट्टै दल हुँदा होस् वा एकीकरण भएपछि होस्, मधेशका राजनीतिक दलहरूको उद्देश्य मधेशको मुद्दा लिएर सत्ता प्राप्त गर्नु नै हो । पटक पटक बेइमानी गरेका दलहरूलाई अब धेरै समय मधेशी जनताले कुर्नेवाला छैनन् । अब मधेशमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यक्ता महसुश हुन थालेको छ ।

बाँकी पृष्ठ २ मा



## सम्पादकीय



# बाढी रोक्न आजैबाट जुटौं

यस वर्षको मनसुन सुरू भएको छ। यसपटक नेपालमा जुन ८ देखि मनसुन सुरू भएको र उच्च जोखिम रहेकाले सबैलाई सचेत रहन जल तथा मौसम विज्ञान विभागले सयममै सतर्क रहन आग्रह गरेको छ। मनसुन सुरू भएसँगै बाढीपहिरोबाट ठूलो क्षति हुन सक्ने भएकाले त्यसको न्यूनीकरणका लागि सबै वर्ग र क्षेत्र सचेत रहनुपर्छ। सरकार र विभिन्न गैरसरकारी संस्थाले विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीको काम प्रभावकारी रूपमा अघि बढाउन नसक्दा मनसुनको समयमा विपद्ले भयावह रूप लिने गरेको छ। विपद्बाट बर्सेनि औसतमा ६ सय जनाको मृत्यु हुने गरेको गृह मन्त्रालयको तथ्यांक छ। प्रि-मनसुनकै समयमा बैशाख र जेठको तेस्रो सातासम्म विपद्बाट १ सय ७५ जनाको मृत्यु भइसकेको मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाअन्तर्गत राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले जानकारी दिएको छ। मनसुनको समयमा हुन सक्ने विपद् र त्यसले निम्त्याउने जोखिम न्यूनीकरणसम्बन्धी राज्य र गैरसरकारी संस्थाको प्रयास प्रभावकारी हुन सकेको छैन। विपद् जोखिम न्यूनीकरणमा कसैको चासो नगएकाले समस्या थपिँदै गएको र बर्सेनि मृत्यु हुनेको संख्या बढ्दै गएको छ। विकास प्रयास र विपद् जोखिम न्यूनीकरणबीच सन्तुलन कायम गरी अघि बढ्नुपर्ने जरूरी भइसकेको छ। मनसुनको समयमा राज्य र अन्य संस्थाले अपनाउनुपर्ने तयारी र व्यवस्थापन पक्ष कमजोर हँदा धेरै नागरिकले अकालमै मृत्युवरण गर्नुपरेको भयावह अवस्था छ।

गृह मन्त्रालयले एक वर्षअघि मात्रै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ जारी गरेको छ। तर पनि ऐनका प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको

**मधेशमा आगलागी, बाढी, पहिरो र खडेरी पर्दा राज्यले त्यसको उचित व्यवस्थापन गरेको पाइँदैन। यस्ता प्राकृतिक प्रकोपहरूलाई नियन्त्रण त गर्न सकिदैँन तर, त्यसबाट कमसेकम क्षति हुने उपायहरू अवश्य अपनाउन सकिन्छ।**

छैन। ऐन बने पनि कार्यान्वयन गर्ने नियमावली बनाउन नसक्दा प्रभावकारी काम हुन नसकेको हो। त्यसैले मनसुन सक्रिय भएसँगै मधेशका क्षेत्रमा बाढीपहिरोको जोखिम उच्च रहेकाले सोहीअनुसार सतर्कता अपनाउन जरूरी बनेको छ।

बर्सेनी मधेशीहरू बाढीबाट प्रभावित रहँदै आएको तथ्य कसैसँग लुकेको छैन। प्राकृतिक प्रकोपबाट जनतालाई सुरक्षित पार्नुपर्ने काम सरकारको हो।

बाढी पीडितलाई राहत मात्रै बाँडेर मात्र यो समस्याको उचित समाधान हुँदैन। यसका लागि ठोस दीर्घकालीन योजना सरकारले ल्याउनुपर्छ। जसबाट बाढीबाट धनजनको कमभन्दा कम क्षति हुन्छ। जनताको खेतबारी बढी सुरक्षित हुन सक्छ। यसले देशको उत्पादनमा ठोस योगदान दिन्छ।

मधेशमा आगलागी, बाढी, पहिरो र खडेरी पर्दा राज्यले त्यसको उचित व्यवस्थापन गरेको पाइँदैन। यस्ता प्राकृतिक प्रकोपहरूलाई नियन्त्रण त गर्न सकिदैँन तर, त्यसबाट कमसे कम क्षति हुने उपायहरू अवश्य अपनाउन सकिन्छ। राज्यको तर्फबाट त्यस्ता प्राकृतिक प्रकोपहरूबाट जोगाउन वा सचेत गराउन सचेतना कार्यक्रम ल्याउनु पर्छ। तर, राज्यले मत र करका लागि मात्र मधेशलाई प्रयोग गर्नु अब अनुचित हुनेछ।

प्रदेशहरूमा प्रदेश सरकार पनि बनिसकेको अवस्थामा बाढी पहिरोको समस्यालाई समयमै रोकथाम, नियन्त्रण र त्यसबाट हुन सक्ने भवितव्यका लागि सक्रियता अपनाउनुपर्छ। यदि अहिले नै सतर्कता अपनाइएन भने ठूलो मात्रामा धनजनको क्षति हुन जान्छ। गत वर्ष मधशेमा गएको बाढीको कारण क्षतिग्रस्त मधेशका जिल्लामा पुनर्निर्माणका लागि ७७ अर्ब रूपैयाँ चाहिन्छ। हामीले गत वर्ष भएको क्षतिलाई पुर्न सकेका छैनौ भने अब हुने क्षतिलाई रोक्न नसके पनि त्यसलाई न्यूनीकरण भने अवश्य गर्न सक्छौं। त्यसका लागि प्रदेश सरकार र केन्द्रीय सरकारको पहलकदमी जरूरी छ। प्रदेश सरकारले आजैबाट बाढी पहिरोबाट हुने सक्ने सम्भावित क्षतिलाईै न्यून गर्ने तर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ। प्राकृतिक प्रकोप वर्षेपिच्छे आउने गर्छन्। यो विषयमा प्रदेश र केन्द्र सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपतलाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो। समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउनु गम्भीर भूल हो। वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारण हो। चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो। नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईंमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ।

## साताको सात बात


संघीय लोकतान्त्रिक गणतन्त्रलाई असफल बनाउने दिशामा प्रधानमन्त्री केपी ओली अगाडि बढेका छन्। यसको विद्धमा कांग्रेसले आन्दोलन अगाडि बढाउनुपर्ने समय आउँदैछ। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**


केपी ओली नेतृत्वको सरकार अब पाँच वर्ष टिक्छ, विकास र समृद्धिका लागि देश र जनताको चाहना अनुसार काम गरेर अगाडि बढ्नेछौं। विकास र समृद्धिको बाटोमा हिंडेर समाजवादमा पुग्ने लक्ष्य हामीले लिएका छौँ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**


एकातिर गरिबी र अर्कोतिर चेतना तथा प्रविधिको अभावले बालबालिका श्रम गर्न बाध्य भएका छन्। नेपालमा बालश्रमको अनत्य गर्न मन्त्रालयले वि.सं. २०८२ सम्मका लागि बालश्रम निवारण गुरूयोजना तयार पारिसकेको छ। **गोकर्णराज विष्ट, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री**


विराटनगर विमानस्थललाई प्रादेशिक रूपमा विस्तार गरी छिमेकी देशमा हवाई उडान गरी छिमेकी देशका पर्यटकहरू यहाँ भित्र्याउँछौं। आगामी पाँच वर्षभित्र प्रदेश नम्बर १ मा पाँच लाख विदेशी पर्यटक भित्र्याउने मेरो लक्ष्य रहेको छ। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**


हामीले सिमित स्रोत र साधनका भरमा पनि यो प्रदेशको विकास र समृद्धि गर्ने अठोट लिएका छौँ। काम गर्ने प्रयास गरिरहेका छौँ। सिमिति स्रोत साधनलाई भरपुर प्रयोग गरेर उदाहरण प्रस्तुत गर्न चाहन्छौँ। **लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**


समाजवाद उन्मुख विकास र समृद्धिका लागि ग्रामिणस्तरबाटै जग बसाल्ने गरी आधार तयार पार्ने नीति तथा कार्यक्रम ल्याइएका छौं। **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, प्रदेश ४**


'जनताबाट सबैभन्दा बढी मत प्राप्त गरेर दुई तिहाई बहुमतका साथमा जसले सरकारको तेतृत्व गरिरहेको छ, उहाँलाई नै संघीयता सम्बन्धी व्यवस्था मन परेको छैन। **गगन थापा, नेता, नेपाली कांग्रेस**

# मधेश आन्दोलन सकिएकै हो ?

**विचार-विश्लेषण** भाग-१३



**उपेन्द्र झा**

> आन्दोलनको लीकबाट मधेशको सारा शक्ति बाहिर गएकोले आन्दोलन नेतृत्वविहीनताको अवस्था भोगि रहेको छ। अवसरवादीहरूको जमात मधेशलाई त्यागेर गई सकेको छ। यही मधेश राजनीतिको प्रतिकूलता हो। ०६३ सालको मधेश आन्दोलनको मर्मलाई आत्मसात गरि अगाडि बढ्ने मधेशका पार्टीहरू १२ वर्षको अन्तरालमा पुनश्च आन्दोलनको अभिभारा बोक्न असक्षम भई सकेको व्यवहारले देखाएको छ। आन्दोलनको मैदान खाली रहेको अवस्थामा यहाँ नवीन नेतृत्वको जन्म नभएसम्म आन्दोलन पनि यथास्थितिमा रह्ने कुरा स्पष्ट छ।

शक्तिशाली नेपाल कम्युनिष्ट पार्टीको सरकार नेपाली काँग्रेसबाहेक अन्य शक्तिलाई आफ्नो पक्षमा समेट्दै देशलाई आत्मनिर्भर बनाउन विकासको महाअभियानका लागि रथारोहण यात्रा शुरू गरि सकेको छ। अधिकार माँग्दै राज्यसत्ताको विरूद्ध उभिएको मधेश र त्यसलाई डोऱ्याउने राजनीतिक अगुवाहरू १२ वर्षको लगातार संघर्षबाट थकित भारि बिसाउन सरकार कै छत्रछायामा आश्रय लिन पुगेका छन्। राजनीतिक निर्णय गर्ने पहिलो हुने संसफोलाई राजपालाई डोऱ्याउने दायित्व पनि छ। संसफो कै पद चिन्ह छाम्दै राजपा पनि पछि पछि हिंड्ने संस्कार बोकेको देखियो। आफ्नो खुट्टामा उभिन सक्ने क्षमता नआई सकेको अवस्थामा बिचरा राजपा पनि के गरोस्। मधेशलाई नेतृत्व गर्ने सम्पूर्ण स्वामित्व संसफोसंग नै छ, यसलाई राजपाले पनि प्रमाणित गरि सकेको छ। संसफोबाट टाढा जान नसक्ने, मिल्न पनि नसक्ने, आफ्नो नेतृत्व क्षमता प्रदर्शित गर्न नसक्ने र संसफोको पछि लाग्ने राजपा वास्तवमा संसफोको भ्रातृ संगठन हो कि जस्तो लाग्न थाल्यो। अथवा राजपा नेतृत्वविहीन पार्टीको रूपमा विकसित भएको पनि लाग्छ।

विगतको निर्णय जस्तै संसफोले अहिले सरकारमा जाने निर्णय गरि सकेको छ। सरकारमा पनि पदासिन भएको छ। अब राजपाको पालो छ। विगतको व्यवहार अनुसार राजपा एक्लै हिंड्न सक्ने चरित्र बनाएको छैन। अर्थात् बोलीमा जस्तो यो पार्टीको क्रान्तिकारी धार स्पष्ट छैन। चर्को क्रान्तिकारी स्वरमा सरकारलाई धम्काउन भने संसफोको पछाडि राजपा कै स्थान छ। चुनावमा पनि यिनी पहिलो र दोश्रो देखिएका छन्। अर्थात् संसफोको अनुगामी पार्टीको रूपमा विकसित राजपा पनि सरकारमा जाने निर्णय गर्ला नै। शरणागत हुनुको विकल्प राजपाले दिनै सक्दैन। विगतमा फोरमसंग मिलेर संघर्षमा होमिएपनि खास राजपामा मधेशलाई नेतृत्व गर्ने आँट संचय भएको छैन। त्यसकारण सरकारमा जाने निर्णयमा नै बहुमत देखिएका छन्। चरित्र अनुसारको यो निर्णय विल्कुल स्वाभाविक हो। अहिले महाधिवेशन गराउने चुनाव आयोगले दिएको ठूलो चुनौती राजपाको अगाडि तेर्सिएको छ। त्यसकारण पनि सरकारमा जाने बाध्यता छ।

भिन्न भिन्न अवरोधक शक्तिहरूलाई आफ्नो समर्थनमा लिन अहिले लचक बनेको सरकारले रेशम चौधरीलाई शपथ ग्रहण गराएर राजपालाई विश्वासमा लिने कार्य भई रहेको छ। राजपाका नेताहरूले सरकारमा समावेश हुन संशोधन प्रस्तावलाई भऱ्याङ्ग बनाएका छन्। सरकार पनि संशोधन प्रस्तावमा लचक हुन्छ नै। संविधान अपरिवर्तनीय दस्तावेज त होईन। संशोधन त भई रहन्छ। तर विगतमा मधेशले माँगेको दुई प्रदेशको सीमा सम्बन्धि संशोधन सरकार कुनै शर्तमा मान्दैन। विगतमा एमालेले कौमा, फुलस्टप पनि संशोधन हुँदैन भन्ने अडानबाट सरकार लचक हुन्छ र कौमा, फुलस्टप समावेश हुने सम्भावना चाहिं छ। राजपाले खोलेर यो संशोधन भयो भने हामी सरकारमा जाने अथवा योबारे सरकारले ग्यारेन्टी गऱ्यो भने जाने कुरा भन्दैन। सरकार संशोधनको कुराप्रति लचक भयो भने हामी सरकारमा जान्छौं भन्छन्। यो राजनीतिक चालाकी जनतालाई भुक्याउनेबाहेक अरू केही होइन।

बरू संसफोले गरेको निर्णय मीठो लाग्यो। उसलाई सरकारमा जाने इच्छा भयो। जान ढिलो भएको अवस्थामा सरकारलाई नाकाबन्दीको धम्की दिएर सरकारमा गयो। संविधान संशोधन होस् कि नहोस् संसफोले सरकारमा जाने निर्णय गऱ्यो। संविधानलाई मानेर चुनावी राजनीतिमा होमिएको संसफो संघीय सरकारलाई समर्थन दिएर आई सकेपछि भागबण्डामा समावेश हुनु बिल्कुल अस्वाभाविक होइन। राज्य सुविधामा हिस्सा भेटेन भने नाकाबन्दी संघर्ष समेत गर्ने, उसको विचार प्रष्ट छ। तर राजपा ? मधेशको मुद्दा छाडेर चुनाव लड्ने फेरि सरकारलाई समर्थन दिएर संशोधन प्रस्तावको कुरा उठाएर विरोध गर्ने विल्कुल अस्वाभाविक लाग्छ। महाधिवेशनको तयारी, पार्टीभित्र एकल निर्णय गर्न नसक्ने राजनीतिक अवस्था, राजपाको एकल स्वरूप तयार नभएको चुनौती आदि राजपा विखरावका कारणहरू हुन्। सरकारमा सामेल भए अवरोधक शक्ति साम्य हुने यथार्थ पनि छ। त्यसकारण राजपा सरकारभन्दा बाहिर रहेमा कल्याण भने हुँदैन।

दुबै शक्ति सरकारमा गयो भने मधेशको मुद्दालाई शाब्दिक रूपमा अगाडि बढाउन मधेशमा अब कुनै शक्ति देखिंदैन। संविधानलाई मानेर यथास्थितिमा बस्न यी दुवै पार्टी तयार भई आत्मसमर्पण कै शैलीमा सरकारमा समावेश भएकोले आन्दोलनबाट नै आफ्नो हक सुनिश्चित गराउने विचार अब भने नेतृत्वविहीन हुन पुगेको छ। के सरकारले परिभाषा गरे जस्तै मधेशको आन्दोलनको औचित्य सकिएको हो ? मधेशको समस्या राज्यले समाधान गरि सकेको हो ? यी अनुत्तरित प्रश्नहरूको जवाफ कसले दिने ? के मधेशले वैकल्पिक शक्तिको खोजी गर्ने वा यथास्थितिमा गएका पार्टीलाई नै विश्वास गर्ने। कस्तो राजनीतिक परिस्थिति विकास हुन सक्दछ ? यी सब कुरा समीक्षाका विषय हुन्।

मधेश आन्दोलन, संविधान सभा, राज्य पुनर्संरचना आदि सबैबाट मधेशको स्वामित्व हटाएर एकलौटी यसको रसास्वादन गर्ने राज्यसत्ताले बलपूर्वकको शान्ति स्थापनालाई बैधानिक रूप दिएपनि असन्तुष्टताको धरातलमा यो सरकारको अस्तित्व ठडिएको छ। आत्मसमर्पणबाहेक अन्य बाटोमा रहेको मधेशलाई कुनै हालतमा नस्वीकार्ने सरकारको तीक्ष्ण आक्रामक मानसिकताले दुबै पार्टीलाई (संसफो र राजपा) आत्मसात गरेको अवस्थामा मधेश आन्दोलन सेलाउन सक्दैन। मधेशलाई हेर्ने सरकारको मानसिकता परिवर्तन भएको ठान्ने मधेशका राजनीतिक दलहरू भ्रमित भएका छन् वा उनी संघर्षको बाटो छोडेर यथास्थितिमा रमाउन चाहेका हुन्।

सरकारको आफ्नो दृष्टिकोण छ, मधेशको आफ्नो। मधेशको मुद्दा सम्बोधन भएको छैन भन्ने मान्यता राख्ने मधेश, पार्टीहरूले गरे जस्तै आत्मसमर्पणमा जाँदैन। परिस्थितिको प्रतिकूलता मधेशको सामुन्ने कडा चुनौतीको रूपमा खडा छ। नेपाल कम्युनिष्ट पार्टीको सबल सरकार अस्तित्वमा आएको छ। आन्दोलनको लीकबाट मधेशको सारा शक्ति बाहिर गएकोले आन्दोलन नेतृत्वविहीनताको अवस्था भोगि रहेको छ। अवसरवादीहरूको जमात मधेशलाई त्यागेर गई सकेको छ। यही मधेश राजनीतिको प्रतिकूलता हो। ०६३ सालको मधेश आन्दोलनको मर्मलाई आत्मसात गरि अगाडि बढ्ने मधेशका पार्टीहरू १२ वर्षको अन्तरालमा पुनश्च आन्दोलनको अभिभारा बोक्न असक्षम भई सकेको व्यवहारले देखाएको छ। आन्दोलनको मैदान खाली रहेको अवस्थामा यहाँ नवीन नेतृत्वको जन्म नभएसम्म आन्दोलन पनि यथास्थितिमा रह्ने कुरा स्पष्ट छ। पुनश्च संघर्षलाई संगठित पार्न केही समय लाग्ने भएकोले आन्दोलन सुसुप्तावस्थामा रह्ने निश्चित छ।

आफ्नो अस्तित्व स्वीकार गराउन विप्लव पनि संघर्ष थालेका छन्। प्रतिपक्षमा बस्ने नेपाली काँग्रेसले पराजयको असह्य पीडा भोगि रहेको छ। नेपाली काँग्रेसमा दोश्रो पुस्ताका नेता गगन थापा युवा नेतृत्वको विकासमा अथक परिश्रम गरि रहेका छन्। अर्थात् नेपाली काँग्रेस पनि संघर्षको थालनी गरेको छ। छिटफुट रहेको यी संघर्षहरूले सरकारलाई खासै प्रभाव नपार्ला तर देशमा देखिएका साना साना संघर्षहरूबीचको एकरूपता सरकारको लागि ठूलो चुनौती बन्न सक्ने अवस्था नआउला भन्न सकिन्न। असन्तुष्टताको जगमा सरकारले बलियो धरातल बनाएपनि विस्फोटले सबैकुरा तहस नहस हुने अवस्थालाई नकार्न मिल्दैन।

बलियो सरकारको निर्विरोध विकास योजना संचालन हुने अवस्थामा विकास भएन भने यो सरकारले कसैमाथि दोष लगाउने ठाउँ पनि छैन। चीन जस्तो बलियो सहयोगी हात पाएर झण्डै दुईतिहाईको सीमामा पुगेको सरकारलाई अन्यान्य विरोधी शक्तिहरू पनि समर्थन दिएकाले नेपाली जनताले यो सरकारको नतिजामुखी परिणाम हेर्न चाहेको छ। देशको सारा परिस्थितिलाई अनुकूल बनाएर हिंडेको यो सरकारप्रति आशावादी बनेका नेपाली जनता देश आत्मनिर्भर हुने मौका पाएकोमा खुशी छन्। तर राजनीतिक विश्लेषकहरूले यो सरकार सर्वसत्तावादको भासमा जाने खतरालाई पनि औंल्याएका छन्। विकासतिर केन्द्रित सरकारको ध्यानले राम्रो नतिजा दिनमा किञ्चित शंका छैन। तर अन्यान्य अनावश्यक क्षेत्रतिर अग्रसर भयो भने त्यो सरकारको लागि प्रत्युत्पादक हुन सक्दछ।

देशमा परनिर्भरताले आर्थिक क्षेत्रलाई त ध्वस्त पारेकै छ। राजनीतिक क्षेत्रलाई पनि पराश्रित बनाएको छ। भ्रष्टाचारमा लिप्त राज्यसत्ता प्रगतिको बाटो छाडेर देशलाई अधोगतितिर उन्मुख गराउन र देशमा द्वन्द्वको खेती गराउन माफिया उत्पादन केन्द्र बनेको छ। यही माफिया देशको हरेक क्षेत्रमा सक्रिय छन्। परिवर्तनको चाहना लिएर आउने प्रगतिशील शक्तिहरूलाई पनि माफिया बनाई छाड्ने राज्यसत्ताको रूढिवादी सोच प्रगतिको बाधक बनेको छ। स्थायी सरकारको दर्जामा आएको नेपाल कम्युनिष्ट पार्टीले देश विकास गर्ने राम्रो अवसर पाएकोमा यही माफियातन्त्रले यो सरकारलाई पनि बिगार्ने सम्भावना पनि छ। इच्छा प्रतिकूल सरकारको काम कारवाही आएमा द्वन्द्वको खेती गराएर सरकार ढाल्ने माफियातन्त्रको पौराणिक सोच हावी नहोला भन्न सकिन्न।

विगतका बाधा व्यवधानलाई पन्छाउँदै यहाँसम्म सकुशल पुगेर स्थाई सरकार बनाउन सफल नेपाल कम्युनिष्ट पार्टीले अब आन्तरिक संघर्षसंग जुझ्ने सम्भावना छ। अन्तर्संघर्षबाट पनि मुक्ति पाएर देशमा एउटा उदाहरणको रूपमा यो सरकार उपस्थित होस्। अन्तर्संघर्षले देशमा ठूलो द्वन्द्व ननिम्त्याओस् नेपाली जनताले यही चाहना राखेको छ।

janukjha24@gmail.com

## मधेशमा...

परम्परागत राजनीति र शास्त्रीय चिन्तनबाट मुलुकमा परिवर्तन सम्भव छैन भन्ने मान्यता सहित बाबुराम भट्टराईको नेतृत्वमा 'नयाँ शक्ति' र रविन्द्र मिश्रको नेतृत्वमा 'विवेकशील साझा पार्टी' गरी दुई नयाँ राजनीतिक दलहरू खुले। गत स्थानीय, प्रादेशिक र संघीय निर्वाचनमा 'राष्ट्रिय दल'को मान्यता पाउने महत्वकांक्षा पूरा गर्न नसके पनि वैकल्पिक दलको रूपमा उदाएको दल भएर यी दुवै दलहरूले धेरै थोरै प्रभाव नेपाली राजनीतिक वृत्तमा राखे र अहिलेसम्म पनि राखी नै रहेका छन् तर यी दलहरूले पनि मधेशलाई समेट्न सकेका छैनन्।

**वैकल्पिक शक्तिबारे के भन्छन् मधेशका अगुवाहरू :**

**जयप्रकाश गुप्ता**
संयोजक, तराई-मधेश राष्ट्रिय अभियान संघीय समाजवादी फोरम र राजपा नेपाल दुवै पार्टी सत्ता समर्पण र मुद्दा विसर्जनका पात्रहरू हुन्। उनीहरूको मूल ध्येय नै जसरी भए पनि मधेशको नारामा, मधेशी जनताको मागको नाममा संसदमा जाने र सत्ताको खेल खेल्ने नै हो। मधेशमा उनीहरूलाई पनि सही ट्र्याकमा ल्याउनका लागि एउटा वैकल्पिक धारको आवश्यकता छ। स्वायत्त मधेश प्रदेशको निर्माणका लागि, मधेशको समुचित प्रतिनिधित्वका लागि, मधेश प्रदेशको पुनः मान्यताका लागि यावत् जुन मागहरू रहेका छन्, त्यसलाई शान्तिपूर्ण ढंगबाट उठाउनका लागि वैकल्पिक संगठनको अति आवश्यकता रहेको छ।

**उपेन्द्र झा**
**राजनीतिक विश्लेषक**
पराजित मानसिकताले गर्दा मधेशको जनाधार कांग्रेस र नेकपामा जान थालेको छ। मधेशमा भएका दलहरूको वैचारिक अडान नभएको, व्यक्तिगत स्वार्थ र दलाल मानसिकताले गर्दा मधेशमा राजनीतिक दलहरूले पार्टीको संस्थागत विकास गर्न सकेनन्। त्यसकारण पनि मधेशमा जनाधार भएका नेताहरू अन्यत्र पार्टीमा प्रवेश गरे। राजपा र फोरम दुवै पार्टी मधेश मुद्दालाई छाडी सरकारमा सामेल भएपछि मधेशको राजनीतिक धरातल पूर्ण रूपमा खाली भएको छ। अब मधेशको नेतृत्व गर्न नयाँ राजनीतिक शक्तिको उदय हुने प्रवल सम्भावना छ र हुनुपर्छ।

**रामरिझन यादव**
**सदस्य, नयाँ शक्ति सचिवालय**
बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीको अवस्था अहिले मधेशमा त्यति राम्रो छैन, किनकी नयाँ शक्ति पार्टीलाई मधेशमा थेग्न सक्ने रामचन्द्र झा, महेन्द्र पासवान र रामकुमार शर्मा बाहिरिनु भएको छ। यसले गर्दा मधेशमा नयाँ शक्तिको जुन अवस्था थियो त्यसमा केही स्खलन भएको छ। तर अवसवादीहरू सत्तातिर लम्केकाले मधेशमा नयाँ शक्ति बाहेक अर्को वैकल्पिक शक्ति छैन। आउने दिनमा नयाँ शक्तिले राम्रो संगठनात्मक संरचना तयार गरेर अवसरवादीको विरूद्धमा एउटा नयाँ सोच र विचारको बिजारोपण गर्ने छन्। जसको खाँचो अहिले मधेशमा छ।

**निष्कर्ष :**

मूलधारका राजनीतिक दलहरूले पनि अब मधेशको मुद्दा सम्बोधनमा ध्यान दिनुपर्छ। राष्ट्रिय अखण्डतालाई कायम राख्दै 'सुखी नेपाली समृद्ध नेपाल' को अभियान अघि बढाउने हो भने मधेशको मुद्दालाई छाडेर अगाडि बढ्न सकिन्न। मधेशमा बढ्दै गएको अलगाववादी राजनीतिलाई हटाउन मधेशको मागहरू समयमा नै सम्बोधन गराउन आवश्यक छ किनकी मधेशमा अब जन्मिने वैकल्पिक शक्ति राज्यसँग वार्ता वा सहमति सम्झौतामा अल्झिँदैन उनीहरूको आन्दोलनले अलगाववादीलाई बल पुऱ्याउँछ जसले गर्दा अहिले मधेशको मुद्दालाई लिएर राजनीति गरिरहेका दलहरू अस्तित्व समाप्त हुन्छ।

# दुईबुँदे सहमतिले संशोधनको भावनालाई व्यक्त गर्दैन

**चुनाव अगाडि फोरम नेपाल नेकपासँगको सहयोगी दल त थिएन, उसले त विरोधी दलको रूपमा चुनावमा भाग लिएका थिए। मानौं नेकपासँग यदि बहुमत थिएन भने बहुमत पुर्‍याउनका लागि अर्को विरोधी दलसँग गठबन्धन बनाउन गयो बुझिन्थ्यो। तर यो सरकार त पूर्ण बहुमतको सरकार छ। उपेन्द्रजीहरू चुनावमा विरोधी दलको रूपमा भाग लिनुभयो र बहुमतवाला सरकारमा घुस्रिनुभयो। उपेन्द्र यादवको यो कदमले मधेशी जनता, मधेश आन्दोलन र मधेशका शहीदहरूको पनि अपमान भएको छ। उहाँको यो कार्य दुःखद, आश्चर्यजनक र लज्जाजनक पनि हो।**



डम्बर खतिवडा
प्रवक्ता, नयाँ शक्ति पार्टी नेपाल

**० नेपालमा वैकल्पिक शक्तिको रूपमा तपाईंहरूले नयाँ शक्ति पार्टी नेपाल गठन गरेको दुई वर्ष पुरा भएको छ। यस अवधिमा के-कस्ता उपलब्धी हासिल भएको छ ?**

– पहिलो कुरो त नयाँ शक्ति पार्टी यो देशमा किन आवश्यक थियो भन्ने कुरा प्रष्ट गर्न सफल भयौं। एक्काइसौं शताब्दीमा आइपुग्दा नेपालमा नयाँ वैकल्पिक विचारधाराको आवश्यकत्ता छ भनेर नै हामीले यो पार्टी स्थापना गरेका थियौं। पार्टी गठन भएको दुई वर्ष नपुग्दै स्थानीय, प्रादेशिक र संघीय निर्वाचनको सामना गर्नु पर्‍यो। प्रारम्भिक अवस्थामै हामीले नेपालको राजनीतिमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भयौं। तीनै तहको निर्वाचनमा थोरै भए पनि आफ्नो उपस्थिति जनाउन सक्यौं। यो छोटो अवधिमा राजनीतिक उपलब्धिको पाटो रह्यो भने नयाँ विचारधारामार्फत आफ्नो उपस्थितिलाई जनाउन सक्यौं।

**० जुन नारा दिएर नयाँ शक्तिको गठन भयो, त्यसलाई जनताले अनुमोदन गरेको पाइँदैन नि ?**

– हामीलाई जनताले अनुमोदन गरेन भन्ने कुरा लाग्दैन। २००६ सालमा गठन भएको नेपाल कम्युनिष्ट पार्टीले २०७४ सालको निर्वाचनमा मात्र बहुमत ल्याउन सक्यो। नेकपालाई ६८ वर्ष लाग्यो देशको सत्तामा आउन। तर हामीले डेढ वर्षभित्रै आफ्नो अस्तित्व स्थापित गर्न सफल भएका छौं। नेपाली जनताले कुनै नयाँ राजनीतिक दललाई सहजै मतदान गरिहाल्ने खालका छैनन्। जनतालाई कुरो बुझाउनुपर्छ, संगठन बनाउनुपर्छ अनि मात्रै मत दिन्छन। त्यसो भएको हुनाले जनताले त्यति साथ दिएन भन्ने कुरा सहि होइन।

**० नयाँ शक्ति पार्टी नेपालले दुई वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश गरेको छ। पार्टीको आगामी योजना के छ ?**

– राजनीतिमा नीति र रणनीतिको महत्व हुन्छ। ती सब कुरा घोषणा गर्नुभन्दा पनि त्यो मुख्य उद्देश्य नै भन्ने हो। हामी नेपालको राजनीतिमा अहिले मुख्यतः पाँचवटा समस्या देखिरहेका छौं। ती पाँचवटा समस्याहरू अन्य पार्टीबाट समाधान हुँदैन। हामीले उठाएका कुरालाई जनताको बीचमा निरन्तर राखिरहने र जनताको समर्थन प्राप्त गर्ने मुख्य कुरा हो। हामी शान्तिपूर्ण आन्दोलन र जनपरिचालनमा विश्वास गर्छौं। आउँदो दुई/तीन वर्षमा अधिकतम् रूपमा संघर्ष गर्ने, एजेन्डाहरूलाई जनस्तरसम्म पुर्‍याउने, देशमा राजनीतिक ध्रुवीकरणको प्रक्रियामा भूमिका खेल्ने र तेस्रो ध्रुव अर्थात् 'थर्ड पोल' निर्माण गर्ने हाम्रो योजना हो। नेपालमा वैकल्पिक समाजवाद धारको अभाव छ। एकातिर कांग्रेस छ जसले नवउदारवाद, पुँजीवादको नेतृत्व गरिरहेको छ भने अर्कोतिर कम्युनिष्टहरू छन् जसले विश्वव्यापीरूपमा असफल भइसकेको विचारधाराको नेतृत्व गरिरहेको छ। ती दुवैभन्दा फरक एउटा वास्तविक समाजवादी, सहभागितामूलक, समावेशी लोकतन्त्रमा विश्वास गर्ने खालको पार्टी निर्माणका लागि आफ्नो तर्फबाट गर्नुपर्ने सबै प्रयास गरिहेका छौं।

**० अहिले मुलुक मुख्यतः दुई धारमा ध्रुवीकृत भएको देखिन्छ, एउटा प्रजातान्त्रिक र अर्को वामपन्थी। तपाईंहरू कुन धारतिर हुनुहुन्छ ?**

– जसले आफूलाई वामपन्थी भन्छन् उसलाई हामी वामपन्थी मान्दैनौं र जसले आफूलाई प्रजातन्त्रवादी भन्छन् तिनीहरूलाई पनि प्रजातन्त्रवादी मान्दैनौं। देशमा वास्तविक वामपन्थी र लोकतान्त्रिक शक्तिको अभाव छ। जसले लोकतन्त्रलाई अझै बलियो बनाओस् र जसले समाजवादको कार्यक्रमलाई अझ इमान्दारितापूर्वक लागू गरोस्। अहिले कम्युनिष्ट सरकारले ल्याएको बजेटलाई हेर्नुस्, कहाँनेर वामपन्थ छ ? कहाँनेर समाजवाद छ ? त्यसैले नाम कम्युनिष्ट राखेर हुन्छ ? त्यसैले नामको पछाडि नजानुस्। नामले कोही वामपन्थी होलान्, कामले उनीहरू यथास्थितिवादी होलान्। नामले लोकतन्त्रवादी होलान् कामले उनीहरू नवउदारवादी होलान्। हामी यी दुईटै ध्रुवमा हुँदैनौं।

**० भनेपछि तपाईंहरूको धार के हो ?**

– हामी वास्तविकरूपमा लोकतन्त्र र समाजवादमा विश्वास गर्ने पार्टी निर्माणमा लागेका छौं।

**० तर, नेपाल कम्युनिष्ट पार्टीसँग नयाँ शक्ति पार्टी नेपालले एकीकरण गर्न लागेको सुनिन्छ नि ?**

– त्यो वाहियात कुरा हो। केही फोकटिया मान्छेहरूले गरेका यस्ता प्रचारबाजी छन्। उनीहरू राजनीति बुझ्दैनन् वा बुझेर पनि गलत तरिकाले हल्ला फिजाउँदैछन्। निहीत उद्देश्यले फैलाइएको हल्ला मात्र हो।

**० नेकपासँग एकीकरणको कुनै सम्भावना छैन ?**

– हामी कहीं पनि जाँदै जाँदैनौं। सबै प्रष्ट भए हुन्छ।

**० यो सरकारले प्रस्तुत गरेको बजेटलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– यो बजेट एकदम परम्परावादी, यथास्थितिवादी छ। यो बजेटमा करिब ६४ प्रतिशत चालु खर्च राखिएको छ र विकास खर्च करिब २३ प्रतिशत मात्रै छ। यसको अर्थ के हो भने देशमा एक सय रूपैयाँ आम्दानी हुन्छ भने विकास निर्माणमा २३ रूपैयाँ मात्र खर्च भइरहेको छ। अब त्यो खर्च पनि हुन्छ कि हुँदैन ग्यारेन्टी छैन। बजेटलाई हेर्दा यो एकदमै यथास्थितिवादी र कतिपय अर्थमा यो प्रतिगामी पनि छ।

**० भनेपछि यो बजेटले आर्थिक समृद्धिको बाटो तय गर्न सक्दैन ?**

– प्रधानमन्त्रीले समृद्धि शब्दलाई नाराको रूपमा प्रयोग गर्नुभयो। बजेटमा त्यसको कहीं पनि झल्को आउँदैन।

**० अर्को सन्दर्भ, नेकपाले संविधान संशोधन गर्छौं भनेर संघीय समाजवादी फोरम नेपालसँग दुईबुँदे सहमति गर्‍यो, संशोधन गर्ला त ?**

– संविधान संशोधन गर्ला जस्तो मलाई लाग्दैन। उपेन्द्रजीहरू भ्रममा पर्नुभयो। एक त सरकारमा जाने हतारो नैतिक रूपमा सहि छैन। किनभने संसारमा लोकतन्त्र वा बहुदलीय व्यवस्था भएको देशमा हेर्नुभयो भने कि त तपाइँ त्यो गठबन्धनमा सहभागी दल हुनुपर्छ कि सरकार गठबन्धनका लागि बहुमत नपुग्दा सरकारमा सहभागी हुनुपर्ने अवस्था हुन्छ। चुनाव अगाडि फोरम नेपाल नेकपासँगको सहयोगी दल त थिएन, उसले त विरोधी दलको रूपमा चुनावमा भाग लिएका थिए। मानौं नेकपासँग यदि बहुमत थिएन भने बहुमत पुर्‍याउनका लागि अर्को विरोधी दलसँग गठबन्धन बनाउन गयो बुझिन्थ्यो। तर यो सरकार त पूर्ण बहुमतको सरकार छ। उपेन्द्रजीहरू चुनावमा विरोधी दलको रूपमा भाग लिनुभयो र बहुमतवाला सरकारमा घुस्रिनुभयो। उपेन्द्र यादवको यो कदमले मधेशी जनता, मधेश आन्दोलन र मधेशका शहीदहरूको पनि अपमान भएको छ। उहाँको यो कार्य दुःखद, आश्चर्यजनक र लज्जाजनक पनि हो।

**० सरकारमा सहभागिताकै लागि यो दुईबुँदे सहमति भएको हो ?**

– यो दुईबुँदे सहमतिले संविधान संशोधन गर्ने भावनालाई व्यक्त गर्दैन। सरकारमा जाने भर्‍याङ मात्र बनाइएको हो।

**० त्यसो भए संविधान संशोधन हुँदैन ?**

– संविधान संशोधन हुनुपर्छ भन्ने पक्षधर हाम्रो पार्टी हो। हामी चार पाँचवटा मुद्दामा संविधान संशोधन चाहन्छौं। त्यो पक्षमा सरकारमा भएका पार्टीहरूले संशोधन प्रस्ताव ल्यायो भने हाम्रो पार्टीको समर्थन रहन्छ। प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद, सीमांकनमा नमिलेका प्रश्न, संघीयतामा प्रदेशहरूलाई धेरै अधिकार दिनुपर्ने कुरा लगायतका विषयमा सरकार पक्षले प्रस्ताव ल्याउनु भयो भने हामी समर्थन गर्छौं। तर सरकार त्यतातिर गएको देखिएको छैन।

**० मधेशमा दई प्रदेश भन्ने जुन माग छ, यसमा तपाईंहरूको धारणा के छ ?**

– संविधान जारी गर्ने बेलामा जसरी १६ बुँदे सम्झौता भएको थियो, त्यसले संघीयताको ढाँचालाई रातारात मोडियो। किनकि नेपालमा राज्य पुनर्संरचनाको विषयमा कि १० प्रदेशको कि त १२ प्रदेशको कुरा भइरहेको थियो। उच्चस्तरीय राज्य पुनर्संरचना सुझाव आयोगले १० प्रदेशको खाका दिएको थियो। राज्य पुनर्संरचनाको प्रक्रिया कहीं न कहीं अधुरो, अपूरो छ। जहाँसम्म कुरा रह्यो कि मधेशमा दुई प्रदेश-त्यसमा म ठ्याक्कै मधेशका आधा-आधा जिल्लालाई दुई प्रदेशमा विभाजित गर्नुपर्छ भन्न सक्दिन। तर, अहिलेको जुन सीमांकन छ त्यो जनताको माग अनुरूप छैन, मधेश आन्दोलनको एजेन्डा अनुरूप पनि छैन र संघीयताको सिद्धान्तअनुरूप पनि छैन। यो दीर्घकालसम्म जाने पायक पर्ने खालको सीमांकन भएको छैन।

---



इन्दु कुमारी शर्मा
प्रतिनिधि सभा सदस्य, नेपाल कम्युनिस्ट पार्टी

# दुईबुँदे सहमति कार्यान्वयन हुन्छ

**केही विशेष कारण बीचमा यी सम्झौता भएको छ। राजेन्द्र महतोसँग हामीले कुरा गर्दा हामी पनि यसैको पक्षमा छौं, उपेन्द्रजीले हामीलाई खबर गर्नुभएन भन्ने कुरा गर्नुभयो। फोरमले सम्झौता गरेर सरकारमा गयो भनेर उहाँले सकारात्मक कुरा नै गर्नुभयो। उहाँहरूको एक आपसमा कुरा नमिलेर होला। तर राजपाको पनि यसमा समर्थन छ।**

**० एमाले र माओवादी अहिले एकीकृत भएर नेपाल कम्युनिस्ट पार्टी भएको छ। यो एकीकरण पश्चात् माओवादी केन्द्र एमालेमा विलय भएको हो पनि भन्ने गरिन्छ। तपाई के भन्नुहुन्छ ?**

– यो गलत कुरा हो, देशमा आन्दोलनको राजनीति समाप्त भएको छ। केही मधेशका मुद्दाहरू, संविधानमा असन्तुष्टि छ त्यसलाई पूरा गरेपछि हाम्रो देश आर्थिक समृद्धिको यात्रामा अगाडि बढेको छ। पहिले धेरै आन्दोलनहरू भए, धेरै ऐतिहासिक उपलब्धिहरू पनि भएका छन्। देशमा संघीयता आएको छ, गणतन्त्र आई तीनै चरणका निर्वाचनहरू सम्पन्न भई संविधान कार्यान्वयनको तहमा रहेको छ। यसमा धेरै पार्टीहरू रहेर अस्तव्यस्त हुनुभन्दा र देश अस्थिरताको भुमरीमा परेको हुँदा देशलाई एउटा निकास दिनको लागि पनि जसको एजेण्डा मिल्छ तिनीहरूबीच मिल्नु बाहेक अरू विकल्प छैन। त्यसकारण नै चुनाव भन्दा अगाडि माओवादी र एमालेले वाम गठबन्धन बनाएर चुनाव लड्केको हो। जनतामा एजेण्डाहरू प्रस्तुत गरेको हो। त्यसलाई जनताले बुझेर बहुमतले यहाँसम्म पुर्‍याएको छ। स्थायी सरकारको रूपमा हामीले लिनुपर्छ।

**० नेपाल कम्युनिस्ट पार्टीको संरचना हेर्दा मुख्य मुख्य पदमा माओवादी भन्दा एमालेकै वर्चश्व देखिन्छ, यसलाई कुन रूपमा लिने ?**

– सहमतिबाट नै हामीहरू चुनावमा गएका थियौं। जो जहाँ जित्ने साथीहरू छन्, एमालेले जितेको र क्षमता भएको व्यक्ति र माओवादीको पकड रहेको ठाउँमा माओवादीबाटै क्षमतावान व्यक्तिलाई टिकट दिएका हौं। निर्वाचनको समयमा पनि हामी एउटै पार्टी जसरी नै गएको हुनाले र एउटै एजेण्डा बोकेर निर्वाचनमा समावेश भएको हुनाले यो मलाई फरक परेको जस्तो लागेको छैन।

**० तर पार्टीका कतिपय नेताहरू असन्तुष्ट छन्, माओवादी केन्द्र अझै पनि यथावत नै छ पनि भन्ने गरिन्छ नि ?**

– पार्टीभित्रका सबै व्यक्तिहरूलाई पद दिन सकिदैन। पहिले पनि पार्टीभित्र असन्तुष्टी त थियो। सबैलाई अवगत भएकै कुरा हो, धेरै लामो बहस र छलफल गरेर मात्रै हामीले यो निर्णय लिएका हौं। बाहिर यो एकता हुँदैन कि भन्ने शंका उत्पन्न भएको थियो। यो ढिला हुनुको कारण पनि तलदेखि माथिसम्म सबै तहका नेता कार्यकर्तालाई समायोजन गर्दै हामीले यो पार्टीलाई एक धारमा लैजानुपर्छ र यसलाई एक गर्नका लागि गुट-उपगुट होइन सबै साथीहरूलाई मनाएर नै यो अवस्था आएको हो। धेरै लामो समयसम्म अन्योलता रहेको थियो, यो टुट्छ भन्ने किसिमका शंका पनि आइरहेका थिए र तर यो एकीकरण भएर नै छाड्यो। असन्तुष्ट साथीहरू पहिलेदेखि नै असन्तुष्ट थिए। एउटा पार्टीबाट अर्को पार्टीमा पनि गएका हुन। यहि पार्टीको कारणले गर्दा हो जस्तो मलाई लाग्दैन। उनीहरूको आफ्नो-आफ्नो बुझाई फरक भएको पनि हुन सक्छ। धेरै समयसम्मको छलफलको प्रयासबाट नै एकीकरण सम्भव भएको हो।

**० नेकपाको मधेश नीति स्पष्ट छैन, तपाईको विचारमा नेकपाको मधेश नीति के हो ?**

– मलाई त्यस्तो लाग्दैन। किनभने संविधान बन्दा एउटा दृष्टिकोण थियो, संविधान बनिसकेपछि मधेशका असन्तुष्ट पक्षहरूलाई पनि साथमा लिएर जानुपर्छ भन्ने नै हो॥ संविधान संशोधन गर्नै नसकिने होइन, हाम्रा प्रधानमन्त्री केपी शर्मा ओलीले पनि संविधान फेरबदल गर्न सकिन्छ भन्दै आउनु भएको छ। संविधान बदल्नै सकिन्न भन्ने कुरा होइन। त्यसकारण पनि होला अहिले संघीय समाजवादी फोरम पनि सरकारमा आएको छ।संविधान संशोधन गरि त्यसलाई कार्यान्वयनमा ल्याएर देशमा आर्थिक समृद्धिको बाटोमार्फत अगाडि बढ्ने र देशलाई निकास दिने भनि सहमति पनि गरिएको छ। सबैभन्दा बढी मधेशलाई नै टार्गेट गरेर काम गरेको छु। मधेश विरोधी दखाइए पनि मधेशप्रति म सकारात्मक छु। मधेशका लागि काम गर्नेछु र यसको समाधान म आफैले गर्न सक्छु। पहिलाको भूमिकामा र अहिलेको यथार्थमा भूमिका अलि फरक देखिएको छ।

**० नेकपाका अध्यक्ष अर्थात प्रधानमन्त्री केपी शर्मा ओलीको बोली पहिले भन्दा अहिले नरम भएपनि बोलेको कुरा यथार्थमा आएको छैन, संविधान संशोधनको बारेमा अहिलेसम्म केही प्रगति भएको छैन ?**

– केही दिन अगाडि मात्रै त संघीय समाजवादी फोरमसँग सहमति भएको छ। अब बसेर छलफल गर्नेछौं। जायज माग हामी पूरा गर्न तयार छौं। आन्दोलनबाट आउनुभएका उपेन्द्र यादवजी पनि सहमतिमा आउनुभएको छ। राजपा पनि समर्थक छन्। संविधान संशोधनबाट मधेशका समस्याहरू समाधान गर्ने र समृद्धिका यात्रामा जाने नेकपासँग सम्झौता भइसकेको छ। राजपाले पनि तत्काल नै सहमति नजनाए पनि केही समय पश्चात उ पा सरकारमा आउनेछ। मलाई विश्वास छ, मधेशको समस्या भाषण गरेर मात्रै होइन नीतिगत रूपमा हल गरेर जानुपर्छ र हाम्रो पार्टी पनि यस विषयमा गम्भीर छ।

**० सरकारलाई राजपा र फोरमको समर्थन हुँदा हुँदै पनि सहमति नै गर्नुपर्ने कारण के हो ?**

– हामीले त कार्यान्वयन गर्छौं भनेकै थियौं। मेरो विचारमा संघीय समाजवादी फोरम सरकारमा जानका लागि कमिटमेन्ट गरेको छ कि सम्झौता नगरेसम्म हामी जाँदैनौं भन्ने कुरा थियो। छलफल त चल्दै थियो तर उ सरकारमा जानका लागि पनि जनताका सामु मैले सम्झौता गरेको छु भन्नलाई पनि यो सम्झौता गरेको हुन सक्छ। मलाई लाग्छ, सम्झौता त धेरै पहिला भइसकेको छ। नेताहरूबीच छलफल पनि भइरहेको छ। हामी पनि यसको पक्षमा छौं। मधेशको समस्या हल नगरी देशको शान्ति स्थापना गर्न सकिदैन भनेर पार्टीभित्र पनि लडाई गरिरहेका छौं। लामो समयसम्मको संघर्षलाई संविधानमा मधेशको विषयलाई उल्लेख गर्दै हामीले सम्बोधन गर्‍यौं भने देश आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्छ।

**० फोरम नेपाललाई सरकारमा जानलाई हतारो थियो भनेर मात्रै सम्झौता गरेको हो ?**

– मैले हतारो भन्न खोजेको हैन। सम्झौता त पहिले नै भइसकेको थियो र छलफल पनि हुँदै थियो। नेकपाका नेताहरूले मधेशवादी दलहरूसँग छलफल गर्दै जायज मागलाई पूरा गर्ने, संविधान तटस्थ होइन यसलाई संशोधन गरि जान्छौं भन्दा बोलिको भन्दा लिखित सम्झौता बढि प्रभावकारी हुने र जनताले पनि बुझ्ने भएकाले सम्झौता गरिएको हो। हुन त विगतमा पनि सम्झौताहरू धेरै भए तर कार्यान्वयन भएन तर विश्वास गरौं कि अहिलेको सम्झौता कार्यान्वयन हुनेछ र संविधान संशोधन हुनेछ।

**० यो सरकारले कहिलेसम्म संविधान संशोधनको विधेयक संसदमा पेश गर्छ ?**

– अहिले प्रक्रियामा चलिरहेको छ। अझै पनि धेरै प्रस्तावहरू आउन बाँकी नै छ। मलाई लाग्छ यो सहमतिबाट नै हुन्छ। नेकपाले संविधान संशोधन गराउँछ भन्ने कुरामा म पनि धेरै नै आशावादी छु।

**० संविधान संशोधन फोरम र राजपाको नै माग हो तर नेकपाले फोरमसँग मात्र सम्झौता गरेको छ, राजपालाई किन बाहिर राख्यो ?**

– यो विषय हाम्रो पार्टीको नभई राजपा र फोरमको सम्बन्धको विषय हो जस्तो मलाई लाग्छ। हामीले फोरमसँग मात्रै सम्झौता गर्छौं राजपासँग गर्दैनौं भनेका छैनौं। उनीहरूबीच कुनै असमझदारी भयो होला, सम्झौता गर्ने क्रममा राजपालाई बोलाएको छैन होला। केही विशेष कारण बीचमा यी सम्झौता भएको छ। राजेन्द्र महतोसँग हामीले कुरा गर्दा हामी पनि यसैको पक्षमा छौं, उपेन्द्रजीले हामीलाई खबर गर्नुभएन भन्ने कुरा गर्नुभयो। फोरमले सम्झौता गरेर सरकारमा गयो भनेर उहाँले सकारात्मक कुरा नै गर्नुभयो। उहाँहरूको एक आपसमा कुरा नमिलेर होला। तर राजपाको पनि यसमा समर्थन छ।

**० राजपाको माग भनेको आन्दोलनको समयमा झुटा आरोप लागेका सांसद रेशम लाल चौधरीको रिहाई पनि रहेको छ, यो त सरकारले मन्त्रिपरिषदको बैठकबाट निर्णय गरेर पनि गर्न सक्छ, तर सरकारले गरेको छैन, यदि राजपाको यो माग पुरा गरेको भए त राजपा पनि सरकारमा जान सक्छ नि ?**

– यो कुरामा सबैजना सकारात्मक नै छन्। रेशमजीको विषयमा उहाँ अनशन बसेको ठाउँमा गएर नै गृहमन्त्री रामबहादुर थापाले उहाँको मागलाई पुरा गर्ने बाचा सहित अनशन तोडाउनु भएको हो। यसलाई नीतिगत रूपमा हल गर्नपर्ने हुन्छ। किनभने यो मुद्दा उहाँको मात्रै होइन, धेरैको हो। केही समय अगाडि मात्रै सांसदलाई निलम्बन नगर्ने भन्ने विधेयक केही साथीहरूले असन्तुष्ट जनाए पनि पछि उहाँहरूले पनि समर्थन गर्नुभयो र त्यो संसदमा पास भयो। त्यस्तै यो कुरामा पनि धेरै सकारात्मक नै छन्। यो विधेयक पनि संसदबाट पास हुनेछ र उहाँको यो समस्या हल भई सपथ खाने वातावरण बन्छ।

**० रेशमलाल चौधरीको जस्तै मधेश आन्दोलनका क्रममा झुटा आरोप लाग्ने धेरै छन्, आन्दोलनको घटनाको प्रतिवेदन बुझाए पनि सार्वजनिक हुन सकेको छैन। यदि प्रतिवेदन सार्वजनिक गरेको भए त सरकारलाई निर्णय गर्न पनि सजिलो हुन्थ्यो होला नि ?**

– रेशम चौधरीसँग जोडिएका धेरै घटना छन् जसलाई एकै किसिमले समाधान गर्नुपर्ने हुन्छ। नीति बनाएर समाधान गर्दा अलि धेरै समय लागेको हो। यो समस्याको पनि छिटो भन्दा छिटो समाधान गरिनेछ।

**० तपाईं प्रदेश २ बाट प्रतिनिधि भएको हैसियतले पनि यस प्रदेशको विकासको लागि संसदमा के कस्ता कुरा उठाउँदै आउनुभएको छ ?**

– प्रदेश २ को पनि महोत्तरीसँग जोडिएको हुँदा यस जिल्लामा भएको जलेश्वर-जनकपुर सडकखण्ड एकदम दयनीय अवस्थामा छ। वर्षातको समयमा सर्वसाधारणलाई आवतजावतमा समेत कठिनाई भएकाले चाँडै नै यो सडक बनाइयोस् भनेर आवाज उठाएको छु। जलेश्वर-बर्दिबास सडकखण्डको पनि मैले कुरा उठाएको छु। चुरे संरक्षणमा, महिलाको शिक्षा, स्वास्थ्य, सीपमूलक तालिमको बारेमा पनि मैले कुरा उठाएको छु। मैले आफूले गर्न सक्ने यस प्रदेशको लागि काम गर्नेछु।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रदेश २ सरकारको नीति तथा कार्यक्रम

१. प्रदेश नं.२ को प्रदेशसभाको यस गरिमामय बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक- पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरू, माओवादी सशस्त्र संघर्ष र मधेश विद्रोहको क्रममा सहादत प्राप्त शहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको संघर्षमा अंगभंग भई घाइते हुनुभएका नागरिकहरू प्रति समेत उच्च सम्मान प्रकट गर्दछु।

३. नेपालको संविधान जारी भएसँगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, वहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक प्रतिनिधिमूलक व्यवस्था, मानव अधिकार, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता ऐतिहासिक उपलब्धिहरू हासिल भएका छन्। प्रदेश नं. २ को सरकार, संविधानका यी आधारभूत उपलब्धिहरूको रक्षा गर्दै मधेशी, थारू, आदिवासी जनजाति, मुस्लिम, महिला तथा दलितलगायतका समुदायबाट प्रकट भएका असन्तुष्टिहरूलाई आत्मसात गरी संविधानको स्वामित्वको दायरालाई थप फराकिलो बनाउन प्रयासरत रहने छ।

४. नेपाल सरकारको चौधौं आवधिक योजना (२०७३।७४-२०७५।७६) मा उल्लेखित लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, प्रदेश सरकारको १०० दिने कार्यक्रमका प्राथमिकता एंव तत्काल राहत प्रदान गर्ने क्षेत्रलाई प्राथमिकतामा राखी समष्टिगत तथा विषयगत क्षेत्रका निर्दिष्ट लक्ष्य हासिल गर्न कार्यक्रमहरूलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

५. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको भएकोले यी तीनै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक दायित्वलाई प्रदेश नं. २ को सरकारले आत्मसात गरेको छ।

६. नेपालका प्रदेशहरू मध्ये भौगोलिक रूपमा सबैभन्दा सानो तर जनसंख्याको हिसावले दोश्रो ठूलो प्रदेशको रूपमा रहेको प्रदेश नं.२ मा पर्याप्त समथर भूमि रहे पनि यो प्रदेश सांस्कृतिक विविधताले सम्पन्न, भौगोलिकरूपले सुगम तथा अन्तराष्ट्रिय व्यापारका हिसावले सहज हुँदाहुँदै पनि विकासको दृष्टिकोणले पिछडिएको छ।

७. प्रदेश नं. २ को सरकार जनताका सबै समस्याहरूबारे र प्रदेशको समग्र विकासका सन्दर्भमा अत्यन्त संवेदनशील छ। लामो राजनीतिक संघर्ष पश्चात् गठित प्रदेश नं. २ को सरकार जनताका समस्यालाई तत्काल सम्बोधन गर्न आतुर पनि छ। तर प्रदेश सरकारले प्रभावकारी रूपमा कार्य संचालन गरी जनअपेक्षाहरूको संवोधन गर्नका लागि आवश्यक पर्नेनीतिगत, कानूनी, संस्थागत एवं व्यवस्थापकीय प्रवन्धहरू भै नसकेकोले तत्काल जनअपेक्षा अनुरूप परिवर्तनको अनुभूति हुने गरी कार्यक्रमहरू संचालन गर्न कठिन रहेको सर्वविदितै छ।

८. नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण हुनुपर्ने र राजस्व बाँडफाँड गर्दा सन्तुलित र पारदर्शीरूपमा गर्नुमर्ने संवैधानिक व्यवस्था छ। यस संवैधानिक व्यवस्थालाई मध्यनजर गर्दै नेपाल सरकारले आगामी दिनमा राजस्व र अनुदानको बाँडफाँड गर्दा प्रदेशको जनसंख्याको आकार र मानव विकासको सुचांकलाई समेत आधार लिने छ भन्ने विश्वासका साथै राजस्व संकलनलाई सहभागितामुलक बनाउन प्रदेश र संघ बीच समन्वय गरी राजस्व संकलन विधिको तर्जुमा गर्नु पर्ने हुन्छ।

९. संविधानले प्रदेशलाई दिएका अधिकारहरू अर्न्तगत पर्ने सरकारी संरचनाहरू संघीय सरकारले प्रदेश सरकारलाई हस्तानतरण गर्ने नीति लिनु आवश्यक छ। प्रदेश सरकारका प्रशासनिक संरचनाहरू नवनिसकेको अवस्थामा प्रादेशिक योजनाहरू कार्यवन्यनका लागि गत चैत्र ३० गते देखि खारेज भइसकेका संघीय सरकारका जिल्ला अन्तरगतका सरकारी कार्यालयहरू प्रदेश सरकारलाई हस्तानतरण गर्न संघीय सरकारलाई आग्रह गर्ने नीति लिएको छ।

१०. नेपालको संविधानको प्रस्तावना, धारा ४२ को मौलिक हक अन्तर्गतको समाजिक न्यायको हक तथा राज्यको नीति निर्देशक सिद्धान्तले समेत अत्याधिक जोड दिएको राज्यको हरेक अंग र निकायमा सिमान्तकृत समुदायको समानुपातिक समावेशी गराउने संवैधानिक प्रतिबद्धतालाई यस नीति कार्यक्रमले अंगीकार गरेको छ।

११. यस प्रदेशले राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर,स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र तथा समृद्ध अर्थतन्त्रको विकास गर्न महत्वपूर्ण योगदान पुरयाउने छ।

१२. नेपाल सरकारबाट प्राप्त सिमित स्रोत तथा प्रदेशद्वारा परिचालित राजस्व प्रदेशभित्र आवश्यकता तथा प्राथमिकताका आधारमा न्यायोचित वितरण गरिनेछ।

१३. राष्ट्रिय, अन्तरप्रदेश, स्थानीय तहका विकास आयोजनाहरूको समन्वय गरी यस प्रदेशमा विकास आयोजनाहरूलाई लागत, गुणस्तर र समयको आधारमा प्रतिफलमुखी बनाइनेछ।

१४. पूँजी निर्माण, रोजगारी सिर्जना, शासकीय सुधार लगायतबाट उत्पादकत्व अभवृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन र वस्तु तथा सेवाको उत्पादन वृद्धिका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१५. प्रदेश सरकारलाई प्राप्त आर्थिक अधिकार अन्तर्गत परिचालन गरिने राजस्व सम्बन्धी संरचनागत व्यवस्थाहरू यथाशीघ्र निर्माण गरी कार्यान्वयन गरिनेछ। आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाई प्रदेशलाई क्रमश:श्रोतसाधनका हिसावले सम्पन्न बनाउँदै लगिनेछ।

१६. पूँजीगत बजेटको हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा मितव्ययितालाई प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गर्नुका साथै, सार्वजनिक खर्चलाई मितव्ययिता र प्रभावकारिता कायम गर्ने निर्देशिका मार्फत वित्तीय अनुशासन कायम गरिनेछ।साथै, प्रदेशको पहिचान झल्कने, प्रतिफलमुखी प्रकृतिका आयोजनाहरूको कार्यान्वयनमा जोड दिइनेछ।

१७. प्रदेशको विद्यमान आर्थिक, सामाजिक, पूर्वाधार विकास, मानव विकासको अवस्था लगायत सम्मपूर्ण क्षेत्रको तथ्यपरक चित्र झलकाउने आधार तथ्यांकहरूको संकलन गर्ने कामलाई प्राथिकताका साथ अघि वढाउँदै आर्थिक सूचकांकमा पछाडि परेको यस प्रदेशलाई राज्यको उच्चतम आर्थिक सूचकांकमा रहेको अन्य प्रदेशको स्तरमा पुरयाउने लक्षय यो सरकारले लिएको छ।

१८. वित्तीय संस्थाहरूको ग्रामीण क्षेत्रसम्म पहुँच सुनिश्चित गर्न पहल गरिने छ।

१९. वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स आयलाई वैधानिक माध्यमबाट नेपालमा ल्याउन आवश्यक संरचनागत व्यवस्था तथा प्रोत्साहनसम्बन्धी कार्यक्रमहरूको तर्जुमा गरिनेछ।

### कृषि

२०. कृषि क्षेत्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूको सहकार्यमा प्रादेशिक कृषि नीति, भूमि उपयोग नीति, कृषि विधुतिकरण नीति, कृषिको आधुनिकीकरण गरी कम श्रममा अधिक उत्पादनको नीति, भूउपयोग ऐन र सहकारीसम्बन्धी नीति तर्जुमा गरिने छ।

२१. आफै खेती गर्न नचाहने जग्गा धनीले खेतीयोग्य जग्गा लिजमा दिन सक्ने र जग्गा नभएका वा कम जग्गा भएका कृषकहरूलाई कृषि क्षेत्रमा आकर्षिक गराउन चक्लाबन्दी गरी भूमि करारमा लिई व्यवासायिक खेती गर्ने प्रणालीको विकास गर्न आगामी २ वर्षभित्र किसान भूमि बैंक स्थापना गर्ने उद्देश्यले प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सरोकारवाला सँगको समेत परामर्शमा उपयुक्त निर्णय गरिनेछ।

२२. प्रदेशको भौगोलिक र आर्थिक सामाजिक विकासको गती हेरी सम्भाव्यता र जनचाहना बमोजिम कृषिजन्य विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक उत्पादन तथा कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरी बजारीकरणका पूर्वाधारहरूको विकास गरिने छ।

२३. प्रदेशमा माटो परीक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, खाद्य गुणस्तर जाँच प्रयोगशाला स्थापना गर्न र प्रदेशमा रहेका प्रयोगशालाहरूको आवश्यक स्तरोन्नति गरिनेछ।

२४. साना कृषक तथा भूमिहीन विपन्न किसानलाई कृषि उपज व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ। युवाको वढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई कृषि तथा पशुपंक्षी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। यस सन्दर्भमा युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षिक गराउन सहकारीको माध्यमबाट कार्यक्रम सचालन गर्नेनिकायलाई प्राथमिकता दिइनेछ।

२५. प्रदेश सहकारी विकास बोर्ड, प्रदेश उखु विकास बोर्ड, डेरी विकास बोर्ड, मत्स्य विकास बोर्ड, तरकारी तथा फलफुल विकास बोर्ड क्रमशः गठन गर्दै जाने नीति प्रदेश सरकारले लिएको छ।

२६. कृषि तथा पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२७. प्रदेश नं. २ लाई अन्न भण्डार, तरकारी भण्डार, औद्योगिक बाली, दुध उत्पादन र माछा उत्पादन हुने विशेष प्रदेशको रूपमा विकास गरिनेछ।

२८. सामुहिक गाईपालन तथा भैंसीपालनका लागि प्रोत्साहन गरिने, सहज र न्यून ब्याज दरमा ऋण उपलब्ध गराई बिमा समेतको व्यवस्था गरिने नीति लिएको छ।

२९. वधस्थल निर्माण र स्तरोन्नति तथा माछामासु पसलहरूको स्तरोन्नती गरी आम उपभोक्तालाई स्वच्छ र स्वस्थ्य माछामासु उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने छ।

३०. कृषि तथा पशुपालन क्षेत्रमा भैरहेको अनियन्त्रित विषादी तथा एन्टीबायोटिक प्रयोगको कारणले मानव स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्नको लागि प्राङ्गारिक खेती तथा पशुपालनमा जोड दिईनेछ। साथै माटोको उर्वरा शक्ति बढाउन सन्तुलित मलको प्रयोगलाई बढावा दिइनेछ। प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगमा वृद्धि गर्न आवश्यक पहल गरिनेछ।

३१. माछापालनको लागि अत्याधिक सम्भावित क्षेत्रहरूको पहिचान गरी माछा जोनको रूपमा विकास गर्नका लागि आधुनिक माछापालन प्रविधि, माछाको स्वास्थ्यप्रद दाना उत्पादन, माछाको नश्ल सुधार, माछा संकलन, ढुवानी, भण्डारण तथा आधुनिक बजार विकासको लागि आवश्यक पहल गरिनेछ।

### भूमि तथा मालपोत

३२. मालपोत र नापी कार्यलयहरूमा सेवाग्राहीले सेवा लिन जाँदा बिचौलियाहरूबाट ठगिने क्रियाकलापको अन्त्य गर्न जनताको प्रत्यक्ष सरोकार रहने विषय नापी, किताकाट, जग्गा दर्ता, खरीदविक्री, नामसारी, अंशबन्डाजस्ता कार्यको प्रक्रिया सरलीकरण गरि कार्यालयहरूमा विचौलियको प्रवेशलाई निषेध गर्ने नीति सरकारले लिएको छ।

३३. छरिएर रहेका तथा अव्यवस्थित सरकारी पर्ती जग्गाको तथ्यांक संकलन गरी संरक्षणको साथै उपयोगका लागि आवश्यक नीति बनाइने छ।

३४. गुठी तथा गुठी जग्गाको अभिलेख संकलन, व्यवस्थापन, संरक्षण तथा नियमन गर्न गुठी संस्थानसँग समन्वय गरी आवश्यक नीति तथा ऐन तर्जुमा गरिने छ।

### उद्योग

३५. गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र, राजविराज, सिमरा विशेष आर्थिक क्षेत्र तथा जलेश्वर ढल्केबर औद्योगीक करिडोरको विकास तथा सुदृढिकरण गर्न आवश्यक पहल गरिनेछ।

३६. उद्योग विकास गर्न निजी, सामुदायिक तथा सहकारी क्षेत्रसँग समन्वय गर्दै प्रदेश उद्योग नीति तयार गरिने छ। साथै औद्योगिक लगानी प्रवर्धन गर्न प्रादेशिक स्तरमा औद्योगिक बैंक स्थापनाका लागि पहल गरिने छ।

३७. परम्परागत कुटिर उद्योग जस्तै गुड सखखड बनाउने, तेल पेल्ने, खपडा टायल बनाउने, बाँसको छिठामउनी (सामान राख्ने सामग्री) बनाउने, माटोका भाँडाकुडा आदि उद्योग प्रवर्धन गर्न आवश्यक व्यवस्था मिलाइने छ। परम्परागत कुटिर उद्योग प्रवर्धन नीति अन्तरगत प्रत्येक स्थानीय तहमा कम्तीमा एक विशिष्ट उत्पादन गर्ने उद्योग स्थापनालाई प्रोत्साहित गरिने छ।

३८. चिनी उद्योगहरू र उखु कृषक तथा मजदुरहरूको बीचमा रहेका समस्याहरूलाई सरोकारवाला पक्षहरू बीच सौहार्दपूर्ण वातावरण श्रृजना गरी समाधान गर्ने तर्फ आवश्यक पहल गरिने छ।

३९. प्रदेशस्तरमा हुने व्यवसायिक कारोवार, वाणिज्य व्यापार तथा आपूर्ति व्यवस्थालाई सहज तथा प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ, उपभोक्ता संघसंस्थाहरू, आपूर्तिसंग सम्बन्धित संस्थाहरू एवं व्यवसायीहरूसँग प्रदेश सरकारले सहकार्य, समन्वय गर्दै प्रभावकारी संस्थागत संयन्त्रहरू स्थापना गर्नेछ।

४०. कालोबजारी, महगी, प्रदुषित खाद्यपदार्थ, जथाभावी चर्को मूल्य, पर्यावरणीय प्रदूषण तथा उपभोक्ता माथिको शोषण नियन्त्रण गर्न प्रदेश स्तरीय अनुगमन संयन्त्रको निर्माण गरी नियन्त्रणात्मक कार्य प्रारम्भ गरिनेछ।

४१. वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना जस्ता बन्द उद्योगहरूको स्रोत, साधन, क्षमता आदिको पहिचान गरी प्रदेश सरकारअन्तर्गत ल्याएर पुन: संचालन गर्ने वा वैकल्पिक उद्योगमा रूपान्तरण गर्ने सन्दर्भमा अध्ययन गराइने छ।

४२. अन्तरप्रदेश व्यवसाय, मालवस्तु ढुवानी, पर्यावरणीय सेवाप्रवाह तथा संचार लाई प्रभावकारी बनाउन अन्तरप्रदेश सहकार्य तथा समन्वय संयन्त्रहरू स्थापनाको कार्य शुरू गरिनेछ।

४३. जनकपुर जयनगर रेलमार्ग, वीरगंज अमलेखगंज पेट्रोलियम पाइपलाइन, सिमरा विशेष आर्थिक क्षेत्र, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, कोशी जलयातायात, जस्ता राष्ट्रिय स्तरका आयोजनाबाट प्रदेश अन्तर्गतका औद्योगीकीकरण, बाणिज्य ब्यपारलाई टेवा पुग्ने खालका नीति नियम तर्जुमा गरिने छ।

### वन तथा वातावरण

४४. चुरे क्षेत्रको पर्यावरणीय संरक्षण सुनिश्चित गर्न संचालित चुरे संरक्षण कार्यक्रमलाई एकीकृत जलाधार संरक्षण अवधारणाअनुरूप संचालन गर्न जन स्तरमा 'चुरे जोगाऔं मधेश बचाऔं' नारालाई आभियानका रूपमा संचालन गरिने छ।

४५. उच्च प्रविधियुक्त वन नर्सरीहरूको स्थापना गरी गुणस्तरीय विरुवा उत्पादन गर्दै वनजन्य उत्पादकत्वमा सुधार ल्याइने छ।

४६. वन पैदावारमा आधारित पल्प पेपर, सुगन्धित तेल, डोरी, बाँसबेत आदि उद्योग स्थापना गर्ने निजी तथा सहकारी संस्थालाई विशेष सहुलियत उपलब्ध गराउने नीति तथा कार्यविधिको खाका तयार पारिने छ। साथै जडीबुटी तथा गैर काष्ठ वन पैदावार सम्बन्धी नर्सरी स्थापना गरी जडीबुटी खेतीकार्यलाई प्रबर्धन गरिने छ।

४७. साझेदारी तथा बैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई पारदर्शी सहभागितामूलक बनाउँदै प्रादेशिक काष्ठ आपूर्तिलाई व्यवस्थित बनाउँदै लैजाने गरी काष्ठ वितरण प्रणाली सुदृढीकरण गर्न वन पैदावार उपयोग र वितरणको कार्यविधिको खाकातयार पारिने छ।

४८. प्रदेशको दक्षिणी क्षेत्रमा काठ दाउराको सहज आपूर्तिको लागि आवश्यक ठाँउहरूमा डिपोहरू स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ।

४९. हरित सडक, हरित नगर, हरित ग्राम, हरित पोखरी, हरित मन्दिर, हरित नहर अभियानमा संलग्न हुने सामाजिक संघसंस्था तथा नागरिक समाजलाई विरुवा र सुरक्षण सामाग्री आदि उपलब्ध गराइने छ तथा वित्तिय तथा व्यवसायिक संस्था उद्योगलाई प्रोत्साहन गरिने छ।

५०. शहरी क्षेत्रको सरसफाई र पर्यावरणीय सुरक्षण तथा प्रवर्धनका लागि स्थानीय सरकारहरूसंग सहकार्य गर्दैइको पार्क, चिडियाखाना, उद्यानहरूको स्थापना तथा शहरी फोहर व्यवस्थापनको कार्य प्रारम्भ गरिनेछ। दुधमती जस्ता धामिकस्थलहरूको सरसफाइ, सौन्दर्यीकरण तथा भौतिक निर्माणमा विभिन्न संघसंस्था र नागरिक समाजलाई समेत प्रोत्साहित गरिनेछ।

५१. समुदायमा आधारित र सहभागितामूलक वन संरक्षण र व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गर्ने तथा सार्वजनिक जग्गामा समेत बृक्षारोपण र वन पैदावार उपयोगको लागि नीतिगत व्यवस्था गरिने छ।

### पर्यटन

५२. धार्मिक सास्कृतिक पर्यटनलाईप्रोत्साहन गर्नमिथिला विहारी परिक्रमाका डोला रहने स्थानहरूमा मरवा निर्माण गर्नेनीति सरकारले लिएको छ। साथै, धार्मिक विविधता र सँस्कृतिको संरक्षण र प्रवर्धन गर्न सिर्जनशील प्रस्तावहरू पेश गर्न सार्वजनिक आव्हान गरिनेछ। उत्कृष्ट ठहरिएका प्रस्तावलाई कार्यक्रम र बजेट सहित कार्यान्वयनमा लगिने छ।

५३. मिथिला भोजपुरा लगायतका मधेशका सास्कृतिक पहिचान बोकेका धरोहरहरूको संरक्षणका लागि प्रदेश साँस्कृतिक संरक्षण केन्द्रको स्थापना गरिने छ। साथै, नमूना साँस्कृतिक गाँउहरूको पहिचान गरी संरक्षणात्मक कार्यहरू अघि बढाइने छ।

५४. पर्यटन प्रवर्धनमा निजी क्षेत्र संग सहकार्य गर्दै धार्मिक, साँस्कृतिक पहिचान बोकेका धर्मशाला, होटल, शाकाहारी भोजनालय, पूजा सामाग्री निर्माण उद्योगलाई प्रदेश सरकारले विशेष पहिचान सहितको प्रमाणपत्र दिने छ।

५५. हिन्दु , इस्लाम, वौद्ध, जैन, सिख आदि धार्मिक एवं पर्यटकीय स्थलहरूको व्यवस्थापन र स्तरोन्नति नियमन गर्नधार्मिक एवम् पर्यटकीय स्थलहरूको पहिचान गरी धार्मिक पर्यटन प्रवर्धनको लागि प्रादेशीक पर्यटन बोर्ड गठन गरिने छ। साथै पर्यटन प्रवर्धन तथा पर्यटकहरूको वसाई व्यापक वनाउन अतिरिक्त गंतव्यहरूको विस्तार तथा मनोरंजन स्थलहरूको निर्माण गर्ने नीति यो सरकारले लिएको छ।

५६. धनुषाको जानकी मन्दीर, नेमीनाथ र मलीनाथ, धनुषाधाम, सप्तरीको क्षिन्नमस्ता, ठेलिया दह, सम्भुनाथ, दिनाभद्री र कंकालनी, सिरहाको सलहेश, महादेवमठ, कमला उतराईनी, बाबा ताल, कमलदह, राजदेवी मन्दिर, सर्लाहीको नाढिमन ताल, माहादेव स्थान, मुर्तिया, सती विहुला, नारायणपुर नाजिर मजार, महोत्तरीको मटिहानी स्थान, मडैको मरवा, बनौलीस्थित विद्यापतिको प्रवास स्थान, सोनामाई थान, पड़ौलस्थान, गेउरका, जलेश्वरनाथ र रौजा मजार, बाराको गढीमाई, सिमरौनगढ, झरेखर पोखरी, त्रिवेणी धाम, रौतहटको शिवमन्दीर, पर्साको ऐतिहासिक गहवा माई मन्दिर, पारसनाथ मन्दिर, बिरगंजको भिश्वा डाँडा बौद्ध स्थल, भाठा शिवजी मन्दिर जस्ता ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय स्थलहरूको प्रवर्धनमा निजी क्षेत्र समेतलाई आकर्षित गरिनेछ।

५७. जानकी मन्दिरको परिसरलाई भव्य एवं आकर्षक बनाउन शंखमर्मर ओछ्याइ सौन्दर्यीकरण गरिने छ।

५८. पर्सा वन्य जन्तु आरक्षलाई पर्यटकीय दृष्टिकोणले आकर्षक बनाउन निजी क्षेत्रसंग सहकार्य गरी विकास गरिने छ।

### वातावरण

५९. बढदो गर्मी र उत्पादकत्वह्रास जस्ता जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावलाई नियन्त्रण र न्यून गर्नको लागि पोखरी तथा वन संरक्षण, औधोगिक प्रदुषण नियन्त्रण र जलवायू अनुकूलनका कार्यक्रमहरूका लागि प्रदेश स्तरीय जलवायू अनुकूलन कार्यक्रमहरू पहिचान गरिनेछ।

६०. शहरी एवं शहरोन्मुख क्षेत्रमा फोहोरमैला व्यवस्थापनको कार्य ठूलो चुनौतिको रूपमा रहेको छ। तसर्थ फोहोरमैला व्यवस्थापन र प्लाष्टिक मुक्त प्रदेशको कार्यक्रम प्राथमिकताका साथ अघि बढाउन पूर्वाधार विकास तथा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ। सामुदायिक संघ, संस्था तथा नागरिक समाजको व्यापक सहभागितामा हरा भरा स्वच्छ प्रदेश कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्न मुख्यमन्त्री स्वच्छता अभियानलाई निरन्तरता दिइने छ। हाल औद्योगिक क्षेत्रबाट प्रदुषित हुने नदी नालाको स्वच्छताको लागि अभियानको रूपमा कार्यक्रम संचालन गरिने छ र प्रदुषित गर्ने उद्योगहरूलाई यथाशीघ्र कारवाही गरिने छ।

### भौतिक पूर्वाधार

६१. यस प्रदेशका हरेक जिल्लाको सदरमुकाम छुनेगरी रेलमार्ग निर्माण गर्न, निजगढमा निर्माण हुने दोश्रो अन्तराष्ट्रिय विमान स्थल र प्रदेशका सम्मपूर्ण जिल्ला सदरमुकामहरू जोडिने हुलाकी राजमार्ग निर्माण कार्य द्रुत गतिमा बढाउन संघीय सरकारलाई आवश्यक सहयोग तथा सकारात्मक वातावरण निर्माण गरिने छ।

६२. स्थानीय तह र प्रदेशहरूमा प्राविधिक काम गर्न सम्बन्धित प्राविधिक निकायहरूको क्षमता अभिवृद्धि गरिने छ। हाल प्रचलनमा रहेको निर्माण प्रविधिको पुनरावलोकन गरी नयाँ, श्रममूलक एवं यान्त्रिक उपकरणमा आधारित नर्म्स , तयार गरी लागु गरिनेछ।

६३. दुइ वा दुइ भन्दा बढी स्थानीय तह तथा प्रत्येक स्थानीय तहको केन्द्रलाई जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण, विस्तार, स्तरोन्नति, मर्मत संभार तथा आवश्यक पर्ने पुल पुलेसा निर्माण गरि प्रदेश तथा स्थानीय तहमा सामाजिक-आर्थिक कृयाकलापलाई गतिशील बनाउन मुख्य मन्त्री ग्रामीण सडक आयोजना लागू हुनेछ।

६४. सार्वजनिक निर्माण कार्यहरूमा उच्चस्तरको गुणस्तर कायम राख्ने नीति सरकारले लिनेछ। सार्वजनिक निर्माण कार्यहरू गुणस्तर भए नभएको अनुगमन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा गुणस्तर अनुगमन केन्द्र रहने छ।

### उर्जा, सिंचाई तथा नदी नियन्त्रण

६५. प्रदेशमा उपलब्ध जलस्रोतको विकास, व्यवस्थापन तथा उपयोगको लागि एकीकृत जलस्रोत नीति तर्जुमाका साथै जलस्रोतको संरक्षण, व्यवस्थापन र समन्वयात्मक एवं बहुआयामिक उपयोग गर्ने कानूनी व्यवस्था गरिनेछ।

६६. संघीय सरकारसंग सहकार्य र समन्वय गरी जल तथा मौसम विज्ञानसम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाहको कार्यलाई थप वैज्ञानिक र भरपर्दो बनाइ बहुप्रकोप पूर्वसूचना प्रणालीको सुदृढीकरणबाट विपद् क्षति न्यूनीकरण कार्यलाई थप प्रभावकारी बनाइनेछ।

६७. बाढी नियन्त्रण तथा व्यवस्थापनका लागि जोखिमयुक्त क्षेत्रको पहिचान र नक्षाङ्कनसहित प्राथमिकताका आधारमा पूर्व तयारी तथा क्षति न्यूनीकरण र पुनर्स्थापनाको कार्य संघीय तथा स्थानीय सरकार समेतको सहकार्यमा गरिने छ।

६८. प्रदेश सरकारले खेतीयोग्य जग्गामा बाह्र महिना सिंचाइ सुविधा उपलब्ध गराउन कृत लक्ष्य राखी हर खेत मे पानी, हर हातमे काम भन्ने नाराका साथ प्रदेश स्तरीय अभियान संचालन गरिने छ। जस अन्तर्गत मझौला सिंचाइ आयोजनाका कार्यक्रमहरू यथाशीघ्र कार्यान्वयन गरिनेछ।भूमिगत सिंचाइ सम्भाव्य भएका स्थानहरूमा स्यालो तथा डिप ट्युवबेलका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयनको साथै जडान भैइसकेका प्रयोगहीन डिप ट्युवबेलहरूलाई पुन: प्रयोगमा ल्याइने छ।

६९. हाल संचालित कोशी पम्प, कमला, वाग्मती, नारायणी, सिंचाइ प्रणालीहरूको संचालन तथा विस्तारको कार्यलाई थप प्रभावकारी बनाउन संघीय सरकारसंग सहकार्य र समन्वय गरिनेछ। अन्तरजलाधार जस्तै सुनकोशी-कमला, सुनकोशी-मरिन डाइभर्सन जस्ता बहुउद्देश्यीय आयोजनाहरूको अध्ययन तथा विकासको कार्य अघि बढाउन संघीय सरकारसंग सहकार्य र समन्वय गरिने छ।

७०. विद्युतको नियमित आपूर्ति व्यवस्थाका लागि संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ। वितरण प्रणाली सुदृढीकरण कार्य र विद्युत् चुहावट नियन्त्रण गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

७१. प्रदेशलाइ वैकल्पिक उर्जा केन्द्रको रूपमा विकास गर्न यस बर्ष ५० मेगावाट उत्पादन गर्दै क्रमश: आगामी बर्षहरूमा यस्को उत्पादन बृद्धि गर्दै जाने लक्ष्य प्रदेश सरकारले लिएको छ। सिँचाईको लागि सौर्य उर्जाको अधिकतम प्रयोग गरिने नीति लिइने छ। साथै यसै आ.व.मा ज.चु.का.लि.क्षेत्र भित्रको प्रादेशीक कार्यालय एवं निवासको लागि सौर्य उर्जाको जडान गरिने छ।

### खानेपानी, ढलनिकास तथा फोहोरमैला व्यवस्थापन

७२. प्रदेशका जनतालाई स्वच्छ खानेपानीको व्यवस्था गर्ने लक्ष्य प्रदेश सरकारले राखेको छ। यसका लागि पर्याप्त मात्रामा ह्याण्डट्युववेल र ओभरहेड टंकीमार्फत पानीको वितरण गरिनेछ। साथै सरसफाईको लागि जनचेतना अभिवृद्धि कार्यक्रमहरू संचालनको साथै प्रदेशलाई खुलादिसामुक्त प्रदेशको रूपमा आगामी ३ वर्षमा स्थापित गरिने छ। 'एक घर एक शौचालय' को व्यवस्थालाई कार्यान्वयनमा ल्याउनको लागि सरकारले प्रभावकारी कदम चालने छ।

### भवन, आवास तथा शहरी विकास

७३. अतिविपन्न, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, सडक बालबालिका र सीमान्तकृत वर्गका लागि सुरक्षित, किफायती र वातावरण मैत्री एकिकृत आवासको व्यवस्था गरिने छ।

७४. प्रदेश राजधानी, मुख्य व्यापारीक केन्द्र तथा ऐतिहासिक स्थलहरूको पूर्वाधार विकासको लागि विशेष पूर्वाधार कार्यक्रम लागू गरिनेछ।

### स्वास्थ्य

७५. स्वास्थ्य क्षेत्रमा सार्वजनिक, निजी सहभागिता तथा साझेदारीको सम्भावनाको क्षेत्र पहिचान गरिने छ।

७६. नारायणी अस्पताल वीरगंजलाई हृदयरोग उपचार केन्द्रको रूपमा विकास गरिने छ। जनकपुर अंचल अस्पतालमा हृदयरोग उपचारको लागि काठमाडौंको गंगालाल अस्पतालको युनिट खडा गरी हृदयरोग सन्दर्भमा अत्याधुनिक उपचारसेवा जनकपुरमै उपलब्ध गराइने छ। प्रादेशीक स्तरमा अर्बुद रोग अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्न यसै बर्ष देखि कार्य प्रारम्भ गरिने छ प्रदेश स्तरीय ट्रमा केन्द्र स्थापना गर्न पहल गरिने छ। यसका साथै गजेन्द्र नारायण सिंह अंचल अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकसित गर्नुको साथै गजेन्द्र नारायण सिंह स्वास्थ्य तथा चिकित्सा विश्वविद्यालय स्थापना गरिने छ।

७७. प्रदेशमा स्वास्थ्यको वर्तमान अवस्था अध्ययन गर्न सुझाव कार्यदल गठन गरिने छ। सो कार्यदलले प्रदेश भित्र स्वास्थ्यको वर्तमान अवस्था, स्वास्थ्य संस्था, स्वास्थ्य शिक्षण संस्थान आदिहरूको अध्ययन् गरी पेश गरेको प्रतिवेदनको आधारमा प्रदेश सरकारले स्वास्थ्य सम्बन्धमा नीति तथा कानून निर्माण गर्नेछ।

७८. महिलाहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउन सुरक्षित मातृत्व कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ। साथै गुणस्तरीय प्रसूती सेवा प्रदान गर्न स्थानीय तहहरूसँग समन्वय गरी प्रत्येक गाउँमा वर्थिङ्ग सेन्टर स्थापना गरिनेछ।

७९. मदिरा लगायत अन्य लागू पदार्थको उत्पादन, आयात, व्यापार, वेचबिखन र सेवनमा मापदण्ड लागू गरी नियन्त्रण, अनुगमन र नियमन गरिनेछ।

८०. योग, आयुर्वेद, होमीयोप्याथी, युनानी तथा अन्य प्राकृतिक र बैकल्पिक चिकित्सा प्रणालीहरूको संरक्षण सम्बर्धनमा जोड दिंदै यस प्रणालीहरूलाई अस्पतालहरूसंग क्रमश: आवद्ध गरिदै लैजाने छ।

८१. आयुर्वेद चिकित्सा पद्तितिमा प्रयोग हुने जडीबुटी, वनस्पती तथा जीवजन्तुको परम्परागत ज्ञान र सीपको अभिलेखीकरणका साथै वर्तमानमा उपलब्ध जडीबुटी औषधीका ज्ञाताहरूसंग सम्पर्क गरी निजहरूको ज्ञानको अभिलेखीकरण समेत गरिने छ।

### शिक्षा

८२. विद्यालय भर्ना कार्यक्रमलाई प्रत्येक वर्ष अभियानको रूपमा संचालन गर्न अभिवावकहरूलाई प्रेरित गर्नुको साथै विपन्न परिवारलाई आवश्यक भौतिक सहयोग उपलब्ध गराइने छ। साथै विद्यालय छाड्ने परिवारसँग अन्तरक्रिया गरी कारण पता लगाई विद्यालयमा टिकाई राख्न आवश्यक आर्थिक एवं अन्य सहयोग गरिने छ।

८३. मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान लाई अझ सशक्त ढंगले अगाडि बढाइने छ। निम्न आय भएका परिवारमा जन्मिने छोरीहरूको शिक्षाको निरन्तरतालाई कायम राख्न शिक्षा बिमा गरिने छ। स्कूल भन्दा घर टाढा रहेका कक्षा ९ र १० मा अध्यनरत छोरीहरूलाई स्कूल जानका लागि साइकल वितरण गरिने कार्यलाई यस बर्षपनि निरन्तरता दिइनेछ। र साथै सुरक्षाको अवस्थालाई समेत अध्ययन गरी आवश्यक व्यवस्था गरिने छ।

८४. प्राथमिक तहदेखि मातृभाषामा शिक्षा नीति लागू गर्न स्थानीय तहसंग सहकार्य गरिने छ। मातृ भाषामा प्राथमिक तहको शिक्षा संचालन गरेका विद्यालयहरूलाई प्रोत्साहन गरिने छ। मातृ भाषामा शिक्षा दिदा बहुसंख्यक भाषाभाषीलाई प्राथमिकता दिइने छ।

८५. मदरसा शिक्षालाई राष्ट्रिय शिक्षा नीतिको मुलप्रवाहसँग जोडिने छ। सो कार्यान्वयनको लागि प्रदेश मदरसा शिक्षा बोर्ड गठन गरिने छ।

८६. योग पद्धतिलाई शिक्षाको अभिन्न अंगको रूपमा शैक्षिक संस्थाहरूमा क्रमश लागू गर्दै विधार्थीहरूको शारीरिक एवं मानसिक विकासमा जोड दिइने नीति सरकारले लिएको छ। साथै विद्यार्थीलाई नैतिकवान बनाउन नैतिक शिक्षालाई अभियानको रूपमा संचालन गर्न प्रदेश प्रमुख नैतिक शिक्षा अभियान संचालन गरिने छ।

८७. वैदेशीक रोजगारमा जाने युवाहरूको लागि वैदेशीक रोजगार व्यवसायिक तालिम केन्द्र स्थापना गर्ने नीति लिइएको छ। तर दीर्घकालिन रूपमा युवाशक्तिलाई आफनै देश, माटो र भुमीमा रोजगार तर्फ आकर्षित गर्न युवा स्वरोजगार अभियान संचालन गरिने छ। यस अभियान अन्तर्गत युवाहरूलाई सहुलियत दरमा वित्तिय सुविधा तथा व्यवस्थापकीय एवं प्राविधिक सल्लाह उपलब्ध गराइने छ।

८८. प्रदेश स्तरमा वाल श्रम उन्मुलन तथा वाल कल्याण सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ।

८९. विशेष प्रकृतिका बालबालिकाहरूका लागि प्रदेश स्तरमा हेरचार केन्द्र सहितको आवासीय विद्यालय स्थापनाका लागि अध्ययन गरी प्रारम्भिक चरणको कार्यको सुरुवात गरिनेछ।

९०. प्रदेशलाई प्राविधिक शिक्षाको केन्द्रको रूपमा विकास गर्न आवश्यक पूर्वाधारको निर्माण गरिने छ। रोजगार उन्मुख प्राविधिक र व्यवसायिक शिक्षा अवलंवन गर्न प्रदेश प्राविधिक शिक्षा बोर्डको गठन गरिने छ। त्यसको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र छात्रवृतिसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण गरिनेछ।

९१. डोम, मुसहर, चमार, दुसाध र हलखोर जातिका बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने दरलाई अभिवृद्धि गर्न दलित शिक्षा अभियान संचालन गरिने छ।

९२. वीरगंजको भेडयाही वाडा न. १५ मा पोलीटेकनीक कलेज स्थापनाका लागि संभाव्यता अध्ययनका साथै पूर्वाधार निर्माणको कार्य समेत प्रारम्भ गर्ने नीति सरकारले लिएको छ।

९३. प्रदेशमा संचालन हुने स्कुल र कलेजमा स्तरीयता स्थापना तथा अवञ्छित कृयाकलाप नियन्त्रणको लागि आवश्यक सुरक्षा व्यवस्था कडाईका साथ लागू गरिने छ।

९४. प्रदेशस्तरको विश्वविद्यालय, उच्चशिक्षा तथा छात्रवृतिसम्बन्धी नीति, कानून तथा मापदण्ड तयार गरिनेछ।

९५. लक्षित वर्गलाई शिक्षामा दिइआएको सुविधालाई अझ प्रभावकारी बनाउँदै मधेश आन्दोलनमा शहादत प्राप्त तथा अशक्त घाइते भएका परिवारलाई शिक्षा आर्जन गर्न विशेष सुविधाको व्यवस्था गरिनेछ।

९६. भाषा, साहित्य र संस्कृतिलाई प्रवर्धन गर्न प्रदेश संस्कृति तथा भाषा प्रतिष्ठान स्थापना गरिने छ। साथै विज्ञान र प्रविधिसम्बन्धी अध्ययन र अनुसन्धानको लागि प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान गठन गरिने छ।

९७. अत्यन्त पिछडिएका र दुर्गम क्षेत्रमा साक्षरता अभिबृद्धिको लागि एकल शिक्षक विद्यालयलाई प्रवर्धन गरिने छ।

९८. राजविराजमा संचालनमा रहेका कानून अध्ययन कलेजलाई प्रदेश सरकारको आवश्यकताअनुरूप कानून अध्ययन अनुसन्धानका लागि सहयोग गर्नेछ। साथै कानून अध्ययन अध्यापनको आवश्यकतालाई मध्य नजर राख्दै जनकपुरमा कानून महाविद्यालय स्थापनाको लागि पहल गरिने छ।

९९. प्रदेश स्तरमा खेल पूर्वाधार निर्माण गर्न जनकपुरमा आधुनिक सुविधा सम्पन्न रंगशालाको निर्माण कार्य प्रारम्भ गरिनेछ। प्रादेशीक परम्परागत खेलकुदहरूको निरन्तरता दिंदै युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्नका लागि प्रदेश स्तरमा प्रत्येक वर्ष मुख्य मन्त्री खेलकुद प्रतियोगता आयोजना गरी खेलाडीहरूलाई सम्मान तथा प्रोत्साहनका कार्यक्रमहरू संचालन गरिनेछ, जसका लागि प्रादेशिक खेलकुद विकास कोषको स्थापना गरिनेछ।

१००. यस प्रदेशलाई लागूऔषध तथा दुरव्यशनमुक्त प्रदेशको रूपमा घोषणा गर्नका लागि अभियानकै रूपमा पहल गरिनेछ।

१०१. नमूना पुस्तकालय तथा अभिलेखालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ। साथै प्रदेशभित्र रहेका विभिन्न पुस्तकालयहरूको आधुनीकीकरण तथा प्रविधिमैत्री बनाइदै लगिने छ।

### महिला

१०२. घरेलु हिंसा, छेडखानी एवं बलात्कार जस्ता अपराधलाई दुरुत्साहित गर्न कडाइका साथ सुरक्षा व्यवस्था लागू गरिने छ। यसका लागि हेलो सिएम टोल फ्री नम्बर उपलब्ध गराइने छ।

१०३. बेचविखनमा परेका महिलाहरूको उद्धार एवंम् पुनर्स्थापना गर्नको लागि महिला बेचविखन तथा पुनर्स्थापना कोष स्थापना गरिनेछ।

१०४. एकल महिलाहरूलाई आवश्यक व्यवसाय संचालन गर्न एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ।

१०५. समाजमा विद्यमान दहेज प्रथा, छुवाछुत, बालविवाह, जस्ता समाजिक कुरीतिलाई उन्मूलन गर्न जनचेतनाको कार्यक्रम संचालन अभियानको रूपमा गरिने छ।

### सामाजिक सुरक्षा

१०६. आवश्कताअनुसार भौतिक निर्माणलाई अपाङ्ग मैत्री बनाउन आवश्यक पहल गरिने छ। साथै अपाङ्ग भएका व्यक्तिहरूलाई सार्वजनिक यातायातमा सिट उपलब्ध हुने व्यवस्था मिलाइने छ।

१०७. प्रत्येक स्थानीय तहमा एक ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना गरी ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्य सेवा, मनोरन्जनात्मक क्रियाकलापसहितको कार्यक्रम संचालन गरिने छ।

१०८. मधेश आन्दोलनमा शाहदत प्राप्त शहीदहरूको सम्झनामा मधेश शहीद प्रतिष्ठानको स्थापना गरिने छ। सो प्रतिष्ठानले शहीद पार्क निर्माण, शहीद परिवारको रेखदेख तथा शहीद परिवारको लागि एक परिवार एक रोजगार कार्यक्रम संचालन गर्नेछ। साथै आन्दोलनमा घाइते तथा अपांग भएकाहरूको रेखदेख तथा समाजिक सुरक्षाको प्रबन्ध गर्नेछ।

### संचार

१०९. जनतामा चेतनामुलक कार्य तथा स्तरीय समाचार प्रवाहका लागि प्रादेशीक रेडियो स्थापना गरिने छ।

११०. पत्रकारितासम्बन्धी अध्ययन अध्यापन समेतको लागि प्रादेशिक स्तरमा पत्रकारिता अध्ययन प्रतिष्ठान स्थापना गरिने छ।

१११. संचार क्षेत्रलाई सबलीकरण गर्ने उद्देश्यले प्रदेश छापाखानका स्थापना गरिने छ।

### प्रादेशिक प्रशासनिक संरचना

११२. प्रदेशको नँया प्रशासनिक संरचनालाई गतिशील एवं जवाफदेहीमुलक बनाउनको लागि प्रदेश प्रशासनिक संरचना सुधार समिति गठन गरिने छ।

११३. प्रदेश स्तरमा योग्य र दक्ष कर्मचारीको छनोटका लागि प्रदेश लोकसेवा आयोगको गठन गरिने छ। प्रदेश निजामति सेवा गठन गर्न आवश्यक ऐन नियमहरूको तर्जुमा गरिने छ।

### विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा

११४. विपदको समयमा नागरिकको जिउधनको रक्षाका लागि स्थानीय तह तथा सुरक्षा निकायसंग समन्वय गरी प्रदेश विपद् व्यवस्थापन गरिने छ र सोको लागि विपद् व्यवस्थापन कोषको स्थापना गरिने छ।

११५. प्रदेशमा शान्ति सुरक्षा व्यवस्थापन तथा अनुसन्धानको साथै जनतामा सुरक्षाको अनुभुति प्रदान गर्न यथाशीघ्र प्रदेश प्रहरी र प्रदेश अनुसन्धान व्यूरो गठन गरिने छ। प्रदेश प्रहरी गठन गर्दा महिलाको सहभागिता ५० प्रतिशतसम्म गरिने लक्ष्य लिएको छ। साथै ती निकायहरूलाई साधन श्रोत र प्रविधियुक्त बनाउने विशेष नीति अवलम्बन गरिने छ।

११६. कारागारलाई बन्दी सुधार गृहको रूपमा विकास गरिने छ। साथै आर्थिक वर्ष ०७५।०७६ मा ऐन नियमको तर्जुमा गरी प्रदेशको कुनै एक स्थानमा खुल्ला कारागारको स्थापना गरिने छ। कारागारका बन्दी कैदीहरूको लागि सीपमुलक तालिम उपलब्ध गराउने तथा अनौपचारिक शिक्षाका लागि सम्बन्धित निकायहरूसंग समन्वय गरी कार्य प्रारम्भ गरिने छ।

११७. वर्तमान कारागारहरूको अवस्थाको अध्ययन गरी क्रमश सुधार गर्दै लैजाने नीति सरकारले लिएको छ। साथै कारागारहरूको क्षमता भन्दा बढी कैदीहरू भएको, भौतिक संरचनाहरू अपर्याप्त भएको अवस्थालाई ध्यानमा राख्दै र मानवीय मूल्यलाई समेत दृष्टिगत गर्दैनयाँ कारागार बनाउने नीति लिएको छ।

### विधेयक मस्यौदा, कानूनी शासन तथा नीति तर्जुमा

११८. प्रदेशले बनाउनु पर्ने कानूनको तर्जुमा निरन्तररूपमा अगाडि बढाइने छ। प्रदेशको एकल सुचीमा रहेका २१ वटा प्रादेशीक अधिकारहरूको सम्बन्धमा यसै बर्ष कानूनको मस्यौदा तयार गर्ने रणनीति अन्तर्गत प्रदेश सरकारले गठन गरेको विधेयक मस्यौदा सहजीकरण समितिलाई अझ बढी प्रभावकारी बनाउने नीति सरकारले लिएको छ। साथै साझा अधिकार सुचीको क्षेत्राधिकार पर्ने कानूनको तर्जुमा गर्ने कार्य संघ र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी कानून मस्यौदाको कार्यलाई तीव्रताका साथ अगाडि बढाइने छ।

११९. प्रदेशमा कानूनी शासन सदृढीकरणका तथा मानव अधिकार संरक्षणका लागि मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अझ बढी प्रभावकारी बनाउन साधन श्रोत सम्पन्न गरिने नीति सरकारले लिएको छ।

१२०. प्रदेशको समग्र विकासको लागि नीति तथा योजना तर्जुमा गर्ने उद्देश्यले प्रदेश नीति आयोगको गठन भैइसकेकोले त्यसलाई संस्थागत गर्नुको साथै साधन श्रोत सम्पन्न बनाउन आवश्यक नीति नियमको तर्जुमा गरिने छ।

### माननीय सभामुख महोदय,

१२१. अन्त्यमा, पुन: संघीय लोकतान्त्रीक गणतन्त्रका लागि शहादत दिएका शहीद तथा घाइतेहको योगदानलाई स्मरण गर्दै सबै अग्रज राजनैतिक योद्धाहरूलाई सम्झिदै संविधानको कार्यान्वयनका लागि महत्वपूर्ण भूमीका निर्वाह गर्नेराजनैतिक दलका अभियन्ताहरू, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत, सामाजिक संघसंस्था तथा सम्पूर्ण प्रदेशवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

*(आव २०७५/७६ का लागि प्रदेश २ को प्रदेशसभा बैठकमा प्रदेश प्रमुख रत्नेश्वर लाल कायस्थले प्रस्तुत गरेको नीति कार्यक्रम)*

## मधेश अपडेट

### "संशोधनको ग्यारेन्टी नभएसम्म सरकारमा जान्नौं"

जनकपुरधाम। राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले राजपा पनि सरकारमा जान इच्छुक रहेको बताएका छन्। उनले सरकारमै जान पार्टी बनेको भन्दै आफ्नो पार्टीले सरकारमा जाने निर्णय भने गरी नसकेको बताए। राजनीतिक समितिको बैठक टारेर जनकपुर आएका संयोजक ठाकुरले जनकपुर विमानस्थलमा सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै भने, 'हरेक पार्टीको ध्येय सरकारमा पुग्ने हो। र, पार्टी गठन पनि त्यही उद्देश्यका साथ भएको हुन्छ।' उनले केपी ओली नेतृत्वको सरकारमा सहभागी हुन संविधान संशोधन हुनुपर्ने अडान चाहिँ परिवर्तन नभएको बताए। संघीय समाजवादी फोरम नेपाल सरकारमा सहभागी भइसकेको अवस्थामा राजपाको भूमिकाबारे सञ्चारकर्मीहरूको जिज्ञासामा प्रधानमन्त्री ओलीले केही दिनअघि एक्लै तथा सामूहिक भेटघाटमा सरकारमा सहभागी हुन आग्रह गरेको जनाए। उनले आफूले संविधान संशोधनको ग्यारेन्टी नभएसम्म सरकारमा सहभागी हुन नसकिने जवाफ फर्काएको र त्यसपछि प्रधानमन्त्रीले आफूहरूसँग सरकारमा सहभागीताबारे कुनै छलफल नगरेको बताए।

### "प्रदेश २ को सरकारमा नेकपा सहभागी हुँदैन"

विराटनगर। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश नं २ को सरकारमा नेपाल कम्युनिष्ट पार्टी जाने अहिले कुनै सम्भावना नरहेको स्पष्ट पारेका छन्। विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग उनले संघीय समाजवादी फोरम नेपाल संघीय सरकारमा समावेश भएपनि नेपाल कम्युनिष्ट पार्टी प्रदेश नं २ को सरकारको नेतृत्व वा सरकारमा नहुने प्रष्ट पारे। वर्तमान अवस्थामा बहुदलीय व्यवस्थाअन्तर्गत प्रतिष्पर्धात्मक निर्वाचनमा गएर सरकार निर्माण भएकाले तत्काल कार्यकारी राष्ट्रपति प्रणालीमा जाने सम्भावना नरहेको पनि उनले स्पष्ट पारे। आगामी निर्वाचनमा यस सम्बन्धमा जनताको अभिमत बुझेर नै निर्णय गरिने उनको भनाइ छ।

### "संविधान संशोधन भएन भने कल्याण हुँदैन"

विराटनगर। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले संविधान संशोधन नभए यो मुलुकको कल्याण नहुने चेतावनी दिएका छन्। आइतबार विराटनगर विमानस्थलमा पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै उनले संविधान संशोधन, आफ्ना नेता कार्यकर्ताहरू माथि लागेको मुद्दा फिर्ता र रेशमलाल चौधरीको शपथ ग्रहण नभएसम्म सरकारमा नजाने प्रष्ट्याएका छन्। केपी ओली नेतृत्वको सरकारलाई राजपाले समर्थन गरे पनि सरकारको तर्फबाट संविधान संशोधनका बारे कुनै किसिमको प्रष्ट धारणा नआएको भन्दै सरकारको कडा आलोचना गरेका थिए। सरकारको तर्फबाट संविधान संशोधनबारे स्पष्ट र विश्वसनीय प्रतिबद्धता आए राजपा पनि सरकारमा जाने बारे सोच्ने महतोले बताएका छन्।

### खेलाडीहरूलाई मुख्यमन्त्री राउतद्वारा बधाई

जनकपुरधाम। मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले तेस्रो अल नेपाल क्योकुशिन बुदोकाई कराँते च्याम्पियनसिप प्रतियोगितामा उत्कृष्ट गरेका खेलाडीहरूलाई बधाई एवम् स्वागत गरेका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बिहान एक कार्यक्रमका बीच मुख्यमन्त्री राउतले च्याम्पियन खेलाडीहरूलाई पुष्पमाला लगाएर बधाई ज्ञापन गरेका हुन्। शनिबार सम्पन्न भएको प्रतियोगितामा प्रदेश-२ टिम च्याम्पियन भएको छ। उनले खेलाडीहरूले उत्कृष्ट गरेर प्रदेशको प्रतिष्ठा बढाएकोमा धन्यवाद ज्ञापन गरे। खेल विकासका लागि कोष स्थापना गर्न लागेको उनले जानकारी दिए। सो अवसरमा सामाजिक विकासमन्त्री नवल किशोर साहले च्याम्पियन टोलीलाई एक लाख एक हजार नगद सहयोगको घोषणा गरे। खेल विकासमा प्रदेश सरकार गंभिर रहेको सामाजिक विकासमन्त्री साहले बताए। प्रदेश-२ ले ७ स्वर्ण पदक सहित कुल १९ पदक जित्दै टिम च्याम्पियन बन्न सफल भएको छ। प्रदेश २ की रूपा माझी प्रतियोगिताको बेष्ट फाइटर भइन्। खेलाडी उत्पादनमा लागेका प्रशिक्षक र अफिसियलहरूलाई पनि मुख्यमन्त्री राउतले धन्यवाद ज्ञापन गरेका थिए। सो अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह, आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादवको उपस्थिति थियो।

### अध्यक्षमण्डलप्रति महासचिवको गुनासो

विर्तामोड (झापा)। राष्ट्रिय जनता पार्टी नेपालको अध्यक्षमण्डलले सबै अधिकार आफैमा सीमित गरेको गुनासो राजपाका महासचिव राजीव झाले गरेका छन्। सोमबार विर्तामोडमा आयोजित अगुवा नेता कार्यकर्ता भेटघाट कार्यक्रममा महासचिव झाले अध्यक्षमण्डल भंग गरिनुपर्ने अवस्थासमेत आएको बताएका छन्। उनले पार्टीलाई एक ढिक्का बनाउन र नेता कार्यकर्ताहरूलाई सक्रिय बनाउन महाधिवेशन अत्यावश्यक रहेको बताए। यथाशीघ्र महाधिवेशन गरी अध्यक्षमण्डलीय प्रणाली हटाउनुपर्ने उनले बताए। मधेशी जनताको भावनाअनुरूप छ राजनीतिक दलहरू एक हुँदा पनि पार्टीभित्र विभिन्न गुटउपगुट देखिएकोले यसलाई अन्त्य गर्न अध्यक्षमण्डललाई सुझाव दिए। अध्यक्षमण्डलले सम्पूर्ण अधिकार आफैमा सीमित गर्दा पार्टीका अध्यक्ष नेता कार्यकर्ताहरू निराश हुँदै गएको बताउँदै नेता कार्यकर्ताहरूलाई जिम्मेवारी दिनुपर्ने धारणा राखे।

### "एकीकृत प्रयासबाट मात्र वालविवाह अन्त्य"

चन्द्रकान्त खनाल, रूपन्देही। बाल विवाह अन्त्यका लागि एकीकृत आवश्यकता रहेको एक कार्यक्रममा बोल्ने वक्ताहरूले जोड दिएका छन्। सन् २०३० सम्म नेपालमा वाल विवाह अन्त्य गर्ने लक्ष्य राखिए पनि गरिबी वालविवाहको मुख्य कारण रहेको कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्रमा उल्लेख छ। ८१.७ प्रतिशत वालविवाह गरिबीको कारण हुने उक्त कार्यपत्रमा प्रस्तुत गरिएको हो। प्रदेश नम्बर ५ को राजधानी बुटवलमा मंगलबार आयोजना गरेको वाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जारी भैसकेको सन्दर्भमा स्थानीय निकायमा प्रदेश स्तरीय कार्याशाला गोष्ठी कार्यक्रममा बालविवाह अन्त्यको लागि स्थानीय तहको महत्वपूर्ण भूमिका खेल्न सक्न बताईएको छ। प्रदेश नम्बर ५ का सामाजीक विकास मन्त्री सुर्दशन बरालले एकिकृत प्रयासबाट मात्र वालविवाहको अत्य हुने बताएका छन। वालविवाह समाजको लागि चुनौतीपूर्ण रहेको मन्त्री बरालले बताउँदै वालविवाह अन्त्यको लागि सबैको प्रयास एक हुनु पर्नेमा जोड दिए।

### कृषकहरूलाई निःशुल्क धानको बिउ वितरण

**राम नारायण पंडित, सिरहा।** सिरहाको मिर्चैया नगरपालिकाको कृषि शाखाले अगुवा कृषकहरूलाई धानको विउ वितरण गरेको छ। शाखाले ३० जना कृषकहरूलाई बासमति, सोनामन्सुली, सोना सर्बवण र एमटियु नामका धानका बिउ आज बितरण गरेको हो। प्रतिकृषक ७ किलोका दरले धानको बिउ नि: शुल्क बितरण गरिएको कृषि शाखा मिर्चैयाका प्रमुख हरिशचन्द्र पंडितले बताएका छन्। नगरपालिका बडा नं. ५ का अगुवा कृषकहरूलाई धान र तरकारी खेती सम्बन्धि तालिम समेत दिइएको प्रमुख पंडितले जनाए।

### सेवा निवृत १४ शिक्षकलाई सम्मान

मणि प्राद गैह्रे, कपिलवस्तु। बुद्धभूमि नगरपालिकाभित्र शैक्षिक सत्र २०७३ देखि हालसम्म अनिवार्य रूपमा अवकास प्राप्त शिक्षहरूलाई एक कार्यक्रमका बीच नगरपालिकाले सम्मान तथा विदाई गरेको छ। नगरपालिकाले वकडरिया स्थित आधारभुत विद्यालयमा नगरपालिका भित्रका अवकास प्राप्त शिक्षकहरूलाई दोसलला ओडाइ सम्मान तथा शिक्षा क्षेत्रमा पुर्याएको योगदानको कदर पत्रले सम्मान गरिएको थियो। सो अवसरका वोल्दै नगरपालिका नगर प्रमुख केशव कुमार श्रेष्ठले विनको लामो समय सम्म शिक्षा क्षेत्रमा लगानी गरी समाज रूपान्तरणमा शिक्षकहरूले गरेको योगदानले आज शिक्षमा आमुल परिवर्तन र शैक्षिक जनशक्ति उत्पादन भएको बताए। शिक्षकले आफ्नो कनुशासन र कर्तव्य निष्ठा रूपले काम गरेमा शिक्षा क्षेत्रमा सुधार हुने हुंदा अनुशाशित र नैतिकवान शिक्षको योगदान वाट अरू शिक्षाकले उक्त व्यवाहारहरू अनुशरण गर्नु पर्ने बताए। सो अवसरमा श्रेष्ठले संघियतामा जादा स्थानीय तहले गर्ने र केन्द्र र प्रदेशको कुरामा अलमल भएको हुंदा शिक्षा क्षेत्रमा केही काम गर्न समस्या भएको हुंदा तत्काल समस्या समाधान गर्न प्रदेश तथा केन्द्रिय सरकारलाई अनुरोध गरेको समेत उनल बताए।

### सेवा सुविधा नपाएको मर्यादापालकको गुनासो

कैलाली। कर्मचारी तथा मर्यादापालकले सेवा सुविधामा विभेद गरेको गुनासो गरेका छन्। प्रदेश सरकारका मन्त्री र प्रदेशसभा सदस्यले बैठक भत्ता लिँदै आए पनि कर्मचारी र मर्यादापालकलाई त्यसबाट वञ्चित गरेर विभेद गरिएको उनीहरूको भनाई छ। संसदमा भएका सबै कामको व्यवस्थापन गर्ने कर्मचारी र संसदलाई व्यवस्थित पार्न बैठकभर उभिएर पहरा दिने मर्यादापालकले अहिलेसम्म सेवा सुविधा नपाएका हुन्।

# मधेशप्रति दुई किसिमको अतिवादी सोच



आर.के. ढकाल

आज दुई किसिमको अतिवाद हुर्किरहेको छ । एउटा मधेश छुट्टै राज्य लिएर टुक्रियाउनुपर्छ भन्ने अतिवादी सोच र अर्को मधेशलाई स्वायत्त प्रदेश बनाउने हो भने मधेशलाई ट्क्रियाएर भारतमै लगेर गाभ्छ भन्ने अतिवादी सोच । यी दुवै अतिवादी सोचलाई परास्त गर्नुपर्छ ।

पार्टीले प्रभावकारी भूमिका खेल्न सकेन भन्ने कुरामा म सहमत छैन । पार्टी स्थापनाको छोटो समयमा नै प्रदेश २ मा हामीले प्रदेशसभामा एक सिटमा विजय भएका छौं । यो जीत पार्टीले निर्वाचनको तयारी नै नगरी प्राप्त गरेको हो । यो आफैमा उपलब्धी पनि ठानेका छौं हामीले । तर हामी यो उपलब्धी प्रति सन्तुष्ट छैनौ । हाम्रो उद्देश्य देशमा विद्यमान राजनीतिक शक्तिहरूबाट भएको गलत कामको भण्डाफोर गर्दै एउटा सशक्त वैकल्पिक धार बनाउने योजना हो । हाम्रो योजनाअनुरूप त अहिले पार्टी चल्न सकेको छैन भन्ने आम जनमानसमा भ्रम पर्न सक्छ तर हाम्रो निरन्तर संगठन निर्माणका कार्यक्रमहरू भइरहेका छन् । जिल्ला-जिल्लामा साथीहरू खटिरहेका छन् । छिट्टै हाम्रो विस्तारित बैठक बस्दैछ । त्यस समयमा भावी रणनीति, कार्यनीतिको बारेमा पनि छलफल गर्दैछौं । त्यसबाट ठोस निर्णय लिएर नीति तय गरेर अगाडि बढ्ने प्रक्रियामा छौं । यस्तै, प्रदेश २ मा विस्तारित बैठक बस्ने विषयमा आन्तारिक छलफल भइसकेको छ । मिति मात्र तय गर्न बाँकी छ । त्यसबाट मधेशप्रति र सम्पूर्ण नेपालप्रति नेपाल संघीय समाजवादी पार्टीले कस्तो भूमिका निर्वाह गर्ने भन्ने विषयमा हामी ठोस निर्णय गर्छौं र त्यसअनुसार नै संगठनको प्रक्रिया अघि बढाउँदै हामी अघि बढ्छौं ।

अहिले पनि विश्वको राजनीति कस्तो छ भने दलाल पूँजीपतिहरूको वर्चश्वमा अन्तर्राष्ट्रिय राजनीति र नेपालको राजनीति छ । नेपालको राजनीति डलरबादी र नगद संशोधनवादको कब्जामा छ । हरेक पार्टी र सत्ता, ठेकेदार गर्ने ठेकेदारीहरूको कब्जामा छ । हामी त भर्खर निर्माण गर्दै गरेको राजनीतिक पार्टी भएकाले पनि हाम्रो स्थिति कमजोर हुन्छ भन्ने थाहा थियो तर पनि हामीले बोकेको एजेण्डा र नेपालको आर्थिक समृद्धि र पुराना राजनीतिक दलहरूबाट गरिएका भ्रष्टिकरण, जनतालाई सोस्ने, लुट्ने, भ्रममा राख्ने, ठूला-ठूला सपना बाँड्ने तर यथार्थमा केही पनि नगर्ने संस्कार विकास भइरहेको छ । हामी यसलाई राजनीतिक बेइमानी भन्छौं । समकालीन राजनीतिक शक्तिहरूले छलकपट, बेइमानी राजनीति गर्दै आइरहेका छन् । त्यसको विरूद्धमा गएर साँच्नै एउटा सुनौलो नेपाल बनाउने, सक्षम, समृद्ध बनाउने, यहाँका युवाहरूलाई कम्तीमा विदेश जानबाट रोक्ने र यहीं रोजगारको अवस्था सिर्जना गर्ने हाम्रो लक्ष्य र उद्देश्य हो । कति रेमिट्यान्सले मात्र देश चल्ने ? अब अलिकति राजनीतिक मूल्य मान्यता र चरित्र स्थापित गर्दै गलत बाटोमा गइरहेको देशको राजनीतिलाई सहि बाटोमा लानुपर्छ भनेर अँध्यारोमा गइरहेको नेपाली राजनीतिलाई प्रकाश दिएर नयाँ दिशातर्फ लाग्नुपर्छ भन्दै हामी लागिरहेका छौं । यो अभियानमा हामी कमजोर भयौं भने दलालहरूको बीचमा एउटा इमान्दार जहिले पनि कमजोर बन्छ । नेपाली राजनीतिमा त यो विकास भइरहेकै छ । तर हामी यत्तिकैमा पछाडि हट्नेबाला छैनौं । नेपाली जनताको पक्षमा लडिरहनेछौं । भ्रष्टीकरणको अन्त्य जसरी पनि गर्छौं । सशक्त तेस्रो वैकल्पिक शक्ति निर्माण गर्दै नेपाली जनताले विभिन्न कालखण्डमा गरेका त्याग, तपस्या र आन्दोलनमा रगतको मूल्य जसरी चुकाएका थिए, जुन आर्थिक विकास र समृद्धिको लागि त्यो फेरी हामी लड्छौं ।

अहिलेको लडाईं भनेको भोको र भरी पेट हुने मान्छेहरूबीचको लडाईं हो । आज जसरी आवारणमा ठूला-ठूला कुरा गर्ने, सपनाको चाङ मात्रै तेर्स्याउने, गतिविधि शुन्य गर्ने, पछिल्लो समय नेकपाको गतिविधि पनि हाम्रै सामु छ । दुई तिहाईको सरकारले ल्याएको बजेट पनि देखिहाल्यौं । भारतको विरोध गर्ने केपी ओली आज पुरै भारतसँग लम्पसार परेको कुरा नेपाली जनताले प्रत्यक्ष अनुभूति गरेका छन् । नेपाली जनताको पक्षमा अहिलेका शक्तिहरू छैनन् । यसलाई सुनौलो नेपाल निर्माण गर्ने र आर्थिक समृद्धि कसरी गर्न सकिन्छ भन्ने विषयमा धेरै बहस गर्नु जरूरी छैन । नेपालमा समान वितरण र उत्पादनको समस्या छ । जबसम्म हामी उत्पादनमा आत्मनिर्भर बन्दैनौं र राज्यमा भएका राजनीतिककर्मीहरूले प्रभावकारी भूमिका निर्वाह गर्दैनन, तबसम्म देशमा आर्थिक समृद्धि आउँदैन । त्यसकारण सर्वप्रथम उत्पादनमा जोड दिनुपर्छ । त्यसको मोडल विकास गर्नु पर्छ र त्यसलाई समान वितरण गर्ने हो भने लामो समय लाग्दैन । बजार व्यवस्थापनलाई सहजीकरण गर्ने हो भने कृषकलाई पनि कृषितर्फ लाग्न प्रेरित गर्छ भने उपभोक्ता पनि ठगिने सम्भावना हुँदैन ।

ठोस नीतिलाई कार्यान्वयन गर्नका लागि सरकारको नेतृत्व गरेको हुनुपर्छ । यदि जनताले साथ दिए भने त सरकारमा जाने हो । अहिलेसम्म नेपाली जनता भ्रममा परेका छन् । निर्वाचनको समयमा आश्वासन बाँड्ने र पछि सबै मुद्दालाई विर्सजन गरेर सत्तामा जाने राजनीति भइरहेको छ । जनतामूखि राजनीति भइरहेको छैन । त्यसले गर्दा हामी पछाडि परेका हौं । अब नेपाली जनताले स्पष्ट बुझिसकेका छन् । ७० वर्ष देखि रहेको नेपाली कांग्रेस, एमाले, माओवादी, उपेन्द्र यादव, राजेन्द्र महतोको राजनीति जनताले देखिसकेका छन् । पटक-पटक ठगिएका र शोषित भएका नेपाली जनताले अब पनि तिनीहरूलाई नै मत दिएर आफ्नो गल्ती दोहोराउनुको विकल्प छैन । अब त्यो विकल्पबाट माथि उठेर नेपाललाई वैकल्पिक शक्तिमार्फत देशलाई समृद्धिको दिशामा र नेपाली जनतालाई केन्द्रमा राखेर राजनीति गर्ने शक्तिलाई मत दिएर सरकारमा पुर्‍याउनुको अर्को विकल्प छैन । अब नेपाली जनता कस्को पक्षमा छ र को मुद्दा विर्सजन र सत्ताको पक्षमा छ बुझेर साथ दिनेछने भन्ने हामीलाई विश्वास छ ।

आज दुई किसिमको अतिवाद हुर्किरहेको छ । एउटा मधेश छुट्टै राज्य लिएर टुक्रियाउनुपर्छ भन्ने अतिवादी सोच र अर्को मधेशलाई स्वायत्त प्रदेश बनाउने हो भने मधेशलाई ट्क्रियाएर भारतमै लगेर गाभ्छ भन्ने अतिवादी सोच । यी दुवै अतिवादी सोचलाई परास्त गर्नुपर्छ । मधेशमा राष्ट्रभक्त नागरिक छैन र ? छन्, ती मधेशी नागरिकलाई अधिकार दिँदा के फरक पर्छ ? अहिलेको राज्य मधेशमा वर्षौंदेखि मधेशको हाम्रो भू-भागलाई जसरी संरक्षण गरे, जो राष्ट्रको लागि लडे, तिनीहरूलाई पनि एउटा अतिवादीको रूपमा हेर्ने परिस्थिति बनिरहेको छ । मधेशमा पनि केही बिखण्डनवादी विद्रोही शक्तिहरू छन्, जसले मधेशलाई टुक्राएर देश भन्दा बाहिर छुट्टै स्वायत्त राज्य बनाएर लैजानुपर्छ भनिरहेका छन् । मधेशमा उत्पादनको ठूलो स्रोत साधन छ । आज मधेशलाई अधिकार नदिने हो भने नेपाल कसरी चल्न सक्छ ? ठूलो सम्भावना त मधेशमै छ । अहिलेसम्मका राजनीतिककर्मीहरूले न मधेशी जनतालाई अधिकार दिएका छन्, न हामी जस्ता वैकल्पिक शक्तिहरूलाई अथवा युवाहरूलाई विदेशिनबाट रोक्ने न कुनै शक्ति ल्याउन सकेका छन् । विदेशिएका नेपालीहरूलाई कम्तीमा विदेशिन रोकौं र विदेशिएकालाई पनि यहाँ ल्याएर रोजगारको अवस्था सिर्जना गरौं ।

*(नेपाल संघीय समाजवादी पार्टीका नेता ढकालसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)*

## कारबाहीका लागि अख्तियारमा उजुरी

काठमाडौं । जाजरकोट जिल्लाको पशु विकास कार्यालयका कर्मचारीले पशु विकासका विभिन्न शीर्षकका बजेटमा अपचलन गरी अकूत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोप लगाउँदै कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयमा उजुरी परेको छ । जाजरकोटको उसे गाउँपालिकाका सामाजिक अभियन्ताहरूले पशु विकास कार्यालयका निजामती कर्मचारी रामेश्वर महतो विरूद्ध उजुरी गरेका हुन् । गत वर्ष चैत १६ गते अख्तियारमा दिएको उजुरीमा भनिएको छ, 'महतोले राजनीतिक प्रभावको ध्वाँस दिने र मानिसहरूलाई मानिसको व्यवहार नगरी पशुतुल्य व्यवहार गर्दै आर्थिक भ्रष्टाचारमा निलिप्त दिनप्रति दिन गैर जिम्मेवार हुँदै आउनु भएको छ भने उहाँले उक्त कार्यालयमा बसेर अनियमित तरिकाले आर्जन गरेको सम्पत्ति आफ्नै श्रीमती सन्तोषी देवी र सासुआमा जौनी देवी पुर्वेको नाममा राखेर चोखो बन्ने दुस्साहस गरिरहनु भएको छ ।' महतो सिरहा जिल्लाको सुखीपुर नगरपालिकाका स्थायी बासिन्दा हुन् । उनलाई जनतामुखी कार्य गर्न भने पनि अटेर गरी भ्रष्टाचार गरेको आरोप उजुरीकर्ताहरूको छ । सिरहामा पनि महतोको अकूत सम्पत्ति रहेको उजुरीमा उल्लेख छ । आफ्नै स्वार्थपूर्ति गरी आर्थिक भ्रष्टाचार गर्दै गैरजिम्मेवारी बन्दै गएको गुनासो उजुरीकर्ताहरूले गरेका छन् । महतोलाई तत्काल निलम्बन गरी अनियमित तरिकाले आर्जन गरेको सम्पत्तिबारे छानबिन गरी कारबाही गर्न आयोगमा उजुरी दिइएको हो । सामाजिक अभियन्ताहरू जाजरकोट जिल्लाको उशे गाउँपालिका वडा नं २ बस्ने मदनराज आर सी, समीक्षा आर सी र मानबहादुर रोकायाले कारबाहीका लागि उजुरी दिएका छन् ।

सो उजुरीबारे के कस्ता सुनुवाई भयो भन्ने कुराको जानकारी अहिलेसम्म अख्तियारबाट प्राप्त नभएको उजुरीकर्ताहरूको भनाई छ ।






## संक्षिप्त समाचार

### अत्याधिक गर्मीका कारण विद्यालय बन्द

कपिलवस्तु । दिनप्रति दिन बढ्दै गएको गर्मीका कारण कपिलवस्तुका सामुदायिक तथा निजी विद्यालय बन्द भएका छन् । गर्मीले विद्यार्थीहरू कक्षाकोठामै बेहोस हुन थालेपछि स्थानीय तहका विद्यालय शिक्षा शाखाले एक हप्ताका लागि विद्यालय बन्द गर्न निर्देशन दिएको हो । चालीस डिग्री भन्दाबढी तापक्रम हुन थालेपछि यहाँको जनजीवन पनि प्रभावित भएको छ ।

### प्रदेश ७ का नीति कार्यक्रम पारित

धनगढी । प्रदेश ७ को प्रदेशसभा बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको छ । प्रदेश प्रमुख मोहनराज मल्लले यही जेठ २६ प्रदेशसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रम माथि जेठ २७, २८ र २९ गते छलफल भएको थियो । यसअघि नीति तथा कार्यक्रमको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री त्रिलोचन भट्टले प्रदेशको विकास र समृद्धिलाई सबैको साझा प्रयासबाट अघि बढाउने सोच सरकारको रहेको बताए । सरकारले ल्याएको नीति तथा कार्यक्रम स्पष्ट रहेको र कुनै गोलमटोल नगरिएको उल्लेख गर्दै मुख्यमन्त्रीले समयमै बजेट खर्च हुन नसकी आसरमा मात्र आएर खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्न यससम्बन्धी विधि र कानून निर्माण गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

### स्वयमसेविकाहरूलाई स्वास्थ्य तालिम

रूपन्देही । लुम्बिनी ग्रामिण विकास परिषदको आयोजना र सुद्धोधन गाउँपालिका वडा नं २ को आर्थिक सहयोगमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई तीनदिने प्रजनन स्वास्थ्य तालिम सम्पन्न भएको छ । तालिमको एक कार्यक्रमका बिच सुद्धोधन गाउँपालिका वडा नं २का अध्यक्ष बिष्णु प्रसाद बस्यालले समापन गरे । समापन कार्यक्रममा बोल्दै वडा अध्यक्ष बस्यालले घर घरमा पुग्ने महिला स्वास्थ्य स्वयम्सेविकालाई सक्षम बनाएपछि उनीहरूबाट पाउने सेवा प्रभावकारी हुने बताए । उनीहरू गाउँमा सचेतना फैलाउने पहिलो व्यक्ति भएको हुनाले तालिम दिएर सक्षम बनाउनुपर्ने भएको कारण वडाबाट तालिम दिएको बताए । वडा कार्यालयले उनीहरूलाई प्रोत्साहन तालिम दिएर सक्षम बनाउने बताए ।

### शिक्षा नियमावली कार्यान्वयन नगर्न आदेश

मणि प्रसाद गैह्रे, कपिलवस्तु । शिवराज नगरपालिका कपिलवस्तुको शिक्षा नियमावली कार्यान्वयन नगर्न उच्च अदालत तुलसीपुरले अन्तरिम आदेश दिएको छ । रानु सुनारले शिक्षा नियमावली कार्यान्वयनमा रोक लगाउन माग गर्दै पेश गरेको रिटमा सुनुवाई गर्दै उच्च अदालत तुलसीपुर वुटवल ईजलासको न्यायाधीस शन्ता सेढाई सापकोटाको ईजलासले नगरपालिका विरूद्ध अन्तरिम आदेश दिएको हो । नगरपालिकाले स्थानीय सरकार संचालन २०७४ को दफा १०२ (१) (२) वमोजीम ऐन नै निर्माण नगरी नगर शिक्षा नियमावली २०७४ जारी गरेको भन्दै अदातलले कार्यान्वयनमा रोक लगाएको हो ।

### नि:शुल्क स्वास्थ्य शिविर

रूपन्देही । कोशिश फाउण्डेशन, भैरहवाले रिभाइभ टिम नेपालको सहयोगमा नि:शुल्क स्वास्थ्य शिविर तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । कोशिश फाउण्डेशन भैरहवाका संस्थापक सुभाष गुप्ताको संयोजकत्वमा भएको सो कार्यक्रममा चिकित्सक तथा मेडिकल विद्यार्थी गरीब ३१ जना टोलीको साथमा रूपन्देहीस्थित मर्चवारको सिलहटिया नि:शुल्क स्वास्थ्य चेकजाँच तथा निशुल्क औषधि वितरण गरिएको छ ।

### बसको ठक्करबाट बालकको मृत्यु

कैलाली । कैलालीमा स्कूल बसको ठक्करबाट एक बालकको मृत्यु भएको छ । लम्की चुहा नगरपालिका-१० चुहास्थित भे.१ क ४४३ नम्बरको गुरूकुल बोर्डिङ स्कूलको बसले मंगलबार सोही स्थान बस्ने महेन्द्र भण्डारीको छोरा २ वर्षीय भुवन भण्डारीलाई ठक्कर दिंदा घटनास्थलमै मृत्यु भएको छ । बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्याक्टर दुर्घटनामा युवकको मृत्यु

राकेश यादव, रौटहत । रौतहटमा आइतबार भएको ट्याक्टर दुर्घटनामा परि एक युवकको मृत्यु भएको छ । घरायसी प्रयोजनका लागि बाँस लिन गएको स्थानीय गौर नगरपालिका वार्ड नंबर ४ टिकुलिया निवासी रमारमण सहनीको २० वर्षीय छोरा सुधीर सहनीको दुर्घटनामा मृत्यु भएको हो । बाँस लोड गरी गौरतर्फ आउँदै गरेको ट्याक्टर राजपुर नगरपालिका वार्ड नंबर १ बहुअरवा नजिक वीरेन्द्र राजमार्गमा ना ४ त ३८०५ नम्बर ट्रेक्टर अनियन्त्रित भई दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय गौरले जनाएको छ । ट्याक्टरमा चयापिएर सहनीको घटनास्थलमै मृत्यु भएको प्रहरी निरीक्षक मनोज यादवले बताएका छन् । मृतक साहनी गौरस्थित महर्षि वाल्मीकि माध्यमिक विद्यालयको आईएससी दोस्रो वर्षमा अध्ययनरत रहेको परिवारिक स्रोतले जनाएको छ । सहनीको मृत्युले गाउँ नै शोकमग्न भएको छ ।

### मृत अबस्थामा फेला

मोरङ । रतुवामाई नगरपालिका(८ गुरूङ चौक स्थित यज्ञनिधि पोखरेलको घरमा रत्नमाई (७ बोकाटोल बस्ने ३६ वर्षीय मन्जु मोडी मंगलबार मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


लोक सेवा आयोगको प्रतिबद्धता

योग्यता, स्वच्छता र निष्पक्षता ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

# क्रान्तिकारी विद्यार्थी आन्दोलन उठानमा जोड

काठमाडौं । शिक्षा क्षेत्रमा भएको निजीकरण, व्यापारीकरण, माफियाकरणका विरूद्ध र पछिल्लो पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि र महंगीका विरोधमा सडकमा उत्रिएर विरोध प्रदर्शन गर्दै आएका आठ विध्यार्थी संगठनले आइतबार एक वृहत् अन्तर्क्रिया सम्पन्न गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी), नेकपा (विप्लव) निकट अखिल क्रान्तिकारी, नयाँ शक्ति विद्यार्थी युनियन, राजपा विद्यार्थी संगठन, अनेरास्ववियू पाँचौ, संघीय समाजवादी विद्यार्थी फोरम, राष्ट्रवादी विद्यार्थी संघ, गोपाल किराती निकट अखिल क्रान्तिकारीले संयुक्त रूपमा 'विद्यार्थी आन्दोलन र अबको बाटो' विषयक एक दिवसीय अन्तर्क्रियामा वक्ताहरूले क्रान्तिकारी विद्यार्थी आन्दोलनको उठानमा जोड दिएका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले निजीकरण, व्यापारीकरण र माफियाकरण गरिएको शिक्षा नीतिलाई खारेज गरिनु पर्ने विचार राखे । एमाले र माकेका अधिकांश नेताहरूको शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी रहेकोले उनीहरूले निजीकरण, व्यापारीकरण र माफियाकरणलाई बढवा दिइरहेको चर्चा गर्दै अध्यक्ष गजुरेलले बलपूर्वक यस्तो नीतिको खारेज गराउने दिशामा विद्यार्थी आन्दोलनको विकास गरिनुपर्ने धारणा राखे । उनले भने, "शिक्षामा भएको निजीकरण, व्यापारीकरण, माफियाकरण-मूर्दावाद, यो शिक्षा नीतिलाई खारेज गर्नुपर्छ ।"

ओली सरकारले भनेको समाजवाद पुँजीवादसम्म पनि नभएर विकृत पुँजीवाद भएको सरकारको सयदिन, नीति तथा कार्यक्रम र बजेटसम्म आइपुग्दा प्रष्ट भएको दावी गर्दै उनले भने, "अमेरिका, बेलायत जस्तो देशमा पनि शिक्षा र स्वास्थ्यमा निजीकरण हुँदैन र छैन, यहाँ शिक्षा र स्वास्थ्य जस्तो क्षेत्रमा समेत निजीकरण, व्यापारीकरण र माफियाकरणलाई बढवा दिनु भनेको विकृत पुँजीवाद हो । विकृत पुँजीवादबाट देशमा विकास समृद्धि कहिल्यै ल्याउन सकिन्न । यो सरकार मुलुकमा समृद्धी ल्याउने होइन, सिक्किमीकरण गर्ने दिशातिर गइरहेको छ । तसर्थ, व्यवस्था परिवर्तनकै लागि विद्यार्थीहरूले आन्दोलन गर्नुपर्छ ।" उनले भने, "नेपालमा आन्दोलन क्रान्ति चाँडै हुन्छ, क्रान्तिमा अग्रणी भूमिका खेल्ने र क्रान्तिको दन्काउने भनेको विध्यार्थी शक्ति नै हो । त्यसैदिशातिर अबको विध्यार्थी आन्दोलन अगाडि बढ्नु पर्छ र आफ्नो गौरवशाली र क्रान्तिकारी इतिहासको कडीलाई जोडेर लैजानु पर्दछ ।"



*आठ विद्यार्थी संगठनद्वारा आयोजित बृहत् अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।*

आइतबार आयोजित उक्त अन्तर्क्रियामा आफ्ना धारणा प्रस्तुत गर्दै पूर्व प्रधानमन्त्री समेत रहेका नयाँ शक्ति पार्टीका संयोजक डा. बाबुराम भट्टराईले क्रान्ति र परिवर्तन निरन्तर चल्ने प्रक्रिया रहेको भन्दै मुलुकमा फेरि पनि क्रान्तिको खाँचो रहेको विचार व्यक्त गरे । उनले भने, "क्रान्ति सकियो, युवा विध्यार्थीले राजनीतिमा चासो राख्नु हुँदैन, आन्दोलन गर्नु हुँदैन चुपचापसँग किताब पढेर बस्नुपर्छ भन्ने डरलाग्दो भाष्यको आविस्कार गरिदैछ । आन्दोलन, क्रान्ति, संघर्ष कहिल्यै पनि सिद्धिदैन । यसमा विध्यार्थीहरूले गर्व गर्नुपर्छ ।" उनले अगाडि भने, "शिक्षा र स्वास्थ्यलाई संविधानमा मौलिक हकको रूपमा व्याख्या गर्दै यसमा राज्यले दायित्व लिनुपर्छ भनिए पनि अहिलेसम्म यसको कार्यान्वयन भएको छैन । यसका लागि पनि सडक संघर्ष गर्नुपर्ने भएको छ । नेपालमा अब छिट्टै नयाँ आन्दोलन र क्रान्तिको चक्र आउँछ । त्यसबेला विद्यार्थीहरूले अग्रगामी भूमिका निर्वाह गर्नु पर्छ ।"

नेकपा (विप्लव)का स्थायी समिति सदस्य सन्तोष बुढाले वर्तमान शिक्षा नीति जनविरोधी भएको भन्दै ध्वस्त बनाउनुपर्ने धारणा राखे । दलाल संसदीय व्यवस्थाले बनाएको शैक्षिक नियम, कानून दलाल र माफियालाई मात्र फाइदा हुने किसिमको भएको भन्दै आन्दोलनबाट आगो लगाएर नष्ट गराउन विद्यार्थी आन्दोलन अगाडि बढाउनु पर्ने विचार राखे ।

अहिलेको शिक्षा नीति नेपाली समाजलाई दलालीकरण र माफियाकरणतर्फ लैजाने भएकै कारण यसलाई खारेज गरेर नयाँ वैज्ञानिक शैक्षिक नीति निर्माण गर्न आन्दोलन केन्द्रित गर्न अपिल गरे ।

त्यस्तै नेकपा (माओवादी केन्द्र)का संयोजक गोपाल किराँती राईले प्रधानमन्त्री ओली र नेता प्रचण्ड देशका ठूला महंगी र भ्रष्टचारी भएको चर्चा गर्दै उनीहरूले भनेको समाजवाद नक्कली भएको बताए । र, विद्यार्थी आन्दोलन आमूल परिवर्तनको आन्दोलनसँग जोडिनुपर्ने धारणा राखे ।

राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका सदस्य राजकिशोर यादवले नेपालको शिक्षा नीति नेपालको माटो सुहाउँदो नभएको चर्चा गर्दै नेपाल र नेपाली जनताको हितनुकूलको शिक्षा नीति ल्याउन विद्यार्थी आन्दोलनलाई अगाडि बढाउनु पर्ने विचार राखे ।

नेकपा (माले)का कुमार वेलवासेले सरकारले शिक्षालाई व्यापारीकरण गरेर सामान्य नागरिकलाई महंगी शिक्षाको मारमा पारेको बताए । राष्ट्रवादी केन्द्र नेपालका संयोजक चन्द्रबहादुर थापा 'सागर'ले दलाल सरकारले शिक्षा र स्वास्थ्यलाई व्यापारीको पोल्टा पुऱ्याएको भन्दै गलत शिक्षा नीति भत्काउन नौजवान युवा विद्यार्थी संघर्षमा हाम फाल्नुको विकल्प नरहेको विचार राखे । संघीय समाजवादी फोरमका युवा नेता भीम राईले विद्यार्थी आन्दोलन अहिले शिथिल अवस्थामा रहेको चर्चा गर्दै विध्यार्थी आन्दोलनलाई जुझारू रूपमा अगाडि बढाउनु पर्ने विचार राखे ।

कार्यक्रममा विध्यार्थी संगठनका नेताहरूले शिक्षा क्षेत्रमा बढ्दो निजीकरण, व्यापारीकरण र माफियाकरणको विरोध गर्दै विद्यार्थी आन्दोलनलाई नयाँ ढंगले पुनर्गठन गर्दै क्रान्तिकारी विध्यार्थी आन्दोलनको उठान गर्ने दिशामा लैजानुपर्ने आवश्यकतामाथि जोड दिएका थिए ।

राष्ट्रिय जनता पार्टी नेपालको विद्याथी संगठनका अध्यक्ष मनिष मिश्रले नेपालको हरेक राजनीतिक परिवर्तनमा विद्यार्थी आन्दोलनको महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।

आठ विद्यार्थी संगठनको संयुक्त आयोजनामा भएको एक वृहत अन्तरक्रिया कार्यक्रमको अध्यक्षता गर्दै उनले इतिहासमा विद्यार्थी आन्दोलनको कारणले गर्दा विभिन्न राजनीतिक परिवर्तन भएको स्पष्ट पारे ।

उनले मुलुकको सम्वृद्धिको लागि शसक्त विपक्ष नभए सम्भव नभएको बताएका छन् । अध्यक्ष मिश्रले लोकतन्त्रमा देशको विकासका लागि सधै सत्ता पक्षलाई दबाब दिनको लागि शसक्त विपक्षी रहनु एकदमै आवश्यक रहेको बताए ।

विद्यार्थी नेताहरूले शिक्षा क्षेत्रमा निजीकरणको अन्त्य राजनीतिक परिवर्तनको आन्दोलनसँग सम्बन्धित रहेकोले विद्यार्थी आन्दोलनलाई आमूल परिवर्तनको आन्दोलनसँग जोडेर लैजाने उद्घोष गरेका थिए ।

## स्यालो ट्युबेल जडानका लागि भारतद्वारा सहयोग



काठमाडौं । नेपालका १२ जिल्लामा २७ सय स्यालो ट्युबेल जडानका लागि भारत सरकारले ९ करोड ९२ लाख रूपैयाँ सहयोग गरेको छ । नेपाल-भारत मैत्री सिञ्चाई परियोजनामार्फत सप्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, कैलाली र कञ्चनपुर जिल्लामा स्यालो ट्युबेल जडानका लागि भारतले सहयोग गरेको हो । सहयोग रकमको चेक नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले उर्जा, जलस्रोत तथा सिञ्चाई सचिव सञ्जय शर्मालाई सोमबार हस्तान्तरण गरेका छन् ।

यस परियोजनाका लागि भारतले नेपाललाई २२ करोड ७६ लाख रूपैयाँ निकासा गरेको भारतीय दूतावासले जारी गरेको भारतीय राजदूतावासले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

स्यालो ट्युबेलले तराईका १२ जिल्लाका ८ हजार १ सय १५ हेक्टर जमिनमा बाह्रै महिना सिञ्चाइ सुविधा पुऱ्याउन छ । यसले किसानलाई गहुँ, धान र मौसमी तरकारी र फलफूल उत्पादन वृद्धि हुने भारतीय दूतावासको अपेक्षा छ ।

नेपालमा कृषि उत्पादकत्व बढाउन भारतले डीप ट्युबवेल र स्यालो ट्युबेलमार्फत २००४ देखि सहयोग सुरू गरेको हो । भारतको सहयोगमा धनुषा र महोत्तरीमा एक हजार स्यालो ट्युबेल निर्माण भइसकेको छ । जसको मूल्य ८ करोड ८७ लाख रूपैयाँ रहेको छ । यसबाट ३ हजार घरधुरीको करिब ३ हजार हेक्टर जमिन सिञ्चाइ भएको छ । त्यस्तै झापा, सुनसरी, सप्तरी र सिरहा जिल्लामा सन् २००८ मा डीप ट्युबेल सहयोग गरिएको हो । ८ करोड ८४ लाख रूपैयाँ सहयोगमा निर्माण भएको डीप ट्युबवेलबाट करिब ११ सय किसान परिवार लाभान्वित भएका छन् ।

## नेपालगन्ज-कोहलपुर रेल सेवाको रेखांकन



नेपालगन्ज । नेपालगन्ज हुँदै कोहलपुरसम्म रेल सेवा सञ्चालन गर्ने योजनाअन्तर्गत धमाधम काम अघि बढिरहेको छ । भारतीय प्राविधिकको टोलीले हालै सीमा बजार रूपैडिहाको नेपालगन्ज रोडबाट कोहलपुरसम्म 'लिक' रेखांकन सकेको छ । अब लागत रकम, आवश्यक भौतिक संरचना र रेल सेवाले छुने बस्तीको पहिचानलगायत काम थालिँदै छ । नेपाल रेल विभागका सब-इन्जिनियर रमेश यादवले प्राविधिक टोलीले भारतको केन्द्रीय सरकारलाई प्रतिवेदन बुझाएपछि थप काम अघि बढ्ने बताए । टोलीले रूपैडिहास्थित रेलवे स्टेसन र कोहलपुरसम्मको साढे १८ किमि दूरीमा रेखांकन सकेको हो । जसअनुसार पिप्रहवा, पुरैना, पुरैनी, राँझा, हबल्दारपुर र रझेनालगायत गाउँ छिचोलेर 'लिक' राखिनेछ । रेल सञ्चालनका लागि भारतको गोरखपुर र गोन्डाबाट प्राविधिक टोली आएको छ । टोलीले नेपालगन्जको पूर्वी क्षेत्र पिप्रहवा हुँदै सीधै राँझासम्म लिकको रेखांकन गरेको छ । नेपाल सरकारको सचिवस्तरीय निर्णयले रेल सेवा विस्तारका लागि 'फाइनल लोकेसन सर्वे टोली' गठन गरेपछि काम अगाडि बढेको थियो । २०७४ साउन ५ गतेको सचिवस्तरीय निर्णयले टोली गठन गरेको थियो । भारतीय पक्षले कोहलपुरसम्म रेल्वे सेवा विस्तार गर्नुको कारण नेपालले सञ्चालन गर्ने मेची-महाकाली रेलवेसँग जोड्नु रहेको जनाएको छ । तर उक्त परियोजनाको नाम भने नेपालबाट नेपालमै रेलवे सेवा सञ्चालन राखिएको छ ।

## दीक्षान्त समारोहमा मन्त्री पोखरेल

काठमाडौं । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल नयाँ दिल्लीस्थित दक्षिण एसियाली विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा सहभागी भएका थिए । सो अवसरमा उनले विश्वविद्यालयबाट विद्यावारिधि, एमफिल तथा स्नातकोत्तर तह सफलतापूर्वक सम्पन्न गर्ने नेपाल, भारतलगायत अन्य सार्क मुलुकका विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गरेका थिए । सन् २०१० देखि सञ्चालनमा आएको उक्त विश्वविद्यालयको हाल नेपाल अध्यक्षसमेत रहेको छ ।

## मुस्लिम गठबन्धनको चेतावनी

काठमाडौं । मुस्लिम धर्मावलम्बीहरूको पर्वमा सरकारी विदा कटौती गरेको भन्दै ईदकै दिनदेखि देशभर सरकारविरूद्ध सडकमा उत्रने चेतावनी राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनले चेतावनी दिएको छ । गठबन्धनका संयोजक समीम मियाँ अन्सारी र महासचिव मोहम्मद जाकिर हुसैनले गृहमन्त्री रामबहादुर थापालाई ज्ञापनपत्र दिँदै यस्तो चेतावनी दिएका छन् । वर्तमान सरकारले इदुल फित्र अज्हाको विदालाई राष्ट्रिय सार्वजनिक विदाबाट सामुदायिक विदामा खुम्च्याउनु, मुहम्मद जयन्तीको विदा पूर्णरूपमा कटौती गर्नु र केही खास धर्म तथा समुदायका विदाहरूलाई राष्ट्रिय विदाको रूपमा स्थापित गर्नुले धर्म निरपेक्ष राज्यको खिल्ली उडेको आरोप गठबन्धनले लगाएको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
डिभिजन सडक कार्यालय, ललितपुर
सार्वजनिक सूचना

सार्वजनिक सडक ऐन, २०३१ को दफा (१९) मा "स्वीकृत नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने" भनि उल्लेख भएको छ तापनि विभिन्न कार्यको लागि सडक खनेर छाडी दिने, आफूखुसी व्यक्तिगत वा सामूहिक प्रयोजनको लागि एक्सेस रोड खन्ने, सडक छेउ वा फुटपाथमा निर्माण सामग्री थुपार्ने, खुद्रा पसल राख्नेले पैदलयात्री एवं सवारी आवागमनमा बाधा पुऱ्याउने, सडक सुरक्षामा असर पर्न गै दुर्घटना हुने, सडक छेउमा बालुवा प्रशोधन लगायत विभिन्न किसिमका खानीबाट निस्कने मालवाहक गाडीको कारणले सडकमा धुलो उडी वातावरण प्रदूषित भैरहेको, सडकमा चल्ने सवारी यातायात बाहेकका अन्य गतिविधिबाट क्षति भएका सडक मर्मत गर्न ठूलो धनराशी खर्च भई देशलाई बढी आर्थिक भार पर्न जाने सर्वविदित्तै छ । सडक/फुटपाथ छेउमा थुपारिएका निर्माण सामग्रीहरू सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र हटाई सडक संरक्षण एवं सुरक्षामा सहयोग पुऱ्याउनु हुन अनुरोध छ । आइन्दा एक्सेस रोड लगायतका कार्यहरू गर्नु पर्दा सडक विभाग वा अन्तर्गतका निकायहरूबाट अनुमति लिएर मात्र गर्नु/गराउनु होला । ऐनको अवज्ञा गरी त्यस्ता किसिमका गतिविधि गरेको पाइएमा सार्वजनिक सडक ऐन, २०३१ को दफा (२१) बमोजिम त्यस्ता सामग्री जफत गरी हटान लागेको खर्च सम्बन्धितबाट असुल उपर लगायत अन्य कारबाही गर्न सडक विभाग बाध्य हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

आयोजना प्रमुख

## जिल्ला समाचार

### बाल विकासका शिक्षकहरूको प्रदेश भेला सम्पन्न

बुटवल । नेपाल बाल विकास समितिले प्रदेश नं. ५ स्तरीय प्रथम प्रदेश भेला बुटवलको कान्ती माविमा सम्पन्न गरेको छ । भेलामा बोल्दै प्रदेश सरकारका सामाजिक विकासमन्त्री सुदर्शन बरालले शिक्षक पेशालाई पेशागत सँगै आर्थिक रूपमा सम्मानजनक बनाउन नसकिएको स्वीकार गरे । बालबालिकाको भविष्य बनाउनका लागि आफ्नो भविष्य दाउमा राखेर काम गर्दै आएका बालविकासका शिक्षकशिक्षिकाहरूको तलब सामान्य ज्याला मजदुरी गर्नेहरूको जति पनि नभएकोप्रति शिक्षा मन्त्रालय गम्भीर रहेको भन्दै प्रदेश सरकारबाट बालविकासका समितिको मागहरूलाई समन्वय गर्नको लागि भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा अखिल नेपाल शिक्षक संगठनका केन्द्रिय उपाध्यक्ष गुणाखर भट्राई, अखिल नेपाल शिक्षक संगठनका उपाध्यक्ष लक्षीराम ढकाल, नेपाल शिक्षक संघका महासचिव कृष्ण पंगेनी, एकिकृत अखिल नेपाल शिक्षक संगठनका महासचिव प्रमेबहादुर बस्नेत, अखिल नेपाल शिक्षक संगठन महासचिव रामजी आचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए । शिक्षक तारा क्षेत्रीको स्वागतसँगै सुरू भएको कार्यक्रमको अध्यक्षता रूपन्देहीको जिल्ला अध्यक्ष खिमा थापा र सुनवलकी सचिव भूमि पुनले संचालन गरेकी थिईन ।

### मातृभाषा प्रशिक्षण कार्यक्रम सम्पन्न

नेपालगञ्ज । तमु ह्युल छोंजधी (गुरूङ राष्ट्रिय परिषद) जिल्ला कार्य समिति, बाँकेको आयोजना तथा नेपालगन्ज उपमहानगरपालिका कार्यालयको सहयोगमा तमू(गुरूङ्ग) मातृभाषा प्रशिक्षण कार्यक्रम नेपालगंज बौद्ध धर्म संघ गुम्बामा सम्पन्न भएको छ । सो तमू(गुरूङ्ग) मातृभाषा प्रशिक्षण कार्यक्रम समापन कार्यक्रममा तमु ह्युल छोंज धी बाके अध्यक्ष युग बहादुर गुरूङ्गको सभापतित्व भएको थियो भने प्रमुख अतिथिमा आदिवासि जनजाति महासंघ, बाँकेका अध्यक्ष डम्बर बहादुर थापा रहेका थिए । सो तमू(गुरूङ्ग) मातृभाषा प्रशिक्षणको प्रशिक्षण दिपक गुरूङ्गले गरेका थिए । यस कार्यक्रमको बजेट तमु ह्युल छोंजधी (गुरूङ राष्ट्रिय परिषद) जिल्ला कार्य समितिका सचिव शोभा गुरूङ्गले पारदर्शिताको लागि सार्वजनिकीकरण समेत गरेका थिए । कार्यक्रममा तमुस्यो ह्युल छोंज धी बाँकेका अध्यक्ष सीता गुरूङ, तमु ह्युल छोंजधी (गुरूङ राष्ट्रिय परिषद) जिल्ला कार्य समितिकासंगठन सचिव गजेन्द्र गुरूङ, जिल्ला वाल क्लव संजाल बाके अध्यक्ष श्वेता गुरूङ, बौद्ध धर्म संघ गुम्बाका कोषाध्यक्ष रण प्रसाद राना, वडा नं.२ का वडा सदस्य ध्रुव दाहालनेपाल तमु विद्यार्थी छोज धी, बाँकेका अध्यक्ष सुदन गुरूङ्ग लगायतले आ-आफनो विचार राखेका थिए ।

### हिन्दू परिषदको विस्तारिक बैठक सम्पन्न

वीरगंज । हिन्दू परिषद नेपाल प्रदेश २ को विस्तारिक बैठक गहवामाई अतिथि सदन वीरगंजमा सम्पन्न भएको छ । गहवामाई मन्दिरमा पूजापाठ गरी शुरू भएको बैठकले ५ बुंदे निर्णय गर्दै सम्पन्न भएको महासचिव प्रमोद सिंहले बताए । प्रदेश २ का अध्यक्ष सचितनन्द दुबेको सभापतित्वमा सम्पन्न बैठकमा केन्द्रीय अध्यक्ष संतोष पटेल, प्रवक्ता श्रीराम उपाध्याय, सहकोषाध्यक्ष संजय सरार्फले शुभकामनासहित सक्रियताका साथ कार्य गर्न निर्देशन दिएका थिए । बैठकले प्रदेशको उपाध्यक्षमा नन्दू यादव, सचिव संदीप साह कानू, सहकोषाध्यक्ष सुरेश साह तेली, प्रवक्ता उमेश साह कानू, सल्लहकारहरूमा अनिल सरार्फ, राजेस्वर साहलाई मनोनीत गरेको छ । साथै असार १६ गते विश्व प्रसिद्ध गढिमाई मन्दिरमा बृहत सरसफाई गर्ने, प्रदेश २ को सम्पूर्ण जिल्लामा तीव्र गतिमा संगठन बिस्तार गर्ने, मठमन्दिर सरसफाई विशेष कार्यक्रम गर्ने तथा समन्वय सहकार्य गरी अगाडि बढ्ने बैठकले निर्णय गरेको अध्यक्ष सचितनन्द दुबेले बताए । बैठकमा हिन्दू परिषद नेपाल प्रदेश २ को वरिष्ठ उपाध्यक्ष भरत सरार्फ, सचिव मुना सोनी, कोषाध्यक्ष अंशु कुमार, कार्य समिति सदस्य सरिता उपाध्याय, आनन्द गुप्ता, श्यामबाबू गुप्ता, उधो श्रीवास्तव, उपेन्द्र साह, शिवशकर सर्राफ, बिरचि यादव, दिनेश कुमार, नरेश प्रजापति, बिजय चौरसिया, लक्ष्मी नारायण साह रहेका थिए ।

### भारतबाट विराटनगरमा रेल आउने

विराटनगर । आगामी चार महिना भित्र भारतको बथनाहाबाट विराटनगरसम्म रेल आउने भएको छ । भारतको रेलवे विभागका इन्जिनियरिङ्ग र निर्माण कम्पनीको टोलीले रेलमार्ग निर्माणको अनुगमन गरेको छ । टोलीले निर्माण कम्पनीलाई रेलमार्ग निर्माणमा तीब्रता दिन निर्देशन दिएको छ । भारत सरकारले मोरङको कटहरीसम्म ब्रोडगेज रेलमार्ग निर्माण गरिदिने नेपाल सरकारसँग भएको सम्झौता अनुसार निर्माण कार्य गरिरहेको छ । भारत सरकारले ४ अर्ब ४८ करोडको लागतमा बथनाहादेखि कटहरीसम्म रेलमार्ग निर्माण गरिर हेको छ । नेपाल सरकारले जग्गा उपलब्ध गराउने र भारत सरकारले भौतिक पूर्वाधार लगायतको काम गरिदिने द्विपक्षीय सम्झौता भएको छ । निर्माण कम्पनीका नायब महाप्रबन्धक जेसी मण्डलले अक्टुबर सम्ममा भारतको बथनाहा देखि विराटनगर १६ लबाघाटसम्म ८ किलोमिटर रेललिक राखिसकेर बुधनगर भन्सार यार्डसम्म रेल ल्याउने लक्ष्यका साथ काममा तीब्रता दिएको बताए ।

### "डेयर टु ड्राइभ योर करियर" कार्यक्रम

वीरगंज । वीरगंज पब्लिक कलेजले आयोजना गरेको ू डेयर टु ड्राईभ योर करियर ू नामक कार्यक्रममा एस.ई.ई परिक्षा दिएर बसेका ५ सयभन्दा बढी छात्रछात्राहरूले यस कार्यक्रममा भाग लिएका थिए । वीरगंजको नगर सभागृहमा वीरगंज पब्लिक कलेजले आयोजना गरेको कार्यक्रममा प्रगति एजुकेशन फाउण्डेसन, नेशनल ईन्फोटेक र ईङ्गलीश डट कमले संयुक्त रूपमा ू डेयर टु ड्राईभ योर करियर ू कार्यक्रममा भाग लिएका थिए । ू डेयर टु ड्राईभ योर करीयर ू कार्यक्रम मा प्रिन्सीपल हरिरत्न तुलाधर, शिष्टि अतिथीहरू मा सिटिजन बैंक का म्यानेजर दिवस सिंह ठकुरी, विश्वकरण जैन, सञ्चारकर्मीहरू मा नेपाल टेलिभिजन का नेहाल खान, एभीन्युज का राजु श्रेष्ठ, विरगंज सन्देश का मन्सुर खान, रमाशंकर सिंह, काष्ठमण्डपका दिपक चौरसीया, बिन्दास एफ.एम का आर.सी.यादव, तराई साप्ताहिकका प्रतिनिधि लगायत विभिन्न संघ संस्थाका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

### सम्मान तथा पौष्टिक आहार वितरण

कपिलवस्तु । बुद्धभूमि नगरपालिकाले ३ सय बढि नागरिकलाई सम्मान तथा पौष्टिक आहार वितरण गरेको छ । नगरपालिकाले ईमिलियामा जेष्ठ नागरिकहरूलाई सम्मान तथा पौष्टिक आहार बाडेको हो । नगरपालिकाको सहयोगमा राष्ट्रिय ज्येष्ठ नागरिक समाजले नगरपालिकाभित्र रहेको ज्येष्ठ नागरिकलाई सो समान बाडेको हो । बृद्धबृद्धाहरूलाई दोसल्लाले सम्मान गरी पोसिलो खाने कुरा उपलब्ध गराइएको थियो । चेवनप्रास, ग्लुकोज तथाओढनकालागि छाता खानाको लागी सिसाको गिलास समेत दिईएको थियो । बृद्धिबृद्धाहरूलाई सम्मान सहीत सामाग्रीबितरण गर्दै मेयर केशवश्रेष्ठले अनुभवको भण्डारकारूपमा रहेको ज्येष्ठ नागरिकलाई सम्मानगर्न पाउनु खुशीको कुरा रहेको बताए । उनले ज्येष्ठनागरिकको सम्मान, हेरचार उपचारमा परिवारले बिशेष ध्यानदिनु पने बताए ।

### बाँकेमा स्वयंसेविका परिचालन गरिने

बाँके । बाँकेका आठवटा स्थानीय तहमा रहेका महिला स्वास्थ्य स्वयंसेविकालाई महिलामा हुने क्यान्सर रोग रोकथामका लागि परिचालन गरिने भएको छ । खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले जिल्लाका ८१ वटा वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकालाई महिलामा हुने पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको विषयमा अभिमुखिकरण गर्दै गाउँघरमा क्यान्सर रोग रोकथामका लागि परिचालन गर्न लागिएको जनाइएको छ ।

### गाउँपालिकामा खुल्लमखुल्ला भ्रष्टाचार

बारा । बारा जिल्लाको दक्षिणी भेगमा रहेको सुवर्ण गाउँपालिकामा कर्मचारीहरूको मिलेमतोमा व्यापक भ्रष्टाचार भइरहेको आरोप लागेको छ । सो गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत र सामाजिक विकाश शाखाका कर्मचारीको मिलेमतोमा करिब ४१ लाख रूपैयाँ कमिशनको भरमा बाँडिएको आरोप लागेको हो । गाउँपालिकाले आह्वान गरेको लक्षित वर्गतर्फको करिब ४१ लाख रूपैयाँको बजेट मापदण्ड नपुगेको गैरसरकारी संस्थाहरूलाई वितरण गरिएपछि सो रहस्य खुलेको हो । सामाजिक विकास शाखाका कर्मचारी संजिव यादवले एनजिओहरूसँग २० देखि ५० प्रतिशत कमिशन लिएर संस्था छनौट गरेको एक जना एनजिओवालाले आरोप लगाए । यस कार्यमा निमित्त प्रशासकीय अधिकृत सुन्दर निरौलाको समेत अप्रत्यक्ष संलग्नता रहेको उनले आरोप लगाए । गाउँपालिकाको सूचनामा कम्तिमा पनि ३ वर्ष काम गरेको संस्थालाई नै कार्यक्रम दिने भनिएता पनि ६ महिना पहिला दर्ता भएको संस्थालाई कार्यक्रम दिइएको उनको आरेप छ । कमिशनको खेललाई लुकाउन, संस्था छनौट भएको जानकारी समेत कसैलाई नदिइएको उनले बताए । यता संस्था छनौट गर्दा समितिले गर्ने भएको भन्दै यसमा आफ्नो कुनै संलग्नता नरहेको अधिकृत निरौलाले बताए । यादवसँग भने सम्पर्क हुन सकेन ।


नेपालको सामाजिक सन्दर्भ र अर्थराजनीतिमा शताब्दी देखिका अनुत्तरित प्रश्नलाई विगतमा माओवादीले यसरी उठाई दिए कि ती प्रश्न अझै ज्यूँदा छन् । थारूको भूमिका के हुने ? विकासको ढाँचा कतातिर उन्मुख हुने ? राज्यसत्ताका पहुँच बाहिरका थारू आकांक्षाको सम्वोधन कसरी गर्ने ? **चन्द्रकिशोर**


राजदुत नियुक्तिको मापदण्ड बन्न लागेको सुनेर खुशी लग्यो, यदि राष्ट्र र संस्थागत इन्ट्रेष्ट हेर्ने हो भने कर्मचारीको हकमा सहसचिब वा सो सरहको पदमा कम्तिमा पाँचबर्ष सेवा गरेकोलाई मात्र राजदुत बनाउनु पर्छ, यो मापदण्डमा राख्दा उत्तम । **कृष्णहरि पुष्कर**


नेपाललाइ चीन र भारत 'बीच'को पुल भनेको मलाइ मन पर्दैन । नेपाल 'उदीयमान' शक्तिराष्ट्रको बीचमा छ, त्यसैले सामरिक हिसाबले महत्वपूर्ण छ भनेको पनि मन पर्दैन । कसैको महत्व आफु आफै हुनुमा पो हुनुपर्छ । अरू महत्वपूर्ण छन् तसर्थ हामी महत्वपूर्ण छौं भन्ने यो 'बीच'वाला चिन्तन हिनतावोधक नै हो । **विष्णु सापकोटा**


मधेशबाट कुनै मधेशीले सामाजिक पहल गर्दा उनलाई मधेश भित्रैबाट धेरै चुनौतीको सामना गर्नुपर्छ । खुट्टा तान्ने काम मात्र होइन, नंगा समेत गर्ने गरिन्छ । तुलनात्मक हिसाबमा पहाड भन्दा निकै कम संख्यामा मधेशी अभियानी हुनुको यो प्रमुख कारण रहेको छ । **सरोज राय**


पार्टीलाइ सिस्टममा ल्याउनको एउटा मात्र विकल्प हो महाधिवेशन । अहिले जसलाई जे मन लाग्यो बोल्यो बिना कुनै आधार खालि समाचारको पानामा नाम लेखाउनेहरू पार्टीलाई उर्जा दिनको लागि पनि महाधिवेशन जरूरी छ, युवा विद्यार्थी महिला सबैलाइ सिस्टममा ल्याउन महाधिवेशन एकदम जरूरी रहेको छ । **कृष्णा सिंह**


यसपाली अधिकार उधारों हैन नगदमा, संविधान संसोधन हैंन पुनर्लेखन भन्दा भन्दै करिब ५० को ज्यान गयो । यही केपी ओलीको टोलीलाई सप्तरीमा रोक्न खोज्दा ५ जना मरे ! अहिले ओलीनै प्यारो , मधेशी भेडा त हुन् ? **भुषण यादव**


काठमाडौंको सत्ताले धोका दिएको जप जप्न थाल्छन् । आन्दोलनको कुरा हुन थाल्छ । अनेक प्रकारको विभेद र संघर्षको चर्चा सुरू हुन्छ । समाजलाई रिचार्ज गरिन्छ । निर्वाचन हुन्छ र आन्दोलनको बलमा फेरि केही सीटमा जित हाँसिल हुन्छ । र, पुन सत्ताको वरिपरि मधेशी राजनीति घुम्न थाल्छ । **सुरेश यादव**


गृहमन्त्री अपहरण, बलात्कार र हत्याको कुरा गर्दैनन तर ठेकेदार र बिद्युत कटौतीको कुरा गर्छन्। भौतिक पूर्वाधार र यातायात मन्त्री ठेकेदारको लापर्वाहीको कुरा नगरी रोड परमिटको मात्र चर्चा गर्छन्। असल बिधी बिना समृद्धि संभव छैन सरकार । **मनिष झा**

# 'भारतको स्वतन्त्रतादेखि नेपालको प्रजातन्त्रसम्मको अंग्रेजी अनुवाद'



काठमाडौं । नेपाली भाषामा बनेको पहिलो चलचित्र सत्य हरिशचन्द्रका निर्देशक स्वर्गीय डिबी परिहारको मनोग्राफी सार्वजनिक भएको छ । डिबी परिहार (परियार) को संस्मरणमा आधारित पुस्तक 'फ्रम इन्डियाज फ्रिडम टु नेपाल्स डेमोक्रेसी' पुस्तकको नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधि, कांग्रेस केन्द्रीय सदस्य जीवन परियार, फिल्म निर्माता तथा निर्देशक यादव खरेल लगायतले काठमाडौंमा विमोचन गरेका छन् । पुस्तकमाथि टिप्पणी गर्दै कांग्रेस उपसभापति निधिले कांग्रेसको संस्थापकको हिसाबले पनि नेपाली कांग्रेसका साथीहरूले डिबी परियारलाई 'स्यालुट' गर्नुपर्ने बताए । कृतिमा काठमाडौंको बसन्तपुरमा जन्मेका परिहारको बालापन, उनीमाथि तात्कालिन राणाशासकहरूले गरेको व्यवहार, भारतको स्वतन्त्र संग्राममा उनको संलग्नताको साथै नेपालको प्रजातान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदान बारे स्पष्ट पारिएको छ । कृतिको सम्पादन गरेका शंकर तिवारीले भारतको दिल्लीस्थित पुस्तकालयमा फेला परेको हस्तलिखित मनोग्राफीलाई परिवारका सदस्यको अनुमति लिएर अनुवाद गरेका हुन् । सम्पादक तिवारीले यो मनोग्राफीले नयाँ पुस्तालाई नेपालको प्रजातान्त्रिक इतिहास, त्यसमा उनको योगदान तथा दलित अभियन्ता लगायतबारे जानकारी प्राप्त गर्ने विश्वास गरे ।

# संयुक्त 'अभ्यास सूर्यकिरण–१३' सम्पन्न


संयुक्त 'अभ्यास सूर्यकिरण–१३' मा सहभागी फौजहरू

काठमाडौं । प्रतिविद्रोह तथा प्रतिआतंकवाद र विपद् व्यवस्थापन सम्बन्धि विषयहरू समावेश गरि मित्रराष्ट्र भारतको पिथौरागढमा मिति जेठ १६ गतेदेखि सञ्चालन भएको नेपाली सेना र भारतीय सेना बीचको संयुक्त 'अभ्यास सूर्यकिरण–१३' समापन भएको छ । भारतको मिजरममा मिति २०६७ सालबाट पहिलो पटक सुरू भएको यो संयुक्त अभ्यास हाल एक/एक वर्षको अन्तरालमा नेपाल र भारतमा सञ्चालन हुने गर्दछ । अभ्यासमा नेपाली सेनाको तर्फबाट 'गोरख बक्स गण'का प्रमुख सेनानी तिलक बहादुर थापा क्षेत्रीको कमाण्डमा ३०० फौज (१ सेक्सन महिलासहित) र भारतीय सेनाको तर्फबाट '१३ जम्मुकस्मिर राइफल्स'का महा सेनानी निपुन कृष्णनको कमाण्डमा ३०० फौज सहभागी भएका थिए ।
नेपाली सेनाको तर्फबाट संयुक्त अभ्यासको पर्यवेक्षकको रूपमा गएका मध्य पश्चिम पृतनापति उपरथी राजेन्द्र कार्की र भारतीय सेनाको तर्फबाट उत्तर भारत एरिया हेर्डक्वाटर्सका चिफ अफ स्टाफ उपरथी नीरज वर्माले 'अभ्यास सूर्यकिरण–१३' को संयुक्त रूपमा समापन गर्दै सम्बोधनको क्रममा उनीहरूले यस्ता अभ्यासबाट दुई देशका सेनाको पेशागत ज्ञान अभिवृद्धि भई दुई देशको सम्बन्ध अझै प्रगाढ हुने विश्वास व्यक्त गरेका थिए । साथै अभ्यास सफलतापूर्वक सम्पन्न गरेकोमा अभ्यासमा सहभागी फौजहरूलाई बधाई समेत दिएका थिए ।
यस संयुक्त अभ्यासमा नेपाली सेना र भारतीय सेनाबीच सैद्धान्तिक, व्यावहारिक र विशेष अनुभवहरूको आदान प्रदान भएको थियो । दुई देशका सेनाबीच सम्पन्न सैनिक अभ्यासले सदियौंदेखि कायम रहेको मैत्रिपूर्ण पारस्परिक सम्बन्धलाई अझ बढी प्रगाढ बनाउनुका साथै द्विपक्षीय सकलदर्जाहरू बीचको समझदारीमा अभिवृद्धि हुने विश्वास नेपाली सेनाले लिएको जनाइएको छ ।

# महिला सैनिकबीच प्रतिआतंकवाद अभ्यास

काठमाडौं । प्रतिविद्रोह, प्रतिआतंकवाद र जंगल वारफेयर सम्वन्धी नेपाल-भारत संयुक्त सैन्य अभ्यासमा पहिलो पटक नौ जना महिला सैनिक सहभागी भएका छन् । नेपाल-भारत संयुक्त सैन्य अभ्यास एक्स सूर्य किरणको १३ औं शृङ्खलामा नेपाली सेनाका तर्फबाट एक महिला अधिकृत सहित ९ जना सहभागी रहेका हुन् ।एक्स सूर्य किरण प्रतिविद्रोह तथा जंगल वारफेयर, प्राकृतिक विपत्ति र प्रतिआतंकवादमा हेलिकोप्टरको समेत प्रयोग गरी सञ्चालन हुने सैन्य अभ्यास हो । नेपाल र भारतमा आलोपालो रूपमा सञ्चालन भइरहेको अभ्यासमा यसपटक नेपाली सेनाका ३ सय जना अधिकृत र जवान सहभागी छन् । तीमध्ये ९ जना महिला अधिकृत र जवान सहभागी छन् । सैनिक प्रवक्ता सहायक रथी गोकुल भण्डारीले पहिलो पटक महिला अधिकृत र जवानको सहभागिता भएको बताए । उनका अनुसार नेपालमा सम्पन्न एक्स सूर्य किरणको १२ औं शृङ्खलामा महिला अधिकृत र जवानको सहभागिता रहे पनि भारतमा पहिलो पटक सहभागिता रहेको हो ।
यस अभ्यासले नेपाली सेना र भारतीय सेनाको सैद्धान्तिक, व्यवहारिक र विशेष अनुभवहरूको आदान-प्रदान सैनिक संगठनको तल्लो निकायसम्म पुऱ्याउन सहयोग पुग्ने विश्वास सेनाले लिएको छ । नेपाल-भारत संयुक्त सैन्य अभ्यासको १३ औं शृङखला भारतको पिथौरागढमा भएको हो ।

# प्रधानसेनापति क्षत्री स्वदेश फिर्ता

काठमाडौं । भारतीय सेनाका सेनाध्यक्ष जनरल बिपिन रावतको औपचारिक निमन्त्रणामा ६ दिने भारतको औपचारिक भ्रमण सम्पन्न गरी प्रधानसेनापति राजेन्द्र क्षत्री सोमबार स्वदेश फिर्ता भएका छन् । उनलाई बलाधिकृत रथी पूर्णचन्द्र थापाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए । भ्रमणको क्रममा उनले भारतका रक्षामन्त्री, रक्षा सचिव, राष्ट्रिय सुरक्षा सल्लाहकार, जल सह सेनाध्यक्षसहित अन्य उच्च पदस्थ अधिकारीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । साथै उनले नयाँदिल्लीमा रहेको अमर जवान ज्योति शहीद स्मारक, देहरादुनमा रहेको खलंगा वीर गोर्खाली शहीद स्मारक (Khalanga War Memorial) र ओडिसा राज्यको आर्मी एयर डिफेन्समा रहेको शहीद स्मारकमा माल्यार्पण गरेका थिए । प्रधानसेनापति क्षत्री भारतीय सेनाका मानार्थ महारथी (Honorary General) समेत हुन् ।

# मौलिक सीप साटासाट गरिने

काठमाडौं । नेपाल र भारतका कलाकारले मौलिक कलाका सीप साटासाट गर्ने भएका छन् । ठमेलस्थित मिथिला ऐं आर्ट ग्यालरीमा ६ दिनसम्म चलेको कला प्रदर्शनीमा भारतीय कलाकार र नेपाली कलाकारबीच मौलिकता साटासाट गर्ने सहमति भएको हो । प्रदर्शनीमा भारतीय कलाकार महाबिर बर्मा र मुकेश विजोलीले बनाएका लोकशैलीका कला प्रदर्शनीमा राखेका थिए । कलाकार बर्माले राजस्थानका स्थानीय जातिको हाउभाउ झल्किने कला प्रदर्शनी गरेका थिए । त्यस्तै कलाकार मुकेश विजोलीले स्थानीय लोक नृत्यलाई टपक्क टिपेर आधुनिक लोकशैलीमा ढालेका छन् । प्रदर्शनीमा नेपालको तर्फबाट मुकेश मल्ल समुन्द्रमानसिंह श्रेष्ठ, उदय बज्राचार्य, ज्योति प्रकाश बिके, राधेश्याम मुल्मी लगायतले भाग लिएका थिए ।

# फेस्टिभलमा नेपाल सहभागी

काठमाडौं । भारतको कलकत्ता इन्टरनेशनल चिल्ड्रेन थिएटर फेस्टिभलमा नेपालको तर्फबाट रंगकर्मी केदार श्रेष्ठ लिखित तथा निर्देशित नाटक 'उपियाँको निवन्ध' मञ्चन हुने भएको छ । थिएटर मल, प्रेरणा विद्याश्रम हरिसिद्धि र थिएटर सेन्टर फर चिल्ड्रेन (टिसीसी नेपाल)को सो नाटक जुन १८ मा कलकत्तास्थित पश्चिम बंगालको एकेडेमी अफ फाइन आर्टको हलमा मञ्चन हुनेछ । कलकत्ता इन्टरनेशनल चिल्ड्रेन थिएटर फेस्टिभलमा नाटक 'उपियाँको निवन्ध'को ४० औं मञ्चन हुनेछ ।

# राजर्षि जनक विश्वविद्यालय प्राविधिक शिक्षामा केन्द्रित हुनुपर्ने : मुख्यमन्त्री

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले नव स्थापित राजर्षि जनक विश्वविद्यालय प्रदेश नं. २ लाई शैक्षिक हब बनाउन सहायक हुने बताएका छन् । शनिबार जनकपुरमा आयोजित राजर्षि जनक विश्वविद्यालयको दृष्टिकोण, उद्देश्य र लक्ष्य विषयक अन्तरक्रिया कार्यक्रममा विश्वविद्यालयका सहकुलपति समेत रहेका मुख्यमन्त्री राउतले परम्परागत शिक्षाले प्रदेशलाई समृद्ध बनाउन नसक्ने उल्लेख गर्दै यस विश्वविद्यालयलाई प्राविधिक शिक्षामा केन्द्रित हुनु पर्ने बताए । मुख्यमन्त्री राउतले प्रदेश सरकार यस प्रदेशलाई नै प्राविधिक शिक्षाको हवको रूपमा विकास गर्ने निति लिएकाले सो नीतिलाई व्यवहारमा ल्याउन राजर्षि जनक विश्वविद्यालयको भूमिका प्रमुख रहने बताए । लामो प्रयास पछि स्थापित विश्वविद्यालयको स्थापनामा भूमिका निर्वाह गर्ने राजनीतिक कर्मी र विद्वत वर्गलाई धन्यवाद दिँदै मुख्यमन्त्री राउतले राजर्षि जनक विश्वविद्यालयलाई उत्कृष्ट बनाउन प्रदेश सरकारले हरसम्भव प्रयासगर्ने प्रतिबद्धता जनाए । विश्वविद्यालयका उपकुलपति प्रा. भरत झाको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा डा. सदन भगतले विषय प्रवेश गराएका थिए भने विश्व विद्यालय सेवा आयोगका अध्यक्ष प्रा. डा. शैलेन्द्र लाभ कर्ण, नेपाली काँग्रेस धनुषाका सभापति महेश शंकर गिरी, फोरम नेपालका धनुषा उपाध्यक्ष दिनेश यादव, विश्वविद्यालयका रजिष्ट्रार महेन्द्र यादव सहितका वक्ताहरूले सम्बोधन गरेका थिए ।

# धनुषामा सेनाको फायरिङ्ग अभ्यास



जनकपुरधाम । प्रधान सेनापति राजेन्द्र क्षत्रीले धनुषा जिल्लाको भिमानमा सञ्चालित एयर डिफेन्स फिल्ड फायरीङ्ग अभ्यासको निरीक्षण गरेका छन् । निरीक्षणकै क्रममा उनले अभ्यास इलाकाको स्थलगत वस्तुस्थिति र बन्दोबस्ती लगायत अन्य विविध पक्षबारे जानकारी हासिल गरेको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ । फायरिङ्ग अभ्यासमा सहभागी फौजहरूले गरेको प्रदर्शनको अवलोकन पश्चात उनले सहभागी फौजलाई सम्बोधन समेत गरेका थिए । सम्बोधनको क्रममा क्षत्रीले यस प्रकारको अभ्यासले फौजको पेशागत ज्ञान तथा दक्षता अभिवृद्धि हुन जाने विश्वास व्यक्त गरे ।

## आर्थिक समाचार

# ९२ लाख ग्राहकसँग स्मार्टफोन : एनसेल

काठमाडौं । एनसेलको नेटवर्कमा झण्डै ९२ लाख ग्राहकले स्मार्टफोन प्रयोग गर्ने गरेको पाइएको छ । यो संख्या एनसेलको कुल ग्राहक संख्याको ५६ प्रतिशत रहेको कम्पनीको मुख्य लगानीकर्ता मलेसियन कम्पनी आजियाटाले सार्वजनिक गरेको सन् २०१८ को पहिलो त्रैमासिक वित्तिय प्रतिवेदनले जनाएको छ । एनसेलको कुल ग्राहक संख्या एक करोड ६४ लाख रहेको छ । यस हिसाबले कुल ग्राहक मध्यबाट झण्डै ९२ लाख जनाले स्मार्टफोनको प्रगोग गर्ने गरेका छन् । गत वर्ष सोही अबधिको तुलनामा एनसेल नेटवर्कमा स्मार्टफोन प्रयोगकर्ता संख्या १२ प्रतिशत बिन्दुले बढेर ५६ प्रतिशत पुगेको हो । सन् २०१७ को पहिलो त्रैमासिकमा ४४ प्रतिशत ग्राहकले स्मार्टफोन प्रयोग गर्ने गरका थिए । पछिल्लो वर्षहरूमा स्मार्टफोनका साथै इन्टरनेटको मुल्यमा गिरावटका कारण स्मार्टफोन र डाटा प्रयोग गर्ने उपभोत्ताको संख्या उल्लेख्य रूपमा बढिरहेको छ । आजियाटाको लगानी रहेको दक्षिण एसियाका अन्य कम्पनीहरू जस्तै बंगलादेशको रोबी र श्रीलंकाको डायलगकै तुलनामा पनि एनसेलमा धेरै स्मार्टफोन प्रगोगकर्ताहरू रहेकाछन् । सन् २०१८ को पहिलो त्रैमासिक सम्ममा रोबी ४० र डायलग ५३ प्रतिशत ग्राहकले स्मार्टफोन प्रयोग गर्छन् । विगत एक वर्षकै अवधिमा एनसेलले प्रविधि तटस्थता अर्न्तगत थ्रिजी इन्टरनेटको व्यापक विस्तार गरेको र फोरजी सेवा पनि काठमाण्डौ उपत्यकाका तीन शहर सहित २१ शहरहरूमा विस्तार गरेको लगायतका कारणहरूले गर्दा एनसेलको नेटवर्कमा स्मार्टफोन प्रयोगगर्नेहरू बढेको हो । एनसेलको फोरजी देशकै बृहद फोरजी नेटवर्कको रूपमा पनि चिनिन्छ । एनसेलले आफ्नो थ्रिजी सेवा ५४ प्रतिशत जनसंख्याको पहुँचभित्र पुर्याई सकेको छ र उसको फोरजी पनि १५ प्रतिशत भन्दा बढि जनसंख्या माझ पुगिसकेको छ । एनसेलले गतवर्ष जेठ १८ गतेबाट आफ्नो फोरजी सेवाको शुरूवात गरेको थियो । कम्पनीका झण्डै ४६ प्रतिशत ग्राहकले डाटा सेवा लिएको वित्तिय प्रतिवेदनमा उल्लेख छ ।

# आइएमईले १८औं वार्षिकोत्सव मनायो



काठमाडौं । आइएमईले १७औं वर्ष पार गरी १८औं वर्षमा प्रवेश गरेको छ । स्थापनाकालदेखि नै साझेदारी व्यवसायलाई मुख्य प्राथमिकता दिँदै आएको आइएमईले १८औं वर्षसम्मको व्यावसायिक यात्रामा देशभित्र करिव २० हजार व्यावसायिक साझेदारहरूको साझा संजाल निर्माण गरेको छ । त्यसैले '१८औं वार्षिकोत्सव साझेदारीको' भन्ने मूल नाराका साथ यसपटकको वार्षिकोत्सव मनाइएको हो । १८औं वर्षसम्म आइपुग्दा आइएमईले रेमिटेन्सको क्षेत्रमा आर्जन गरेको पर्यायवाची नामलाई कायम राखिराखेको छ । आइएमईको शाख, प्रतिष्ठा र विश्वासलाई कायम राखिराख्न परम्परागत रेमिटेन्स सेवालाई समयानुकूल परिमार्जन गर्दै 'आइएमई पे'मार्फत प्रविधिमैत्री डिजिटल रेमिटेन्स सेवाको समेत थालनी गरिसकेको छ । आम सेवाग्राहीहरूको निरन्तर विश्वासले आइएमई नेपालको स्थापित व्यावसायिक समूहमा पर्न सफल भएको छ । रेमिटेन्स, बैङ्क तथा वित्तीय संस्था, अटोमोबाइल, सूचना प्रविधि, बीमा, उर्जा, केबलकार, हस्पिट्यालिटी लगायतका व्यावसायिक क्षेत्रमा आइएमई समूहले लगानी विस्तार गर्दै आइरहेको छ ।

# विद्यालयलाई ग्लोबल आईएमईद्वारा कम्प्युटर सहयोग

काठमाडौं । ग्लोबल आईएमई बैंक लिमिटेडले विद्यालयलाई कम्प्युटर सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत डडेलधुरा जिल्लाको नवदुर्गा गाउँपालिका-२ को भुवनेश्वर माध्यामिक विद्यालय र अमरगढी नगरपालिका-३ को घटाल माध्यामिक विद्यालयलाई पाँच/पाँच थान कम्प्युटर वितरण गरेको हो । डडेलधुरा जिल्लाको शैक्षिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले बैंककी सिनियर रिलेसनसिप म्यानेजर स्वेच्छा राणा र डडेलधुरा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी करूणाकर अवस्थीले ती विद्यालयमा कम्प्युटर वितरण गरेका हुन् ।

# गैरआवासीय मधेशी संघ-यू.ए.ई. द्वारा दुबईमा इफ्तारी कार्यक्रम

काठमाडौं । मुस्लिम धर्मावलम्बीहरूको महान पर्व रमदानको अवसरमा गैरआवासीय मधेशी संघ यू.ए.ई. (एनआरएमए-युएई) द्वारा दुबईको ममजार पार्कमा रोजा गर्नेहरूका लागि रोजा इफ्तारीको कार्यक्रम गरेको थियो । संघले पछिल्लो वर्षझैं यस वर्ष पनि यू.ए.ई. मा रहेका मधेशका मुस्लिम समुदायका व्यक्तिहरूलाई आमन्त्रित गरी सफलतापूर्वक इफ्तारी सम्पन्न विनोद पासवानले जनाएका छन् । कार्यक्रमको अन्तिम सत्रमा संघका वरिष्ठ सलाहकार डा. रविन्द्र कुमार यादवको आग्रहमा गैरआवासीय मधेशी संघका अन्तर्राष्ट्रिय अध्यक्ष बसन्त कुशवाहा, नेपलीज मुस्लिम सोसाइटी-यूएईका वरिष्ठ सलाहकार तनवीर आलम, सोसाइटीका प्रवक्ता शाह नवाज, सोसाइटीका अध्यक्ष फैसल हुसैन र गैरआवासीय मधेशी संघ-यूएई का अध्यक्ष संजय कुमार कर्ण लगायतले रमजानको शुभकामना दिएका थिए ।

# छोराको जीवन रक्षाका लागि गुहार



काठमाडौं । एक २८ महिने बालकको जीवनरक्षाका लागि उनका आमाबुवाले गुहार गरेका छन् । अर्घाखाँची जिल्लाको पाणेनी गाउँपालिका-१, बाँसारूख नवासी रामु परियारले आफ्नो छोराको उपचारमा आर्थिक सहयोगका लागि गुहार गरेका हुन् । परियारका २८ महिने छोरा रनिकको बोन मेरो ट्रान्सप्लान्ट गर्नुपर्ने भएकोले आर्थिक अभावका कारण उपचारमा समस्या भइरहेको पीडा पोखेका छन् । उनको उपचारमा हालसम्म लाखौं रूपैयाँ खर्च भइसकेपनि अझ पनि १७ लाख रूपैयाँ आवश्यक रहेको बताएका छन् । बालकका बुवा रामुले भने, 'आर्थिक अवस्था एकदमै दयनीय रहेकाले उपचार गर्नका लागि रकम अभाव भइरहेको छ । ' आर्थिक सहयोग गरी छोराको ज्यान जोगाइदिन अनुरोधसमेत गरेका छन् । उनले ९८४९७४५६५० मा सम्पर्क गरी आर्थिक सहयोग गर्न सकिने अथवा बैंक अफ काठमाडौंमा खाता नं. ०३४४०००००५००५२४ मा रकम पठाउन सकिने बताएका छन् ।



# मधेशवाणी फेसबुक लाइभ

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित रही मधेश मिडिया हाउसद्वारा सञ्चालित समसायिक बहस कार्यक्रमको प्रत्यक्ष लाइभ कार्यक्रम हेर्न तलको फेसबुक लिंकमा जानुहोस् :

www.facebook.com/madheshvani/

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं